# सामाजिक परिक्षण प्रतिवेदन २०७९/०८०

## मिक्लाजुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय मधुमल्ला, मोरङ
## कोशी प्रदेश, नेपाल

## २०८१ असार

# मिक्लाजुङ गाउँपालिकाको सामाजिक परिक्षण २०८१

# Social Audit 2081

## Miklajung Rural Municipality


## मिक्लाजुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय मधुमल्ला, मोरङ
## कोशी प्रदेश, नेपाल

**परामर्शदाता:**

**पकली टेक्नोलोजी इन्स्टिच्युट प्रा.ली**

**इटहरी, सुनसरी**

## मिक्लाजुङ गाउँपालिकाको नक्सा



# परिच्छेद - एक

## अध्ययनको पृष्ठभुमि, परिचय

### १. अध्ययनको पृष्ठभुमि, परिचय

नेपालको संविधान २०७२ ले सङ्घीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह गरी तिन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानूनबमोजिम हुने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रमा नीति कानून मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार दिएको छ। सिद्धान्त : स्थानीय सरकार जनताको घर दैलोको सरकार हो, स्थानीय जनतासँग निकट सम्वन्ध तथा सम्पर्क भएको सरकार, स्थानीय सरकार हो। अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हुन जान्छ। सुशासनका विभिन्न आयामहरूमध्ये सरकार पक्षको जनताप्रतिको जवाफदेहिता पनि एक हो। जवाफदेहिताका विभिन्न संयन्त्रमध्ये सामाजिक परिक्षण पनि एक महत्वपूर्ण सूचक हो। गाउँपालिकाको आर्थिक वर्ष समाप्त भएपछि सोको सामाजिक लेखाजोखा गर्ने प्रावधान भएकोले स्थानीय निकायहरू जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाहरूले आर्थिक वर्ष समाप्त भएपछि वर्ष भरीका कामहरूको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गर्ने कार्य गर्नुपर्दछ।

नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरूको समग्र विकासको लागि केन्द्रित गर्न विशेष जोड दिदै आएको छ। यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ। स्थानीय निकायको अनुदान रकममा पनि विगतका वर्षहरूमा क्रमश वृद्धि हुँदै गइरहेको वर्तमान अवस्थामा यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ। जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय निकाय भएकोले स्थानीय निकायसँग जनताका इच्छा आकांक्षाहरू बढ्नु स्वाभाविक हो। स्थानीय निकाय तथा स्थानीयसेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र सुशासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ स्थानीय स्तरमा भए गरिएका काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व वहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधिहरूमध्ये सामाजिक परीक्षण पनि एक हो।

सामाजिक परीक्षणलाई स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भनिएको छ। यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय निकायको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकमा सामाजिक परीक्षणलाई एउटा सूचकको रुपमा राखिएको छ। यसले गर्दा पनि स्थानीय निकायहरू आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र सामाजिक परीक्षण गर्नु गराउनु अनिवार्य शर्त जस्तै बनेको छ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययनपश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिने छ। छलफलमा उठेका सवाल जवाफलाई समेत सामाजिक परीक्षणले अन्तिम

प्रतिवेदनमा तयार गर्नुपर्ने छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसङ्ख्या समिति र परिषदमा पेश गरिने छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पक्ष भएकोले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने छ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निष्कर्षहरूले सघाउने विश्वास लिइएको छ ।

## १.१ उद्देश्य

एक आर्थिक वर्षमा नगरपालिका/गाउँपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारीअनुसार सञ्चालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रबिन्दुमा रहने छ । जसअन्तर्गत यस कार्यक्रमका उद्देश्य निम्नानुसार रहेका छन् :

- मिक्लाजुङ गाउँपालिकाको एक आर्थिक वर्षमा समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नुका साथै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, गाउँपालिकाको नीति, योजना र सोअनुसार सञ्चालित कार्यक्रम, सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु,
- गाउँपालिकाको आगामी कार्यदिशा वा कार्यक्रमहरूको पहिचानका लागि सहज बनाउनु ।

## १.२ सामाजिक परीक्षण अध्ययनका विधिहरू

सामाजिक परिक्षण अनुसन्धानात्मक ढङगबाट देहायबमोजिमका विधि तथा क्रियाकलापहरूको प्रयोगद्वारा सञ्चालन गरिएको थियो ।

### क. सन्दर्भ सामग्री समीक्षा र अध्ययन :

- स्थानीय तहसम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य
- आवधिक तथा वार्षिक योजना विषयगत कार्यालयहरूको समेत
- सामाजिक उपलब्धि , कार्य सम्पादन परिणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना
- वार्षिक नीति र कार्यक्रम

- गाउँपालिकाको प्रोफाइल
- वार्षिक प्रतिवेदनहरू  तथा नागरिक वडापत्र
- सामाजिक परिक्षण  कार्यविधि
- मिक्लाजुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम (१-८) २०८०
- गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)
- सामाजिक परिक्षण  कार्यविधि अनुसूची २ र ३ फारम
- स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

**ख. अन्तर्वार्ता र समूह छलफल :**

गाउँपालिकाका पदाधिकारीहरू शाखा प्रमुख, आयोजना प्रमुख विषयगत प्रमुखसँग अर्धसंरचित अन्तर्वार्ता गरिने छ । अन्तर्वार्ताबाट समेत हुन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरिने छ । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्य, दिशाका लागि गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गरिएको छ ।

**ग. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :**

देहायअनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफल पश्चात प्रतिवेदन तयार गरिएको छ ।

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औँल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिवद्धता समय सीमासहित
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

**घ. प्रतिवेदन तयारी :**

छलफलमा उठेको सुझाव तथा निर्णयहरू र कार्य योजनासहित प्रतिवदेन तयार गरिएको छ । विषयगत कार्यालयहरू र गाउँपालिकाको वार्षिक योजनामा समावेश भएका कुराहरूलाई अन्तिम प्रतिवेदनमासमेत समावेस गरिएको छ ।

## १.३ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन र प्रस्तुतिको तयारी :

मिक्लाजुङ गाउँपालिकाको कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ता प्रतिनिधिहरू राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी निर्देशिकाको अनुसूची २ र ३ अनुसारको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । सो प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित गाउँपालिकाका पदाधिकारीहरू कर्मचारीहरू, सरोकारवालाहरू तथा वास्तविक उपभोक्ता प्रतिनिधिहरू (नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू) पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधी, स्थानीय गैरसरकारी संस्था, नागरिक वडा मञ्च, सामूदायिक संस्थाहरू, बुद्धिजीवीहरू र प्रत्यक्ष उपभोक्ताका प्रतिनिधि आदिसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन विभिन्न सञ्चार माध्यमहरूद्धारा सर्वसाधारण नागरिकलाई आमन्त्रण गरिएको थियो । उनिहरूको प्राप्त सुझावहरूलाई आधारमानि अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

## १.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि

निर्देशिकाले तोकेबमोजिम सामाजिक परीक्षणको क्रममा अनुसूची २ र ३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रारम्भिक प्रतिवेदन प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूले उक्त प्रतिवेदन माथि छलफलको माध्यमबाट तथा लिखित रुपमा प्रतिक्रिया तथा सुझाव दिएका र उक्त सूझावहरू सङ्कलन गरिको थियो ।

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,
- गाउँपालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति,
- गाउँपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- गाउँपालिकाले बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर दस्तुर सेवा दिन लगाएको समय र व्यय सम्पादनको स्तर,
- सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिकाको वर्तमान कार्य तथा कार्य शैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

सहभागीले राखेका जिज्ञासा तथा विचारमा थप स्पष्ट पार्ने प्रयास गरिएको थियो । साथै सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सार सङ्क्षेप तयार पारिनुका साथै कार्यक्रममा उठेका विषयवस्तुको टिपोट गरिएको थियो ।

## १.५ सामाजिक परीक्षण आचारसंहिता

सामाजिक परीक्षण प्रतिवदेन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्नअनुसारका आचारसंहिता पालना गर्नुपर्ने कुराहरूको अवगत गराई प्रतिवदेन प्रस्तुत गरिएको थियो।

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।
- तथ्य र सूचनाको आधारमा रहि विचार राख्ने।
- नीजि र व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव र टिप्पणीलाई सकारात्मक रुपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्नो कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

# परिच्छेद - दुई
# मिक्लाजुङ गाउँपालिकाको परिचय

## २. मिक्लाजुङ गाउँपालिकाको परिचय

नेपालको संविधानबमोजिम नेपाल सरकारले स्थानीय तहहरूको पुर्नसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पौष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागु गर्ने निर्णय गरेअनुसार तराईमा रहेका जिल्लाहरूमध्ये संघीय गणतन्त्र नेपालको कोशी प्रदेशमा अवस्थित मोरङ जिल्लाको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक एवं पूर्वाधार विकासको दृष्टिकोणवाट अरू पालिकाभन्दा केही भिन्न रूपमा यो पालिका रहेको छ। मिक्लाजुङ गाउँपालिका मोरङ जिल्लाको सदरमुकाम बिराटनगरबाट ६० कि.मि. पूर्व उत्तरतर्फ रहेको छ। ८० % भन्दा बढी भू- भाग पहाडी क्षेत्र र २०% जति भू-भाग समथर भावर तराई रहेको यो गाउँपालिकामा दक्षिणमा उर्लावारी नगरपालिका पर्दछ भने पूर्वमा इलाम र झापा जिल्ला पर्दछ त्यस्तै गरी उत्तरतर्फ धनकुटा र पाँचथर जिल्ला पर्दछ भने पश्चिमतर्फ लेटाङ नगरपालिका पर्दछ ।

यो गाउँपालिका साविकको रमिते खोला गा.वि.स. लाई वडा नं. १, टाँडीका गाविसका वडा नं. १, ६ र ७ नं. वडालाई वडा नं. २, यसै गरी टाँडीका वडा नं. २, ८ र ९ लाई हाल वडा नं. ३, टाँडीका वडा नं. ३, ४ र ५ लाई वडा नं. ४ कायम गरिएको छ। त्यसै गरी जाँते गाविसका वडा नं. ३ र ४ लाई वडा नं. ५, मधुमन्ला गाविसका ४ र ५ वडालाई हालको वडा नं. ६ बनाइएको छ। यसै गरी मधुमल्ला गाविस वडा नं. २ लाई हालको ७ नं. वडा, ३ लाई ८ नं. वडा तथा १ र ६ लाई ९ नं. वडा कायम गरिएको छ। यसरी मोरङ जिल्लाका चार वटा गाविसलाई मिलाएर मिक्लाजुङ गाउँपालिका बनाएको छ।

समुन्द्री सतहबाट ७५ देखि २४१० मिटरको उचाइमा रहेको यस गाउँपालिकामा ८ देखि ३४ डिग्री तापक्रम र १०७० मिलिलिटरसम्म औसत वर्षा हुने देखिन्छ । धर्मालम्वीहरूले धार्मिक स्थलका रुपमा मर्यादा र पूजाआजा गर्दै आएको उच्च पहाडी टाकुरो मिक्लाजुङको नामाकरण परापूर्वकालदेखि त्यस वरपर बसोवास गर्दै आएका राई जातिहरूले गरेको अग्रजहरूले बताउँछन्। राई भाषामा मिकिला भनेको मालिङ्गो र चोम भनेको टुप्पा भनेर उक्त ठाउँमा पहाडी भेगमा पाइने मालिङ्गोको घारीले ढाकिएको उच्च भागमा मालिङ्गोको टुप्पोले ढाकेको हुँदा किमलाचोम राखिएको र अपभ्रंश हुँदै मिक्लाजुङ भएको किम्वदन्ती पाइन्छ। अर्को किम्वदन्तीअनुसार लिम्बू भाषामा मिकिला भनेको आँखा र जोम भनेको आँखाले सिधा देखिने पहाड भएको हुनाले मिक्लाजोमबाट अपभ्रंश हुँदै मिक्लाजुङ भएको भन्ने पाइन्छ। यी दुवै भाषाबाट केही फरक देखिए पनि उच्च पहाडी टाकुरा जहाँबाट धैरै तिरको दृश्यावलोकन गर्न सकिन्छ यस्तो स्थानलाई मिक्लाजुङ भनिएको हो भन्ने तथ्य मिक्लाजुङ टाकुराबाट पूर्वी नेपालका १४ वटा जिल्लाका केही भूभाग देख्न सकिने भएकोबाट पुष्टी हुन्छ।

यस गाउँपालिकामा जातीय जनसख्ङ्याको संरचनालाई हेर्दा विशेष गरी ब्राम्मण, क्षेत्री, राई, लिम्बू, तामाङ, मगर, नेवारका, विश्वकर्मा र दमाई आदि विभिन्न समुदायको मानिसहरूको बसोबास रहेको पाइन्छ भने यस

गाउँपालिकामा भाषिक रूपमा नेपाली भाषा सबैभन्दा बढी प्रयोगको रूपमा रहेको छ। त्यस्तै गरी वान्तवा, राई, लिम्बू, तामाङ, मगर, चाम्लिङ र नेवार भाषाको पनि प्रयोग भएको देखिन्छ। यो गाउँपालिका तराई र पहाड मिलेर बनेको सांस्कृतिक हिसावले धनी गाउँपालिका हो। यो गाउँपालिकाको २६२० हेक्टर जमिन अर्थात ५५% क्षेत्र कृषियोग्य रहेको छ। यहाँ बसोबास गर्ने ८०% मानिसहरू कृषिमा आधारित छन् तर कृषिको आधुनिकीकरण र कृषि बजारको उचित व्यवस्थापन भने नभएको गाउँपालिकाभित्र यो पर्दछ। सडक सञ्जालको हिसावले यो गाउँपालिकामा कालो पत्रे सडक पुगेको छ। यस गाउँपालिकाले १५८.९८ वर्ग कि.मी. क्षेत्र ओगटेको छ।

## २.१ गाउँपालिकाको भौगोलिक स्थिति

यो गाउँपालिका मोरङ जिल्लाका पालिकाहरूमध्ये ज्यादा पहाड र थोरै तराई क्षेत्र भएको पालिकामा पर्दछ। यसको पहाडी भाग दक्षिणतर्फ मोहोडा पर्किएको छ। यसको उत्तरतर्फ विभिन्न चुचुराहरू रहेका छन्। यीमध्ये सबैभन्दा अग्लो चुचुरा मिक्लाजुङ हो। यो चुचुरा पाँचथर, इलाम र धनकुटाको सिमाना पनि हो। यस गाउँपालिकाभित्र पर्ने साविक मधुमल्ला, टाँडी र जाँतेका केही भाग भावर क्षेत्रसम्म फैलिएका छ। यस गाउँपालिकामा कुल ७९६९ घरधुरीमा ८३९० घरपरिवार बसोबास गरिरहेका छन्, जसमा १७२४१ जना महिला र १६०७४ जना पुरूष गरी ३३३१५ (नेपालको जनगणना २०७८ अनुसार) कुल जनसङ्ख्या रहेको छ। यस नगरपालिकामा धार्मिक परम्पराअनुसार हिन्दू, बौद्ध, मुस्लिम र क्रिस्चियनहरूको बसोबास रहेको पाइन्छ। यस क्षेत्रमा सांस्कृतिक धार्मिक सम्पदाहरू रहनुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि अत्याधिक रमणीय स्थानहरू हुनु यस गाउँपालिकाको गौरवको विषय हो। कृषि योग्य जमिन र प्राकृतिक स्रोत साधन तथा यिनै स्रोत साधनलाई प्रयोग गरेर गाउँपालिकाले गाउँपालिकाको साथसाथै गाउँबासीहरूको समृद्धि हासिल गर्न सक्दछ। गाउँको समुचित विकास गर्नका लागि बहुउद्देश्यीय तथा पञ्चवर्षीय योजनाहरू तर्जुमा गरी गाउँ विकासको योजना बनाउनु यो गाउँपालिकाको आजको आवश्यकता हो। लेखडाँडा, बतासे डाँडा तथा रमितेडाँडा यस क्षेत्रका प्रमुख पर्यटकीय स्थल रहेकोले यसको ठूलो महत्व रहेको छ।

## २.२ स्थानीय तहको गठन

नेपालको संविधान २०७२ जारीपश्चात् संविधानअनुसार बनेको आयोगले नयाँ संरचनाको स्थानीय तह निर्माण गर्दा मोरङ जिल्लाको साविकका ४ वटा गाउँ विकास समितिहरू (रमिते खोला, मधुमल्ला, टाँडी र जाँते) मिलाएर सोही जिल्लाको मधुमल्ला बजारलाई केन्द्र बनाएर यो गाउँपालिकाको स्थापना भएको हो।

| वडा. नं | समावेस भएका गा.वि. स | साविक वडा नं | कैफियत | वडा. नं | समावेस भएका गा.वि. स | साविक वडा नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रमिते खोला | १-९ | | ६ | मधुमल्ला | ४-५ | |
| २ | टाँडी | १,६,७ | | ७ | मधुमल्ला | २ | |
| ३ | टाँडी | २,८,९ | | ८ | मधुमल्ला | ३ | |
| ४ | टाँडी | ३-५ | | ९ | मधुमल्ला | १,६ | |
| ५ | जाँते | ३-४ | | | | | |

## २.३ भौतिक पूर्वाधारको अवस्था

गाउँ विकासको विद्यमान स्थितिको चित्रण गर्ने, गाउँ विकासका सरोकारवाला तथा साझेदार (सरकारी, निजी, गैरसरकारी र नागरिक) निकायबीच समन्वय, सहकार्य तथा साझेदारी विकास गर्ने, स्थानीय तथा बाह्य श्रोत साधनको पहिचान तथा परिचालन गर्ने, गाउँपालिका विकासका आवश्यकता र सम्भावनाहरूका आधारमा गाउँपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरूमा गाउँपालिका अध्यक्षको प्रमुख दायित्व रहेको छ । गाउँपालिकाभित्र नयाँ बस्ती विकास भइरहेको भए तापनि बस्ती विकास योजना तयार भएको छैन। हाल विकास भइरहेका बजार क्षेत्रहरूमा समेत ढल निकासको राम्रो व्यवस्था हुन सकेको छैन साथै स्वच्छ खानेपानी आपूर्तिको सवाल बढी महत्वपूर्ण देखिन्छ । खानेपानी सेवाबाट विमुख समुदायमा यथाशक्य छिटो नयाँ खानेपानी आयोजना व्यवस्था गरी गाउँपालिकाभित्रका सबै घरधुरीमा नियमित रुपमा स्वच्छ र पर्याप्त खानेपानी आपूर्तिको सुनिश्चित गर्नु वर्तमानको आवश्यकता भएको छ। खेतीयोग्य जमीन प्रसस्त भए तापनि व्यवसायिक रुपमा खेती हुन सकेको छैन। पशुपालनका लागि उपयुक्त भौगोलिक बनावट भए तापनि पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न सकिएको छैन। वनजङ्गलको यथोचित प्रयोग हुन नसक्नु तथा बनजङ्गलको दोहन दिन प्रतिदिन बढ्दै गएको छ। भावी सन्ततिका लागि यसको विविधताको संरक्षण गर्नु, जैविक विविधताको उपयोग गर्नुपर्ने आवश्यकता छ । वनजङ्गलको विनासबाट उत्पन्न समस्या दिनानुदिन बढ्दै गएको छ । शैक्षिक गुणस्तर हालसम्म पनि कमजोरनै रहेको छ । सामूदायिक विद्यालयहरूको सिकाइ विधि, विद्यार्थीको सिक्ने क्षमता, तालिम प्राप्त शिक्षक, इमान्दार र वफादारीपूर्ण प्रभावकारी सेवा प्रवाह गर्नु शिक्षा क्षेत्रका चुनौति रहेका छन् । त्यस्तै गाउँपालिका क्षेत्रको आफ्नो पक्की सडक प्रशस्त नभएकोले योजना छनौटमा यसलाई प्राथमिकतामा पार्न खोजिदैछ। पालिकाको विकासका लागि युवाशक्तिको परिचालन गरी सम्पूर्ण चुनौतिहरूलाई पन्छाउदै समृद्ध,

समुन्नत, सुन्दर हरियाली सहितको गाउँपालिका निर्माणमा एक भएर लाग्नु पर्ने भएको छ उत्कृष्ट विद्यालय, स्वास्थ्यकेन्द्र र शान्ति सुरक्षाका लागि केहि सुधारका कार्यहरू गरेमा यस क्षेत्रको शिक्षा तथा स्वास्थ्यको स्थितिमा मोरङ जिल्लाकै उत्कृष्ट गाउँपालिका हुन सक्नेछ । मानव विकासका सूचकहरू अध्ययन गर्दा यो गाउँपालिका सामाजिक विकासमा अब्बलनै देखिएको छ । बहुजातजाति, बहुसभ्यता, बहुभाषा, बहुधार्मिक भएको यो गाउँपालिकामा पर्यटन पूर्वाधारको पनि राम्रो सम्भावना रहेको छ । त्यस्तै बजार र सडक पूर्वाधार भएको यस गाउँपालिकामा व्यापार, उद्योग धन्दा, कलकारखानाको पनि राम्रो सम्भावना रहेको छ । हाल यस क्षेत्रमा दाल, चामल, म.म., साबुन, बेकरी, बिष्कुट उद्योगहरू सञ्चालनमा रहेका छन् । समग्रमा मिक्लाजुङ गाउँपालिकाको चिनारी भन्नु पर्दा पहाड र सँगै जोडिएको तराईको मैदान र त्यस क्षेत्रमा हुने कृषि पेशालाई नै महत्व दिनु पर्ने देखिन्छ ।

## २.४ आर्थिक तथा सामाजिक अवस्था

गत आर्थिक वर्षदेखि गाउँपालिकाले सामुयिक सिकाइ केन्द्रमार्फत कार्यपालिका कार्यालयको काममा सहजता ल्याउन सूचना, परामर्श र निःशूल्क फोटोकपीसहित आन्तरिक सहायता कक्षा सञ्चालन गर्नुका साथै ९ वटै वडा कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था गरेको छ । यस गाउँपालिकाले गाउँपालिका कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य संस्था, सहकारी तथा विद्यालयहरूमा समेत गुनासो सुन्ने तथा सूचना सम्प्रेषणका लागि सूचना अधिकारीको व्यवस्था गरेको देखियो । यस गाउँपालिका भित्रका ९ वटै वडा कार्यालयका पक्की भवन निमार्ण भइसकेको देखिन्छ । समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्नु पनि यस गाउँपालिकाको सबल पक्ष रहेको बुझ्न सकिन्छ । गाउँपालिका तथा वडा कार्यालयका कामहरू सम्पूर्ण गाउँपालिका बासीहरूमा पुगोस् भन्नाका लागि फेसबुक पेज तथा वेवसाइडमा राख्ने तथा समय समयमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने जस्ता कार्यहरू यस गाउँपालिकाले गर्दै आएको छ । यस्ता कार्यले यो गाउँपालिका सुशासन र संस्थागत क्षमतामा अव्वल रहेको देखिन्छ । विभिन्न जातजातिको बाक्लो बसोबास रहेको यस क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहको पठनपाठन सुरू गरिएको छ । कक्षा १२ को राष्टिय परीक्षा वोर्डको परिक्षा केन्द्र सञ्चालनका साथै कक्षा ११ मा विज्ञान विषयको पठनपाठनसमेत सञ्चालन भइरहेको छ । यसै गरी बालविकास केन्द्र सामूदायिक विद्यालयहरू, सामूदायिक अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरू, कृषि बजार र प्रहरी चौकीहरू केही पुराना र केही नयाँ पक्की भवनमा रहेको देखियो । लघुउद्यम तथा साना उद्योगहरू जस्तै बिस्कुट उद्योग, म.म. उद्योग, मिल, तेल डिपो, दुधको उद्योग, बाख्रा, बङ्गुर र कुखरा फर्म, लगायतको उद्योग तथा कलकारखानाहरू यस क्षेत्रमा रहेका छन् । यस गाउँपालिका भित्रको मुख्य बजारको रुपमा मधुमल्ला बजार अवस्थित छ ।

# परिच्छेद-तीन

## स्थानीय तह सञ्चालनसम्बन्धी विद्यमान व्यवस्था

### ३. स्थानीय तह सञ्चालन र यसको अधिकार:

नेपालमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरी संविधान सभाबाट नेपालको संविधान २०७२ पारित गरी जारी गरेको छ। सोही संविधानको मर्म र सिद्धान्तलाई कार्यान्वयन र २०६२\०६३ सालको जनआन्दोलनको उपज, नेपालको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरेको छ। राज्य शक्तिको प्रयोग उक्त तीनवटै तहबाट एकल तथा सहकार्यात्मक ढङ्गले हुने गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा विभिन्न तहका अधिकारहरू बाँडफाँड गरिएको छ। संविधानप्रदत्त अधिकारहरूको अभ्यासका लागि सक्षम तथा सुदृढ स्थानीय तहको संरचना तयार पार्ने उद्देश्यले संविधानको धारा २९५(३) अनुसार नगरपालिका, गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोग गठन भएको थियो।

यसरी संघीयता राज्यको पुर्नसंरचनाको एक महत्वपूर्ण पक्ष र शासन प्रणालीको रुपमा रहेको छ। एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गर्दा स्थानीय तहमा के कस्ता काम, कर्तव्य र अधिकारहरू छन् भन्ने विषयमा व्यापक अन्यौल भएका कारण छलफल हुनुपर्ने देखिन्छ। स्थानीय तह र त्यसको काम कर्तव्य र अधिकारबारे तल चर्चा गरिएको छ।

### ३.१ स्थानीय तहको संरचना

नेपालको संविधान २०७२ अनुसार स्थानीय तह भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला सभालाई सम्झनुपर्छ। गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारिणी अङ्ग गाउँकार्यपालिका हुन्छ भने व्यवस्थापकीय कार्य गर्ने अङ्ग गाउँसभा हो।

#### क) गाउँसभा

#### अ) गाउँसभा

गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित हुने ४ जना वडा सदस्य (२ महिला र १ दलित सदस्यसहित) गाउँपालिकाका दलित र अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका २ जना सदस्यसहित ४९ जनाको गाउँसभा बन्नेछ । दलहरूले दुईजना महिला वडा सदस्यको लागि मनोनयन पत्र दर्ता गर्दा एक जना दलित महिलाको नाम समावेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ तर एक जना मात्र महिला सदस्यको लागि मनोनयन पत्र दर्ता गर्ने दलले दलित महिलाको नाम समावेश नगरे पनि हुने व्यवस्था रहेको छ।

### आ) गाउँकार्यपालिका

गाउँकार्यपालिकामा एकजना अध्यक्ष, एक उपाध्यक्ष, गाँउपालिकाका प्रत्येक वडाका वडा अध्यक्षहरू नगरसभालाई आफूमध्येबाट निर्वाचित गरेको ४ जना महिला सदस्यहरू र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेको २ जना सदस्यहरू मिलेर गाउँकार्यपालिका बन्दछ।

### ख) जिल्ला सभा

जिल्ला भित्रका विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सोको अनुगमन गर्ने तथा जिल्लामा रहने सङ्घीय र प्रदेशिक सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वयन गर्नको लागि एक जिल्ला समन्वयन समिति हुन्छ । सम्बन्धित जिल्ला भित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरू सदस्य रहेको जिल्लासभा बन्छ। जिल्ला सभाले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको समन्वय गर्ने कार्य गर्दछ

जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा ९ जना सदस्य निर्वाचत गरी जिल्ला समन्वय समिति बनाउँछ। जसमा जिल्ला सभाका सदस्यहरू साथै जिल्ला भित्रका गाउँसभा र नगरसभाका सदस्यहरूले समेत उम्मेदवारी दिन पाउने ब्यवस्था गरेको छ। जिल्ला समन्वय समितिले जिल्ला सभाले गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्दछ।

## ३.२ स्थानीय तहको काम कर्तव्य र अधिकार

### १. न्याय सम्पादनको भूमिका

स्थानीय तह कार्यान्वयनसँगै अब सामान्य झैझगडा असहमति र मुद्दा मामिलाका विषयलाई लिएर जिल्ला अदालत जाने झन्झट अन्त्य भएको छ । अब गाउँपालिकाको उपाध्यक्ष अथवा नगरपालिकाको उपप्रमुखले एक हदसम्म न्यायाधीशको भूमिका खेल्नेछन् । नयाँ संविधानको आधारमा गठन भएको स्थानीय तहको संरचनाले जिल्लाबाट मात्र मुद्दाको छिनोफानो हुने व्यवस्था खारेज गरेको छ। संविधानको धारा २१७ बमोजिम अब हरेक स्थानीय तहमा एक न्यायिक समिति गठन हुनेछ। यस्तो न्यायिक समिति स्थानीय तहको निर्वाचन पछि गाउँ\नगर सभाले गठन गर्नेछ। गाउँपालिकको उपाध्यक्षको अथवा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा हरेक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन हुनेछ। उक्त समितिमा गाउँसभा अथवा नगरसभाले आफूमध्येबाट निर्वाचित गरेको २ जना सदस्यलाई न्यायिक समितिको सदस्य छनौट गर्नेछ। त्यसरी गठन हुने न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला जग्गा जमिन अंशबण्डा विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने छ । तर यस्तो न्यायिक समितिले हत्या, गाली बेइज्जती, सार्वजनिक अपराध जस्ता फौजदारी प्रकृतिका मुद्दाहरूको फैसला गर्न सक्दैन। न्यायिक समितिले गरेको मुद्दाको फैसलामा चित्त नबुझेमा त्यस्तो पक्षले उच्च अदालतमा पुनराबेदन दिन सक्ने व्यवस्था गरिएको छ।

## २. नगरप्रहरी

स्थानीय तहमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने कार्य अब स्थानीय तहको मुख्य जिम्मेवारीको रुपमा संविधानले सुम्पेको छ । स्थानीय प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न सरकारले लागु गरेका नीति, कानून मापदण्ड र निर्णय कार्यान्वयन र स्थानीय तहको सम्पति संरक्षण गर्ने, सभा, समारोह, जात्रा, चाँडपर्व, बजार व्यवस्थापन, स्थानीय न्यायिक समितिले गरेको आदेश फैसला कार्यान्वयन, व्यवस्थापन र अपराध रोकथाम लगायतमा सहयोग गर्न स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ ।

## ३. सहकारी संस्था

कृषक, कालिगढ, कम पूँजीवाल र निम्न आय भएका श्रमिक, भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारीताको लागि सञ्चालन गरिने सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था संविधानले गरेको छ । यसभन्दा अगाडि रजिस्ट्रारको अधीनमा हुने सम्पूर्ण कार्य अब स्थानीय तहको जिम्मेवारीमा आएको छ ।

## ४. एफ. एम रेडियो सञ्चालन

स्थानीय तहमा एफ एम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन स्थानीय तहबाटै गरिने व्यवस्था गरिएको छ । एफ. एम. रेडियो राख्ने र प्रयोग गर्ने काम कार्यहरूलाई नियन्त्रण र नियमित गरी शान्ति र सू-व्यवस्था एवं सर्वसाधाण जनताको सदाचार कायम राख्ने जिम्मेवारी पनि स्थानीय तहको हुने छ । रेडियो ऐन २०१४ मा उल्लेखित दफा ५ अनुसार लाइसेन्स प्राप्त गर्न यसअघि नेपाल सरकारवाट तोकिने अधिकारी पनि अब स्थानीय तहबाटै तोकिने छ ।

## ५. राजस्व सङ्कलन

स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यभार पनि स्थानीय तहमा आएको छ । सो व्यस्थापनको लागि स्थानीय निकायले अब आफ्नो क्षेत्र भित्रको सम्पति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेशन शूल्क, सवारी साधन कर, सेवा शूल्क दस्तुर, पर्यटन शूल्क, विज्ञापन कर व्यवसाय कर, भूमिकर दण्ड जरिवाना लगायतका राजस्व सङ्कलनको अधिकार संविधानले नै तोकेको छ । त्यस्तै स्थानीय पूर्वाधार तथा सेवामा निर्धारण र सङ्कलन तथा व्यवस्थापन, ट्रेकिंग र राफ्टिङ्ग शूल्क, स्थानीय राजस्व प्रवर्धनका लागि प्रोत्साहन, राजस्व सूचना

तथा तथ्याङ्कको आदानप्रदान,राजस्व नियन्त्रणसम्बन्धी नीति, कानून मापदण्ड निर्धारण र नियन्त्रणका कामहरू पनि स्थानीय तहबाटै हुनेछ ।

## ६. स्थानीय सेवाको व्यवस्थापन

स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण संयन्त्र हो । यसले नीति कार्यान्वयनको साथै नीति निर्माता तथा नागरिकहरूबीच सेतुको भूमिका समेत निर्वाह गर्दछ । तसर्थ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा नीति मापदण्ड र सेवाशर्त निर्धारण, योजना निर्माण, कार्यान्वयन र नियमन स्थानीय सरकारलाई नै दिएको छ । स्थानीय प्रशासनका काम कारवाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार संविधानले दिएको छ । संविधानको धारा ३०२ लाई समेत आधार मानेर कर्मचारी समायोजनपछि वित्तीय स्रोतको अधीनमा रही आवश्यकताअनुसार स्थानीय सेवाको गठन, सञ्चालन र व्यवस्थापन स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र कृषि विकास लगायतका काम पनि स्थानीय तहको संवैधानिक काम कर्तव्यमा पर्दछ ।

## ७. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

स्थानीय तथ्याङ्कसम्बन्धी नीति कानून र मापदण्ड निर्धारण गर्ने कार्यभार स्थानीय तहको मातहतमा परेको छ । योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पञ्जिकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्किय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य पनि संवैधानिक स्थानीय तहलाई सुम्पेको छ ।

## ८. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

जबसम्म स्थानीय विकासका कदमलाई स्थानीयकरण गर्दै तीव्र बनाइँदैन तबसम्म समग्र देश विकासमा प्रभावकारी नतिजा प्राप्त हुन नसक्ने तथ्यलाई ध्यानमा राखेर संविधानले सहभागितात्मक विकासशैली अबलम्बन गर्ने नीति ल्याएको छ । संविधानले समता र सामाजिक न्यायमा आधारित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन,आदिवासी जनजाति दलित सीमान्तकृत, उत्पीडित वर्ग एवं समुदायको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ ।

## ९. आधारभूत तथा माध्यमिक शिक्षा

स्थानीय क्षेत्रको शैक्षिक क्षेत्रमा द्रुत गतिमा विकास एवं बिस्तारको लागि आवश्यक नीति, योजना र कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रुपमा स्थानीय तहलाई जिम्मेवारी सुम्पेको छ । प्रारम्भिक बाल शिक्षा तथा विद्यालय, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक एवं निरन्तर सिकाइ तथा विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्नेदेखिका कार्यभार स्थानीय तहलाई दिइएको छ।

## १०. आधारभूत स्वास्थ्य र सरसफाई

आधारभूत स्वास्थ र सरसफाईसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवार निकाय संविधानले स्थानीय तहलाई बनाएको छ । स्वास्थ्यसेवा सञ्चालन र प्रवर्धन, अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसञ्चार सेवा, स्थानीय तथा शहरी स्वास्थ्यसेवा सञ्चालन, तथा व्यवस्थापनको काम पनि स्थानीय तहलाई संविधानले जिम्मा दिएको छ।

## ११. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता

स्थानीय वातावरणीय नीति नियमसम्बन्धी संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्ने जनस्तरमा वातावरणीय सचेतना जगाउने, प्रदुषण रोकथाम, प्राकृतिक सम्पति तथा जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी अब स्थानीय तहलाई दिइएको छ । त्यसै गरी स्थानीय व्यापार, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हितसम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने कार्यहरू पनि यसैअन्तर्गत पर्दछ साथै स्थानीय स्तरको व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण र खारेजी तथा नियमन पनि स्थानीय तहबाट हुनेछ।

## १२. सडक, कृषि, सिँचाइ

स्थानीय, ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने । सडक, कृषि, सिँचाइ, तटबन्ध, झोलुङ्गे पुल, पुलेसालगायतको निर्माण र प्रवर्धनबारे गूरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मतसम्भार र नियमन गर्ने । स्थानीय तहमा ट्रलीबस सञ्चालन, राष्ट्रिय रेल पूर्वाधार उपयोग गरी महानगरीय मेट्रोसिटी क्षेत्रभित्र सहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्यका काम पनि स्थानीय तहबाट हुने छन्।

## १३. घर जग्गा धनीपूर्जा वितरण

आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसँग सम्बन्धित स्रेस्ता, नक्सा लगायतका सम्पूर्ण सूचनाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल र सहज सेवा प्रवाह गर्ने, प्रादेशिक मापदण्डबमोजिम स्थानीय घरजग्गा तथा धनीपूर्जा वितरण, लगत व्यवस्थापन, भूमिको वर्गिकरण अनुसारको लगत, जग्गाको विवादको समाधानको काम पनि स्थानीय तहवाटै हुनेछ।

## १४. कृषि तथा पशुपालन

कृषि वस्तुको बढ्दो माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना र सीमान्त वर्गका किसानका लागि आवश्यक कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी मापदण्ड निर्माण गर्ने। कृषि विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम राखी दिगो कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने। कृषिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार स्थानीय तहको हुनेछ।

## १५. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चत गरेको छ। जसले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम समाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। सो नागरिक अधिकारलाई संघ, प्रदेशले निर्धारण गरेको मापदण्डबमोजिम जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन लगाएतका सामाजिक सुरक्षासम्बन्धी काम गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

## १६. बेरोजगारको तथ्याङ्क सङ्कलन

संविधानको धारा ३३ ले नागरिकलाई रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी व्यवस्था गरेको छ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानूनबमोजिम हुनेछ भनी व्यवस्था गरिएकोले अव रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार स्थानीय तहको हुनेछ।

## १७. खानेपानी तथा साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा

स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत् आयोजना र स्थानीय विद्युत् वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन, नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापन लगायतका कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

## १८. विपद व्यवस्थापन

विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। स्थानीय स्तरमा विपद् पूर्वतयारी खोज तथा उद्धार, राहत सामग्रीको पूर्ण भण्डारण र वितरणमा समन्वय गर्ने। विपद् जोखिम क्षेत्रको नक्साङ्कन, बस्तीहरूको पहिचान र स्थान्तरणलगायतका कामहरू गर्ने कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

## १९. जलाधार तथा वन्यजन्तु र खानी तथा खनिज पदार्थको संरक्षण

जलाधार तथा वन्यजन्तुसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। पानीका मुहान संरक्षण, भूसंरक्षण, अनुकूलन खानी तथा खनिजको संरक्षणसम्बन्धी गर्ने काम पनि स्थानीय तहबाटै हुनेछ।

## २०. भाषा संस्कृति र ललितकलाको संरक्षण

भाषा संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड निर्माण र योजना कार्यान्वयन र नियमन, पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालयको संरक्षण स्थानीय तहबाटै हुनेछ। यसरी संवैधानिक व्यवस्था अनुरुपको प्रशासनिक बन्दोवस्तीका साथै कानुनी ,भौतिक, वित्तीय एवं सङ्गठन संरचनादेखि लिएर एकात्मक शासनमा चलेका कामहरूलाई पुर्नसंरचनामा ल्याऊनु चुनौती हो। तसर्थ संघ प्रदेश र स्थानीय सरकारको काम कर्तव्य र अधिकार संविधानको व्यवस्थाअनुसार कार्य विश्लेषण गरी तीनवटै तहमा कार्य जिम्मेवारी हस्तान्तरण भएमा मात्र कार्यसम्पादन शुरुबाट तथा दिगो रुपमा सुचारु हुन सक्छ। सरकारका तहहरूबीच कार्य विभाजन, तीनवटै तहको निर्वाचन, तीनवटै तहको सरकारको सङ्गठन तथा जनशक्ति व्यवस्थापन, सम्पति र दायित्वको बाँडफाँडलाई राजनैतिक दलहरू र जनताले बुझ्न अत्यावश्यक छ। स्थानीय तहमा सुशासन र समुचित विकास गर्ने मुख्य ध्येयले पुरानो संरचना विस्थापन गरेर नयाँ संरचना ल्याउनु मात्र आफैँमा कायापलट हुने होइन। तसर्थ हरेक तहको शासन व्यवस्थापन तथा सञ्चालसम्बन्धी जनतालाई सुसूचित गरी अभिमुखीकरण गर्न अत्यावश्यक छ।

# परिच्छेद - चार

# अध्ययन तथा अवलोकन

## ४. अध्ययन तथा अवलोकन

### ४.१ मिक्लाजुङ गाउँपालिकाको गत आर्थिक वर्षका मुख्य मुख्य उद्देश्य तथा प्राथमिकताहरू

### क) गाउँपालिकाले लिएका उद्देश्यहरूः

मिक्लाजुङ गाउँपालिकाले यस गाउँपालिकालाई दिर्घकालीन सोचमा आधारित समृद्धिको मार्ग प्रशस्त गर्न देहायबमोजिमको लक्ष्य निर्धारण गरेको छः

- कृषिमा नवीनतासहित आधुनिक प्रविधिको प्रयोग गर्दै सामूहिक तथा व्यवसायिक खेती प्रणालीको विकास गर्ने ,
- गुणस्तरिय शिक्षालाई प्राथमिकता दिंदै भौतिक पूर्वाधारको निर्माण गर्ने,
- शिक्षा र स्वास्थ्यमा समयसापेक्ष सुधार गरी दीगो सामाजिक विकासको पूर्वाधारका रुपमा स्थापित गर्ने,
- गाउँपालिकाबाट प्रवाह हुने सेवालाई छिटो छरितो, मित्तव्ययी, पारदर्शी रुपमा प्रवाह गर्दै सुशासन प्रवर्द्धन गर्ने र प्रविधिमैत्री बनाउने,
- गाउँपालिकाप्रति आम नागरिकको आस्थालाई वृद्धि गर्न कार्यसम्पादनमा सुशासन र पारदर्शिता कायम गर्ने,
- लक्षित वर्गका लागि सशक्तिकरण र रोजागारी सिर्जना गरी आत्मनिर्भर बनाउने ।
- आघामी ३ वर्षभित्र दिगो विकासका लागि आवश्यक आर्थिक, सामाजिक, भौतिक, सांस्कृतिक तथा प्रशासनिक पूर्वाधारको जग बसाई आगामी १५ वर्षभित्र मोरङ जिल्लाकै एक सुविधा सम्पन्न गाउँपालिका तथा मधुमल्ला बजारलाई कृषि र पशु बजारको हव सिर्जना गर्ने ।
- मातृ मृत्युदरलाई शून्यमा जार्ने,
- पाइपलाईनबाट शुद्ध खानेपानी वितरणलाई सत प्रतिसत पुर्याउने (विस्तार) गर्ने ।

### ख) प्राथमिकताहरू

- संस्कार सहितको गुणस्तरीय शिक्षा आजको आवश्यकता नारा कार्यान्वयन गर्न शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने।
- गुणस्तरीय सडक पूर्वाधार निर्माण र स्तरोन्नतीसहित आयोजनाहरूको अनुगमन, निर्माण सम्पन्न र फरफारक।
- कृषिको पर्यटन, प्रवद्रन तथा कृषिमा आधुनिकीकरण र व्यवसायीकरण, कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, कृषि उपजको बजारीकरण, कृषि क्षेत्रमा युवाहरूको परिचालन।
- सबै नागरिकमा स्वास्थ्य सेवा, खानेपानि र विद्युत सेवाको पहुँच।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण र वातावरण संरक्षण।
- लक्षित वर्ग, क्षेत्र, समुदायका लागि क्षमता अभिवृद्धि, गरिवी न्यूनीकरण र रोजगारीमा बृद्दी।
- सामाजिक सद्भभाव, सेवा प्रवाहमा प्रभावकारिता, शासकीय क्षमताको अभिवृद्धि र सुशासनसहितको गाउँपालिका निर्माण।
- आन्तरिक स्रोतको अभिवृद्धि गर्दै स्रोतको दिगो व्यवस्थापन र पर्यटनको विकासमा जोड।
- नदी नियन्त्रणका लागि तटबन्धन तथा दिगो सिँचाइ।

### ४.२ गाउँपालिकाका गत आर्थिक वर्षका मुख्य मुख्य उपलब्धिहरू :

मिक्लाजुङ गाउँपालिका मोरङले गत आर्थिक वर्षमा सामाजिक तथा आर्थिक उपलब्धिहरू हासिल गरेको छ। गाउँपालिकाभित्रका विषयगत कार्यालयहरू र गै.स.स.हरूबाट समेत सामाजिक उपलब्धी हासिल गर्न टेवा पुगेको छ। संक्षिप्त रुपमा गाउँपालिकाले हासिल गरेका सामाजिक उपलब्धिहरू तल उल्लेख गरिएको छ।

- गुणस्तरिय शिक्षाकामा जोड दिंदै त्रि.वि.वि को सम्वन्धनमा मिक्लाजुङ क्याम्पस सञ्चालन सुरू गर्नुका साथै कक्षा १२ को परीक्षा केन्द्रको पूर्वाधार तायार भएको।
- स्थानीय पाठ्यक्रमको निर्माण गरी १-८ सम्म लागु गरिएको तथा भाषा र लिपिको संरक्षणका लागि किराँत भाषा लिपि कक्षा सञ्चालन गरिएको।
- नयाँ सडक निर्माण तथा सडक स्तरोन्नतीमा प्राथमिकता दिंदै कच्ची सडक १२ कि.मि. ग्राबेल सडक ६० कि.मि. तथा कालिपत्रे सडक ६.२ कि.मि सम्पन्न भएको।

- हालसम्म गाउँपालिकाभित्र कच्ची सडक ७२ कि.मि. ग्राबेल सडक ४४० कि.मि. तथा कालोपत्रे सडक १८.५७ कि.मि सम्पन्न भइसकेको ।
- भवन निर्माण तर्फ - निर्माण सम्पन्न भवनहरू २ वटा, निर्माणाधिन बहुवर्से भवनहरू ४ वटा तथा स्तरोन्नति भएका ४ वटा रहेका छन् भने पालिकामा हालसम्म २२ वटा निर्माण सम्पन्न, ८ वटा निर्माणाधिन र १३ वटा भवनहरू स्तरोन्नति गरिएका छन् ।
- पुल कल्भर्टहरूमा निर्माण सम्पन्न भएका ७ वटा, निर्माणाधिन रहेका २ वटा तथा हालसम्म निर्माण सम्पन्न भएका पुल कल्भर्टहरू २९ वटा रहेका छन् ।
- पहाडी क्षेत्रमा पर्याप्त जोलुङ्गे पुलको निर्माण गरिनुका साथै बक्राहा नदिमा तटान्द निर्माण ।
- सबै वडाहरूमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रक्रियाबाट सरल र मितव्ययी रूपमा उपलब्ध गराउने परिपाटीको विकास गरिएको ।
- लक्षित तथा सामाजिक समावेशीकरणसम्बन्धी तालिम, कार्यक्रमहरूको सञ्चालन भएको ।
- गाउँपालिकाको कार्यालयअन्तर्गतका वडा कार्यालय, सामूदायिक स्वास्थ्य संस्था तथा विद्यालयहरूमा इन्टरनेट जडान गर्दै लगिएको ।
- अनलाइन प्रणालीमार्फत सबै वडामा घटना दर्ता भइरहेको ।
- कर्मचारीहरूको सूचना प्रविधिसम्बन्धी सीप अभिवृद्धि गर्न हरेक वर्ष सीपमूलक तालिम सञ्चालन गरिरहेको ।
- लक्षित कार्यक्रमको माध्यमबाट महिला, बालबालिका, दलित र आदिवासी जनजाती समुदायको कार्यक्रममा प्रत्यक्ष संलग्नता रहेको ।
- गाउँपालिका बासीहरूमा सरसफाईसम्बन्धी ज्ञान र समन्वय समिति गठन भएको ।
- असहाय बालबालिकाको संरक्षणका लागि अन्य साझेदार निकायसँग समन्वय गरिएको ।
- बेरोजगार व्यक्तिहरूका लागि स्व रोजगारमूलक कार्यक्रम सञ्चालन तथा ९० दिनसम्मको रोजगारी सृजना गरिएको ।
- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन तथा विभिन्न स्थानमा स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिएको ।
- फुसको छाना विस्थापन गरिएको ।

## ४.३ गाउँपालिकाका यस वर्षका मुख्य मुख्य उपलब्धिहरू :

- गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न हुने चरणमा पुगिसकेको र यसै वर्षदेखि नयाँ भवनबाट सेवा प्रवाह गर्ने वाताजरण तयार भइरहेको ।
- उपभोक्ता समितिमार्फत विकास निर्माणको काम भइरहेको ।
- मिक्लाजुङ गापँपालिकामा वडाका जनप्रतिनिधिदेखि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कर्मचारी, क्रियाशील राजनीतिक दलहरू, विषयगत शाखाहरू र नागरिक समाजहरूबीच सहयोग र सहकार्य भइरहेको ।
- गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, कार्यपालिकाको नियमित बैठक, गाउँसभा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, बहुसरोकारवाला सामाजिक जवाफदेहिता, नागरिक मञ्चको नियमित बैठक भेला जस्ता सार्वजनिक काममा गाउँपालिका बासीको उत्साहजनक सहभागिता र चासो हुने गरेको ।
- गाउँपालिकाले सडक, पुल, भवन, खानेपानी, बिजुली बत्ति जस्ता आयोजनाहरूको निर्माण र सञ्चालनमा निरन्तरता दिएको ।
- गाउँपालिका क्रमशः आफ्नो राजस्व वृद्धि गर्नमा प्रयासरत रहेको ।
- वडादेखि पालिकासम्मका कार्यक्रम र योजनाहरूको फरफारक गर्ने काम अन्तिम चरणमा रहेको ।
- मिक्लाजुङ गाउँपालिकाले आदिवासी तथा जगजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, मधेशी मुस्लिम पिछडा वर्ग, जेष्ठ नागरिक सरोकार समाज समूह, महिला समन्वय समिति, बाल समूह सञ्जाललाई बजेट तर्जुमामा जिम्मेवार बनाएको देखियो भने यस्ता समितिहरूले योजना छनोट र तर्जुमामा भाग लिई विषयगत बजेटहरू गाउँसभाबाट स्वीकृत गराई योजनाअनुसारको कार्यमा प्रयोग गरेको देखियो ।
- स्रोत साधनले भ्याएसम्म कच्चीबाटोहरू ग्राबेल, ग्राबेल बाटोहरू, उच्चस्तरिय ग्राबेल गर्दै लगिएको र उच्चस्तरीय ग्राबेल भएको स्थानमा कालोपत्रेको काम भएको देखियो ।
- बालमैत्री स्थानीय शासन अबलम्बन गरी बालमैत्री गाउँपालिका निर्माणको लागि विभिन्न सूचकहरू पूरा गर्दै गरेको देखियो ।
- वडा वडामा स्वास्थ्य सेवा तथा स्वास्थ्य शिविर सञ्चालन भएको देखियो ।
- विद्यालय खाजा कार्यक्रमअन्तर्गत गुणस्तरीय खाजा खुवाउने कार्यका लागि गाउँपालिकाले खाजामा थप रकम विनियोजन गरेको देखियो ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि दिन प्रतिदिन कार्य भइहेको तथा पहिलाभन्दा केही विद्यालयमा गुणस्तर सुधार भइसकेको बुझियो ।
- स्रोतले भ्याएसम्म रोजगार सिर्जना गर्न गाउँपालिका प्रयासरत रहेको देखियो ।
- स्वरोजगारमूलक तालिमहरू सञ्चालन भई समापन भएका तथा केही अन्तिम चरणमा रहेको दखियो।

- गाउँपालिकाको स्रोतले भ्याएसम्म गर्न सकिने कार्यमा विपद व्यवस्थापन बारे पूर्व तयारी गरेको ।
- सरकारी सम्पत्तिमा संरक्षणमा सरोकारवालाहरू प्रयासरत रहेको ।
- गाउँपालिका सेवाग्राहीको सुविधाका लागि नागरिक वडापत्र, पत्रपत्रिका, खानेपापानी, विश्रामस्थलको व्यवस्थापनजस्ता कार्यको लागि प्रयासरत रहेको ।

**४.४ सामाजिक जिम्मेवारी कार्य सम्पादनको लेखा जोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूवाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन ।**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| **५ वर्षमुनिका बालबालिकाको सङ्ख्या तथा प्र.** | अनुमानित जनसङ्ख्या ४०११ (१२ प्रतिशत ) | ५ वर्ष मुनिका बालबालिकाहरूका लागि विभिन्न प्रकारका खोप अभियान चलालन भएको । | सबै बालबालिकाले खोप लगाएका तथा पूर्ण खोपयुक्त वडा घोषणा भएको । |
| **स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या** | अनुमानित ६१०० करिब ८५ प्रतिशत घरधुरीमा पहुँच । | ▪ ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड ।<br>▪ हरेक वडामा यातायातका साधन पुग्ने वातावरण निर्माण ।<br>▪ वडा स्तरमा खोप कार्यक्रम सञ्चालन<br>▪ महिला स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम | ▪ हरेक वडा स्तरमा यातायातको पहुँच विस्तार<br>▪ वस्ती स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>▪ हरेक वडामा एउटा स्वास्थ्य चौकी अथवा एउटा आधारभूत स्वास्थ्य केन्द्रको व्यवस्था गरिएको । |
| **खोपमा पचहुँ भएको जनसङ्ख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा)** | २६०३ जनाले एक वर्षमा खोप लगाएको । | ▪ BCG,DPT,BOPV,JE,MR,PCV, Rota Rota Virus,TD दादुरा रुवेला जस्ता खोप प्राप्त गरेका<br>▪ म. स्वा.स्वं से. परिचालन भएको तथा विभिन्न सचेतना कार्यक्रम सञ्चालन भएको ।<br>▪ खोप केन्द्रको बिस्तार तथा खोप अभियान सञ्चालन भएको । | पूर्ण खोप अभियान सफल तथा गत वर्षको तुलनामा उपलब्धि बढेको । |
| **४ पटक गर्भवती जाँच गरिएको महिलाको सङ्ख्या ( प्रतिशतमा)** | ४५ प्रतिशत | ▪ म. स्वा. स्वं से.परिचालन गरिएको ।<br>▪ थप स्वास्थ्य कर्मी करारमा नियूक्ति गरिएको ।<br>▪ परिवार स्वास्थ्यसम्बन्धी समीक्षाका साथै विभिन्न प्रकारका सचेतना कार्यक्रम संञ्चालन भएको । | मातृशिशु र बाल मृत्यूदर शून्यमा झर्नुका साथै गत वर्षको तुलनामा उपलब्धि बढेको । |

| | | | |
|---|---|---|---|
| **दक्ष प्रसुति कर्मीबाट प्रसुति गरिएका महिलाको सङ्ख्या** | ११ जना | ▪ प्रसूति सेवा केन्द्र बिस्तार, स्वास्थ्य चौकी, उर्लाबारी दमक बिर्तामोडदेखि बिराटनगरसम्म प्रसूति सेवालिने गरेको ।<br>▪ विभिन्न प्रकारका प्रसूति स्वास्थ्यसम्वन्धी तालिम प्रदान गर्नु । | गत वर्षको तुलनामा उपलब्धि प्रतिशत बढेको । |
| **झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको सङ्ख्या** | नपाइएको | स्वास्थ्यसम्बन्धी सचेतना, सफा पिउने पानीको प्रयोग, बढ्दो सरसफाई, झाडा पाखाला प्रतिको धारणामा परिर्वतन र खुला दिशा मुक्त क्षेत्र घोषणा | स्वास्थ्य तथा सरसफाईसम्बन्धी सचेतना बढेको । |
| **कडा खालका निमोनिया भएका बालबालिका सङ्ख्या** | नपाइएको | स्वास्थ्यसम्बन्धी सचेतना बढ्दै गएको तथा शिक्षामा पहुँच भएकाले स्वास्थ्यप्रति सजग भएको । | सचेतनामूलक कार्यक्रम र ती कार्यक्रम बाट सचेतनाको सन्देश प्रवाह भएको । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **शिक्षा** | | | |
| **आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको सङ्ख्या** | लगभग ३५० जना रहेको देखिन्छ । | शिक्षाको हकमा ३८ वटा सामूदायिक विद्यालय र १४ वटा संस्थागत विद्यालयसहित ५२ शैक्षिक संस्था रहेका। | शिक्षामा पहुँच वृद्धि भएको । शिक्षाप्रति सचेतना बढेको । |
| **पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर** | ९८ प्रतिशत | स्थानीय तहको सहयोग र बाल विकास केन्द्रहरूको उल्लेख्य वृद्धिका कारण पूर्व प्राथमिक विद्यालयको भर्नादर बढेको । | आफ्नो घर टोल नजिकै रहेको बाल विकास केन्द्रमा भर्ना हुने क्रम बढेको । |
| **प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका सङ्ख्या वा प्रतिशत** | (शून्य प्रतिशत) नरहेको | प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरु हुँदा भर्ना अभियान चलाएको, निःशूल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको । | प्राथमिक विद्यालयमामा पुगेका बालबालिका कक्षा नछोडेको सङ्ख्या बढ्दै गएको । |

| | | | |
|---|---|---|---|
| **कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा** | ९६.७ प्रतिशत | प्रत्येक गाउँ र टोलमा बाल विकास केन्द्र रहेकोले भर्नादर बढेको । | प्रत्येक विद्यालय प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरुहुँदा भर्ना अभियान चलाएकोले भर्नादर बढेको । |
| **प्राथमिक तहमा कक्षा छोडने कक्षादोहोऱ्याउने र कक्षा उत्तीर्ण हुने दर** | उतीर्णः ९५.९प्रतिशत कक्षा दोह्रयाउने १.३ प्रतिशत र कक्षा छाडने ३.३ प्रतिशत | प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरुहुँदा भर्ना अभियान चलाएको, निःशुल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने गरेको । | निःशुल्क शिक्षा, छात्रवृत्ति खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधाले दलित बालबालिकाको कक्षामा सङ्ख्या बढेको |
| **प्राथमिक तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या** | ९८ प्रतिशत टि.पि.डि.तालिम | ▪ तालिम केन्द्रबाट तालिम लिएका ।<br>▪ जि.शि.का बाट टि.पि.डि.तालिम लिएका । | ९८ प्रतिशत टि.पि.डि.तथा अन्य तालिम प्राप्त । |
| **प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या** | ३० देखि ३५ सम्म | १ देखि ५ सम्ममा १३ जना ५ देखि ८ मा २६ जना र ८ देखि १० मा ६३ जना प्रतिकक्षाकोठा विद्यार्थी रहेको | साना कक्षामा केही कम भए पनि ठुला कक्षामा विद्यार्थी चाप रहेको । |
| **बाह्य सहयोगमा निर्मित विद्यालय कोठा सङ्ख्या** | नेपाल सरकार र प्रदेश सरकारको अनुदानमा निर्मित | विद्यालय भवन पर्याप्त भएकोले कक्षाकोठामा कोचिएर बस्नुपर्ने बाध्यता हटेको । | विद्यार्थीलाई घाम, पानी, गर्मी र जाडोबाट तनाव नभएको । |
| **गाउँपालिकाबाट निर्मित विद्यालय कोठा सङ्ख्या** | नयाँ भवन निमार्ण नभए पनि स्तरोन्नतिको कार्य भइरहेको । | स्थानीय निकायबाट भवन निमार्ण,मर्मत, विद्यालय घेराबेरा र लैङ्गिकमैत्री शौचालय, खेल मैदान, खेलकुद सामग्री वितरण तथा अतिरिक्त कार्यक्रम सहित उत्कृष्ठ विद्यार्थी पुरस्कारको व्यवस्था गरेको | विद्यार्थीलाई घाम, पानी, गर्मी र जाडोबाट तनाव नभएको । |
| **दलित बालबालिकाको शिक्षामा पहुँच** | ५.४४ प्रतिशत | ▪ दलित छात्रबृति, विद्यालय खाजा कार्यक्रम<br>▪ विद्यालय स्वागत कार्यक्रम तथा सम्मान कार्यक्रम<br>▪ विद्यार्थी भर्ना तथा पोसाक अभियान कार्यक्रम | तुलनात्मक रुपमा दलित विद्यार्थीको शिक्षामा पहुँच बढेको देखियो । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| **स्वच्छ पानी पुगेको परिवार सङ्ख्या वा प्रतिशत** | अन्दाजी ४५०० घरपरिवारका १५५१५ जनसङ्**ख्यामा** | हिलटेक बनाएर पानी वितरण गरेको । धारा, कुवा र अन्य स्थानको पानी प्रयोग गर्ने परिवारले फिल्टर को प्रयोग गरेको । | शुद्ध खानेपानीमा पहुँच बढेको तथा खानेपानीबाट लाग्ने रोगमा कमी आएको |
| **शौचालय नभएको सङ्ख्या वा प्रतिशत** | शौचालय नभएको घरधुरी नरहेको अर्थात हरेक घरमा शौचालय रहेको । | ▪ शौचालय भएको शत प्रतिशत परिवारले शौचालय प्रयोग गरी हात धुने गरेको ।<br>▪ सरसफाईमा चेतना वृद्धि भएको ।<br>▪ ९ वटा वडाहरू दिसामुक्त क्षेत्र घोषणा भई सकेको । | शौचालय प्रयोग गनुपर्ने चेतनाको विकास भएको । |
| **सुधारिएको चुलो भएको परिवार सङ्ख्या** | एकिन तथ्याङ्क नरहेको | ▪ सबै वडालाई धुवामुक्त क्षेत्र घोषणा गर्ने योजना रहेको ।<br>▪ प्रमोटरहरूलाई तालीम, स्वास्थ्यसम्वन्धी चेतना, विद्यार्थीहरूलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिंगवोर्ड, क्यालेण्डर, पुस्तक, पर्चा वितरणवाट चुल्हो निर्माण गर्न सन्देशमूलक शिक्षा प्रदान गर्ने । | ▪ धातुले बनेको चुलो र माटोले बनेको चुलो बनाउन लक्षित वडाका परिवारलाई तालिम दिने ।<br>▪ धुवाँरहित चुलोको बारेमा जानकारी गराउने । |
| **स्रोतमा फोहोर छुट्याउने घरधुरी सख्ङ्या र प्रतिशत** | एकिन तथ्याङ्क नरकेको | ▪ बजार तथा गाउँघरमा फोहोर छुट्याएर व्यवस्थापन गर्ने गरेको ।<br>▪ फोहोर छुट्याएर व्यवस्थापन गर्ने तथा प्लास्टिक तथा प्लास्टिक जन्य वस्तु बोतल बाल्न नहुने बारे विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भइरहेको । | ▪ घर आँगन, भान्सा तथा अन्य स्थानबाट निस्कने फोहोरबारे सचेतना वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| **पूर्ण सरसफाई वातावरणमैत्री भएको घर** | एकिन डाटा नभएको | ▪ उप्पादन हुने फोहोरमा कुहिने र नकुहिने छुट्याएर फोहोर व्यवस्थापनको कार्यक्रम र जानकारी दिएको ।<br>▪ नयाँ प्रविधिमा आधारित घरको सचेतना वृद्धि भएको । तथा अन्य घरपरिवारका व्यक्तिमा पहिलेभन्दा सचेतना बढेको | ▪ सबै क्षेत्रमा फोहोर छुट्याएर राख्ने नगरेको । |
| **फोहोर प्रशोधन केन्द्रको व्यवस्थापनको अवस्था** | सडक छेउमा थुपार्ने फोहोर हाल आएर कम भएको | ▪ ल्याडफिल्ड साइडको निमार्ण भइरहेको तथा हाललाई निश्चित ठाउँमा फोहोर फाल्ने र व्यवस्थापन गर्ने गरेको । | ▪ ल्याडफिल्ड साइडको निमार्ण गर्न गाउँपालिकाले निर्माण कार्य गरिरहेको । |
| **टुबेल, धारा वा पानीको मुहानमा सरसफाई प्रतिशतमा** | ६० प्रतिशत | ▪ यहाँका प्राय धारा, कुवा, वोरिङ्ग र पानी आउने अन्य स्रोतहरूमा सरसफाई भएको ।<br>▪ स्थानिय तहका साथै विभिन्न संघ संस्थाको सहयोगमा सरसफाई बारे सचेतना कार्यक्रम सञ्चालन भइरहेको । | ▪ पानी तथा पानीजन्य रोगका कारणले हुने रोगहरूमा कमी आएको । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत बर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| **बाल बिवाहको सङ्ख्या** | बालविवाह भएपनि एकिन तथ्याङ्क नरहेको | ▪ पालिका तथा वडा कार्यालयहरूद्धारा बालबिवाह विरुद्धको अभियान सञ्चालन र सहकार्य भइरहेको । | बालविवाह सचेतना अभिवृद्धि, पहिलेको तुलनामा उल्लेख्य सुधार । |
| **सामाजिक बिकृति, विसंगती** | गाउँपलिका कार्यालय, वडा कार्यालयहरू तथा प्रहरी चौकी मधुमल्लाका साथै समाजका प्रबुद्ध | ▪ गाउँपालिका कार्यालय, वडा कार्यालयहरू तथा प्रहरी चौकी मधुमल्लाका साथै विभिन्न संघ संस्था तथा कार्यक्रमहरूको माध्यमबाट दुर्व्यसन विरुद्ध जनचेतना बढाइएको ।<br>▪ विकृति र विसङ्गति नियन्त्रणमा नेपाल प्रहरीको | ▪ अपहरण-कोही पनि अपहरणमा नपरेको<br>▪ ज.ज.क.मुद्धा -७ वटा दर्ता भएको ।<br>▪ मानव बेचबिखन - नभएको (छैन)<br>▪ आत्महत्या - प्रहरी कार्यालयको |

| | | | |
|---|---|---|---|
| | व्यक्तिहरूको सक्रियताले बिभिन्न सामाजिक बिकृति, विसंगतिमा कमी आएको | संलग्नता रहने गरेको<br>▪ महिला हिंसा, दहेज प्रथा विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन भईरहेको<br>▪ सामाजिक विकृतिमा सम्लग्न व्यक्तिहरूलाई कडा सजायको ब्यवस्था गरिएको । | रिपोटअनुसार १० जनाले आत्महत्या गरेको देखियो ।<br>▪ एक्सिडेन्ट- ७ जना एक्सिडेट भएको<br>▪ हिंसामा परेका १७ जना र हिंसामा परेर मिलापत्र भएका १३ जना देखियो<br>▪ मिक्लाजुङ गाउँपालिका स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्वादहरू भइरहेको देखियो । |
| **सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति)** | यहाँका शतप्रतिसत मानिसहरू प्रक्रियामा आएका । | ▪ कोही नछुटुन तथा कोही नदोरिउन भनेर कार्यक्रम सञ्चालन गरिएको<br>▪ हरेक वडाहरूबाट अपाङ्गता परिचय पत्र वितरण भएको ।<br>▪ वार्षिक रुपमा तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण वडाअनुसार प्रकाशन गरिएको ।<br>▪ सुरक्षा भत्ता उपलब्ध गराउन समयमा बजेट निकासा गरिएको ।<br>▪ भत्ता वितरणको प्रभावकारिताका लागि अनुगमन गरेको । | जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातिहरूले सामाजिक सुरुक्षा भत्ता प्राप्त गरेका । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| **बाल श्रमको अवस्था** | मिक्लाजुङ गाउँपालिका तथा | • बाल श्रम विरुद्धको अभियान सञ्चालन तथा बालमैत्री गाउँपालिकाको अभियान । | • विभिन्न प्रकारका बाल श्रममा कमी ।<br>• बालश्रम विरुद्धमा जनचेतना र |

| | | | |
|---|---|---|---|
| | पालिकाभन्दा बाहिर बालश्रमिक भए पनि व्यक्तिको यकिन डाटा नरहेको । | • वालश्रम विरुद्धमा जनचेतना ।<br>• बालक्लवहरूको गठन तथा परिचालन । | अनौपचारिक छलफल हुन थालेको ।<br>• बालश्रमको प्रयोग गरेमा कानूनको व्यवस्था बारे सबै जानकार रहेको । |
| **जनचेतना तथा गरिबी निवारणका प्रयासहरू** | गरिबी निवारणका लागिसरोकारवालाहरू सँग सहकार्य र समन्वय | • गाउँपालिकाले सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रम र लक्षित वर्गका कार्यक्रममार्फत गरिबी निवारणका उपायहरू खोजिरहेको । | • गरिबहरूको सङ्ख्यामा कमी ल्याउने प्रयास भएको । |
| **बाल क्लवहरूको अवस्था** | नगरका ९ वटै वडाहरूमा बाल क्लबको गठन भएको ९ वटा वडाहरूमा १२ वटा बालक्लवहरू रहेको । | • बाल क्लबका सदस्यहरूलाई विभिन्न प्रकारका तालिम, exposer visit, सर सफाई अभियान, सडक नाटक, अतिरिक्त क्रियाकलापमा सहभागिता गराउने काम भइरहेको ।<br>• समय समयमा बालक्लबहरूको पुनर्गठन गरिएको।<br>• एच आई भि एडस्सम्बन्धी अभियान सञ्चालन तथा लागू औषध दुर्व्यसनी र बालभित्ते पत्रिका तयारी गरिरहेको । | • बाल क्लबहरू १२ वटा रहेका छन ।<br>• बाल क्लबहरू सुदृढीकरण भएको ।<br>• बालबालिकाहरूमा नेतृत्व गर्ने क्षमताको विकास भएको । |
| **महिला हिंसाको अवस्था** | एकिन तथ्याङ्क नरहेको तर वडा, न्यायिक समिति तथा प्रहरी कार्यालयको रिपोटअनुसार महिला हिंसा रहेको र अझै पनि हिंसा सहेर बस्ने गरेको । | • पालिकाका विभिन्न वडामा महिला हिंसा विरुद्धका अभियान र कार्यक्रम सञ्चालन भएको ।<br>• लैंगिक हिंसासम्बन्धी घटेका घटनाहरूको विवरण सङ्कलन गर्ने गरिएको ।<br>• न्यायिक समिति मार्फत दुई पक्षलाई झिकाई छलफल गर्ने गरिएको । | • विभिन्न वडामा महिला हिंसा विरुद्धका अभियान र कार्यक्रमबाट महिला हिंसामा कमि आएको ।<br>• प्राय दुवै पक्ष मिलेर बस्ने गरेको । |
| **बहु विवाह र अनमेल बिवाहको स्थिति** | एकिन तथ्याङ्क नरहेको | सामाजिक विकृति र विसंगतिका विरुद्धमा कार्यक्रम भएकाले बहु विवाह र अनमेल बिवाह | विगतको तुलनामा कम भएको । |

| | | | |
|---|---|---|---|
| | | कमी आएको । कानूनी रुपमा बहुबिवाह दण्डित रहेकोले कम भएको । | |
| **रोजगारीको अवस्था** | अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय | • विभिन्न सीपमूलक तालिमहरू सञ्चालन ।<br>• गाउँपालिकामार्फत अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ९० दिनको रोजगारी सिर्जना ।<br>• सडक निर्माण, भवन निर्माण जस्ता योजनाहरूबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना भएको । | • गाउँपालिका भित्रका विभिन्न कार्यक्रम तथा आयोजनाहरूमा केही रोजगारी सृजना भए पनि दिगो र भरपर्दो रोजगारी नभएको ।<br>• रोजगारीमा अभिवृद्धि भएको<br>• वैदेशिक रोजगारीमा केही मात्रामा कमी आएको ।<br>• वैदेशिक रोजगारमा जानेहरूको कार्यदक्षतामा वृद्धि भएको । |
| **सामाजिक परिचालन** | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार | • अति विपन्न बस्तीमा नागरिक सचेतना केन्द्र गठन गरिएको ।<br>• सामाजिक परिचालकहरूलाई रिफलेक्ट तालिम दिइएको ।<br>• अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना सञ्चालन ।<br>• नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशिताअनुसार कार्यक्रम सञ्चालन भइरहेको ।<br>• सबै वडाहरूमा वडा नागरिक मंचको गठन तथा पुनर्गठन गरिएको । | • नागरिक सचेतना केन्द्रमार्फत परिवार लाभान्वित भएका ।<br>• सरसफाईसम्वन्धी सचेतना विकास भएको ।<br>• विपन्न समुदायका मानिसहरूलाई प्राथमिकता दिइएको ।<br>• स्वरोजगारको वृद्धि, आय आर्जनमा वृद्धि, समान अवसर आदि । |

| | | | |
|---|---|---|---|
| **वतावरण सुधारका प्रयासहरू** | • वातावरण प्रदूषणका लागि जाँच, पानी धुँवा धूलो परीक्षण भएको ।<br>• वातावरण मैत्रिस्थानीय शासन घोषणाका लागि विभिन्न कार्यहरू भइरहेको ।<br>• खुला दिशामुक्त क्षेत्र घोषणा भएको । | • वन तथा वातावरण समितिबाट वातावरण सुधारसम्बन्धी समन्वय गरेको ।<br>• ध्वनि नियन्त्रणका लागि गाउँपालिका तथा नेपाल प्रहरी मार्फत समन्वयमा कार्य भईरहेको ।<br>• वातावरण मैत्रि स्थानीय शासन घोषणा गर्ने कार्य भईरहेको । | • केही उद्योगहरूमा धुवाँ नियन्त्रणमा सुधार भइ सकेको ।<br>• जिल्ला भरिका उधोगहरूमा वायु प्रदूषणको जाँच गरी सुधारको लागि विशेष पहल भइरहेको ।<br>• सार्वजनिक शौचालयहरू निर्माण भएको ।<br>• खुला दिशामुक्त क्षेत्र घोषणा भएको । |
| **वन संरक्षण र सुधार** | • वन संरक्षणसम्बन्धी कार्य भइरहेको | • बृक्षा रोपण कार्यक्रम तथा सरसफाई अभियान सञ्चालन भएको ।<br>• सुधारिएको चुलोमा जोड दिएको तथा सचेतना कार्यक्रम सञ्चालन भएको । | • वन जोगाउने तथा वन विस्तार गर्ने काम भएको । |
| **एच.आई. भि. र एडस** | रोगीको विवरण नरहेको । | • पालिकाले एच आइ भी एडस्को अनुगमन र न्यूनीकरणको लागि योजना बनाएर काम गरिरहेको ।<br>• बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरूलाई विशेष ध्यान दिने गरेको । | एच.आई. भि. र एडससम्बन्धी मानिसहरूमा सचेतना स्तर बढ्दै गएको । |

| | | | |
|---|---|---|---|
| **विकासमा समान सहभागिता** | गाउँपालिकाको कार्यालय र नागरिक बिच विकास कार्यमा समान सहभागिताको रुपमा कार्य हुँदै आएको छ। | • विभिन्न नीतिबाट विकासमा समान सहभागितामा सुनिश्चितता गरिएको छ।<br>• गाउँपालिकाको कार्यालयले दलित वर्ग समन्वय समिति, महिला समन्वय समिति र आदिवासी तथा जनजाति जिल्ला समन्वय समिति, पिछडा वर्ग अन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको<br>• सम्बन्धित विषयहरूका लागि सम्बन्धित समन्वय समितिबाट नै वजेट खर्चहरू गरेको। | • महिला समन्वय समिति, आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति लगायतका नीतिगत समितिहरूको गठन तथा परिचालन हुनु।<br>• बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समितिद्धारा सहभागिता सुनिश्चित भएको छ। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **सेवाहरूमा पहुँच** | | | |
| **स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय** | ३० मिनेट भित्र पैदल हिडेर पुग्ने वातावरण भएको। | • सबै वडामा सडक सञ्जाल पुगे पनि पहाडी वडा तिरका नागरिकमा बजार आउन एक दुई घण्टा लाग्ने गरेको।<br>• तराई भेगमा सिटीसफारी तथा यातायातको साधन प्रयोग हुने भएकोले बजारमा सहज पहुँच भएको।<br>• स्थानीय बजार सम्मको पहुँच बढाउन सडक बिस्तारमा जोड दिएको प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजारमा भने ४० मिनेटसम्म पैदल हिडेर पुग्ने वातावारण भएको। | • सबै वडामा सडक सञ्जालको पहुँच पुग्ने योजना बनिसकेको।<br>• स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी आएको। |
| **कृषि सेवा केन्द्र जान लाग्ने समय** | प्रत्येक वडामा कृषि प्राविधिक तथा घुम्तिसेवा दिएको। | • कृषिको परामर्श दिने तथा बजारीकरण र स्तरोन्नतिका लागि काम भइरहेको।<br>• नेपाल सरकारसँग कृषि सेवा केन्द्र बिस्तारका लागि माग गरिएको। | नेपाल सरकारले नीतिअनुसारको कृषि सेवाकेन्द्र नरहेको। |

| | | | |
|---|---|---|---|
| **भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको सङ्ख्या, निजहरूले पाएको सेवा तथा दिएको विशेषअवसरहरू** | विभिन्न समन्वय समितिबाट कामहरू भइरहेको । | • गाउँपालिकामा दलित वर्ग उत्थान नगर समन्वय समितिको गठन भएको ।<br>• विभिन्न सीप विकास तालिम, रोजगारमूलक तालिम, छात्रबृत्तिको आयोजना र सञ्चालन आदि।<br>• गाउँपालिकाले आन्तरिक स्रोतबाट समेत बजेट उक्त समितिहरूका लागि विनियोजन गरेको । | स्वरोजगार अभिवृद्धि शिक्षामा पहुँच बढेको । दलित तथा आदिवासी छात्र छात्राहरूलाई छात्रवृति वितरण । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **संस्थागत क्षमता** | | | |
| **जनशक्ति** | ६३ जना (स्थायि कर्मचारी विभिन्न सेवा र पदका) १०७ करार गरी जम्मा १७० जना | जनताको काम छिटो छरितो गर्ने गरेको | भएको जनशक्तिले सकेसम्म राम्रोसँग काम गरेको । |
| **नीतिगत कार्यक्रम** | योजना तथा कार्यक्रम चरणबद्ध रुपमा टोल बस्तीदेखि गाउँसभासम्म ल्याएको | तल्लो तहदेखि गाउँपालिका सम्मकै योजनाहरू समावेस गर्ने प्रयास गरेको । | स्रोत साधनले भ्याएसम्मको काम भएको । |
| **भौतिक अवस्था** | गाउँपालिकाको कार्यालय र ९ वटै वडाकार्यालयहरू सञ्चालनमा रहेको । | • विद्युत समस्या समाधानका लागि सोलार जडान गरी कार्यालय सञ्चालन ।<br>• गाउँपालिकाको कार्यालय र ९ वटै वडा कार्यालयहरूका आफ्नै भौतिक संरचना रहेको।<br>• कार्यालय भवन मर्मत सुधार, जेनेटर मर्मत सम्भार गरिरहनु पर्ने, विद्युतको सुधार, सडक यातायतमा सुधार गरेको तथा गाउँपालिकाको नयाँ भवन निमार्णाधीन अवस्थामा रहेको । | • विभिन्न व्यक्तिगत घटंनासम्बन्धी तथ्याङ्कहरू कम्प्यूटरमा राख्ने गरेको।<br>• Email internet को सुबिधा भएको ।<br>वेवसाईट पुर्नताजगी भईरहेको । |

| | | | |
|---|---|---|---|
| | | • आवश्यकताअनुसार प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, फोटोकपी मेसिन, प्रिन्टर, मल्टिमिडिया प्रोजेक्टर, फयाक्स, टेलिफोन, स्क्यानर, इमेलइन्टरनेटको व्यवस्था भएको ।<br>• गाउँपालिकाको कार्यालयमा गाडी, तथा मोटरसाइकल रहेको । | |
| **विधुतीय सुशासन** | कार्यालयबाट गरिने सम्पूर्ण कार्यमा कम्प्युटर प्रविधिको प्रयोग । | • विद्युतीय शुसासन कम्प्युटरबाटै व्यक्तिगत घटना दर्ता तथा विभिन्न प्रकारका सिफारिसहरूको काम हुने गरेको ।<br>• सम्पूर्ण सिफारिस, दर्तासम्बन्धी तालिम, सफट्वेयर र अन्य कार्य गाउँपालिका वेवसाईट सञ्चालनसम्बन्धी अभिमुखीकरण हुने गरेको । | काम छिटो, छरितो सरल र स्पष्ट हुने गरेको । |
| **समन्वय र सहकार्यका प्रयासहरू** | निजी साझेदारी र सरकारी निकायका बीचमा सहकार्य भएको | • गाउँपालिकासँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरूले काम गरिरहेको ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरूसँग सहकार्य भइरहेको । | • एक अर्का प्रतिको सहकार्यको भावना बढेको ।<br>• खुला र पारदर्शिताको विषयमा हातेमालो गर्ने कार्य भएको । |

### ४.५ गाउँपालिकाले आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू

मिक्लाजुङ गाउँपालिकाको स्थापना भएपश्चात मिक्लाजुङ गाउँपालिकाकाले प्राप्त गरेको बजेटलाई दिगो विकासको प्रतिफल प्राप्त गर्ने योजनाहरूमा वाँडफाँड गरी योजनाहरूको कार्यान्वयन गर्ने जमर्को गरेको देखियो। नयाँ व्यवस्था नयाँ स्थानीय सरकार भए तापनि पुरानो संस्कारलाई परिवर्तन गर्न नसकी रहेको समाजमा एकैपटक परिवर्तनको आशा गर्न नसकिने र मिक्लाजुङ गाउँपालिकामा पनि योजनाहरूको कार्य सम्पादनमा तिनै समस्याहरू देखापरेका कुरा अवगत भएको छ। साथै कार्यसम्पादनमा विभिन्न कुराका चुनौतीहरू पनि देखिएका छन्।

१) आयोजना हाम्रा लागि हो भन्ने कुरा पालिकावासीले नबुझ्नु जसको कारणले उपभोक्ता समिति गठन र कार्य सम्पादनमा समस्या आउनु।

२) लागत सहभागिताका लागि जनसहभागिताको कमजोर उपस्थिति हुनु जसले गर्दा योजनाको आर्थिक भार गाउँपालिकालाई मात्र पर्नु।

३) बाटो तथा नाला निर्माण गर्दा गाउँपालिकावासीहरू आफ्नो जग्गा छोडन तयार नहुनु जस्ले गर्दा कतिपय स्थानमा नाला विहीन ढलान बाटोहरू निर्माण हुनु।

४) साना साना योजनाहरूमा टुक्रे वजेट विनियोजन गर्न माग गर्नु जसले गर्दा दिगो विकासको लक्ष्यअनुसार पूर्वाधार निर्माण योजनाहरू बन्न नसक्नु।

५) कर्मचारीको अभाव र जनप्रतिनिधिहरू सबैलाई सबै कुराको जानकारी नहुनाले कार्य सम्पादन छिटो छरितो नहुनु।

६) आफ्नो भूगोल, जनशक्ति, सामाजिक संरचनाअनुसारको सिपमूलक कार्यक्रम नभएकाले गर्दा स्वरोजगारी बन्ने अवसरको सृजना नहुनु।

७) गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आन्तरिक राजस्व सङ्कलन गर्ने कार्यक्रम नहुनु।

८) पर्याप्त कृषि, पशु, चौपायहरूको उत्पादन भए पनि त्यसको वेच विखनको लागि कृषि बजार तथा पशुहाट बजार नभएको जसले गर्दा कृषकलाई पेशाप्रति वितृष्णा हुने गरेको।

९) व्यवस्थित कृषि उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र नहुनु जसले गर्दा त्यस्ता वस्तु उत्पादनमा कमी र परनिर्भर हुनु।

१०) शिक्षा,स्वास्थ्य, मनोरञ्जन तथा पर्यटकीय स्थलहरू र सम्भावित ठाउँहरूको व्यवस्थापन नभएकोले गाउँवासीहरूमा बसाइसराई दर बढ्नु।

११) धार्मिक पर्यटन र मनोरञ्जन गर्ने स्थानहरूको प्रचार प्रसारका कार्यक्रम नभएको।

१२) कतिपय स्थानमा वडामा निर्माण भएका ढलान वाटाहरूमा नालाको समस्या रहनु।

१३) गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमूलक उधोग धन्दा, कलकारखाना प्रयाप्त नहुनु।

१४) फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन नसक्नु।

१५) कृषियोग्य भूमि खण्डीकृत हुँदै प्रयोग विहीन हुनु गाउँपालिका क्षेत्रभित्रका धैरै सडकहरू कच्ची तथा कम गुणस्तरका हुनु।

## ४.६ मिक्लाजुङ गाउँपालिकाको अवसर, सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमहरू

- गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी तथा खाद्यान्न र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेकाले त्यसतर्फ कार्ययोजना बनाई काम गर्ने।
- मिक्लाजुङ गाउँपालिकाको वनको विकास र विस्तार साथै प्रचारप्रसार गरी पर्यटन विकास र विस्तार गर्ने खाद्यान्न बाली, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र उर्लाबारी, मधुमल्ला, दमक र बिर्तामोडसमेत हुने देखिन्छ।
- मिक्लाजुङ गाउँपालिकाभित्र सङ्कलन हुने पटके कर लागायतका अन्य कर, सेवा शूल्कहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने।
- व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरूसँग सहकार्य गर्दै बजार विस्तार र विविधीकरणमा भूमिका खेल्नुपर्ने।
- उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्रमा तीब्र विकास भइरहेकाले गाउँपालिकामा दक्ष जनशक्तिको उत्पादन वृद्धितर्फ विशेष कदम चाल्नुपर्ने।
- सडकको स्तरोन्नति र मुल सडकलाई कालो पत्रे तथा भित्रि सडकलाई वातावरणमैत्री हिसावले इन्टरलक सडकको रुपमा विस्तार गर्ने कार्यलाई अझ प्रभावकारी रुपमा गुणस्तरीयतालाई ध्यान दिई अगाडि बढाउनु पर्ने।
- यातायात गुरु योजनाको निर्माण गरी सोही आधारमा सडक सञ्जालहरूको विकास, विस्तार र नेटवर्क निर्माण गरी गाउँ यातायात सञ्चालन गर्न सके गाँउ र शहरको अन्तरसम्बन्ध गतिशील हुने साथै ग्रामीण क्षेत्रको उत्पादन, शहरी क्षेत्रको खाद्यान्नको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ। यसका लागि पूर्जीँ परिचालन गर्न स्थानीय सहकारीहरू लाई प्रर्वद्धन गर्नु पर्ने।
- सहकारीहरूको समन्वयमा श्रोत परीचालनमार्फत चौतर्फी विकास गर्न सक्ने सम्भावना रहेकाले त्यसतर्फ कार्य गर्ने।
- गाउँपालिकाको आम्दानी निर्माण गर्न पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन र गुरु योजना निर्माण गरी प्रचार प्रसार गर्नुपर्ने।
- गाउँपालिकाको सौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नु पर्ने।
- गाउँको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नु पर्ने।
- स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने।
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन गाउँका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने।

- ढुङ्गा, गिटी, बालुवाको उत्खनन् लाई व्यवस्थित गर्ने नीति र योजना बनाइ कार्यान्वयन गर्नुपर्ने ।

## ४.७ शाखागत रूपमा गत आ.ब. का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू

आर्थीक वर्ष २०७९/८० मा मिक्लाजुङ गाउँपालिकामा शाखागत रुपमा निम्न अनुसारका सामाजिक उपलब्धिहरू देखिएका छन् । देखिएका उपलब्धिहरूलाई सामाजिक सूचकका आधारमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.७.१ स्वास्थ्य क्षेत्रको विवरणः

#### ४.७.१.१ स्वास्थ्य क्षेत्रका मूख्य लक्ष्य उद्देश्यहरूः

- निर्माणाधीन अस्पतालको चाँडै निर्माण सम्पन्न गरी चौबीसै घण्टा स्वास्थ्य सेवा उपलव्ध गराउन सहयोग गर्ने,
- सरूवा रोगको सङ्क्रमण न्यूनीकरण गर्न सरकारी र निजी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी स्वास्थ्य शिबिरहरू सञ्चालनलाई प्राथमिकता दिइ स्वास्थ्य संस्थाहरूको सहकार्यमा स्वास्थ्य शिबिर सञ्चालन गर्ने,
- सामूदायिक स्वास्थ्य विमा कार्यक्रम सहज पहुचँका लागि स्वास्थ्य विमा कार्यक्रमले तोकेका सम्पूर्ण औषधिहरू सहितको विमा फार्मेशीसहित स्वास्थ्य विमासम्बन्धी उपचार तथा सिफारिस गर्नुका साथै गरिब तथा विपन्न परिवारका लागि स्वास्थ्य विमा कार्यक्रम निःशूल्क गराउन आवश्यक व्यवस्था गर्ने।
- बाल तथा मातृ शिशू सुरक्षा कार्यक्रममा महिला स्वास्थ्य स्वयंमसेविकाबाट प्राप्त योगदानको उच्च कदर गर्दै महिला स्वास्थ्य स्वयंमसेविकाको क्षमता विकास गर्ने,
- गर्ववती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने,
- गाउँपालिका भित्रका नागरिकहरूलाई स्वास्थ्य तथा सरसफाईसम्बन्धी सेवामा सहजता ल्याउनका लागि हरेक वडामा एक एक वटा स्वास्थ्य हेल्प डेक्स सञ्चालन गर्ने,
- अत्याधुनिक मेसिन औजारसहितको ल्याव सञ्चालन गरी सहज स्वास्थ्य परिक्षणको प्रबन्ध मिलाउने ।
- भौगोलिक विकटता भएका क्षेत्रमा सहज सेवा पुर्याउनका लागि एम्बुलेन्सको व्यवस्था गरी सञ्चालनमा ल्याउने ।
- पूर्ण खोपको सुनिश्चितता तथा लागु पदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- स्वास्थ्य सेवाको विस्तारबाट ग्रामीण समुदायका मानिसहरूको स्वास्थ्य अवस्थामा सुधार गर्ने,

- निःशूल्क पाउने औषधिका साथै अन्य औषधिहरू छुट मूल्यमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,
- आयुर्वेद स्वास्थ्य उपचार पद्दतिलाई प्रोत्साहन गर्दै सामान्य प्राथमिक उपचार विधिमा समुदायलाई सक्षम बनाउन स्थानीय स्तरमा प्राप्त जडीबुटीको पहल र प्रशोधनका लागि विशेष कार्यक्रम ल्याउने।
- सरकारले तोकएका ८ प्रकारका कडा र दिर्घ रोगहरूका लागि पालिकाबाट दिँदै आएको आर्थिक सहायतामा वृद्धि गर्नु,
- गाउँपालिकाभित्र बसोवास गर्ने गरिव किसान, सुकुम्वासी, जनआन्दोलन तथा जनक्रान्तिमा योगदान गरेका शहिद तथा बेपत्ता योद्धाका परिवार, घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई निःशूल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने नीति अवलम्बन गर्ने,
- गाउँपालिकाभित्र बसोवास गर्ने मिर्गौला प्रत्यारोपण गर्नुपर्ने बिरामीहरूका लागि सम्बन्धित अस्पतालको सिफारिसमा रू एकलाखसम्म र मुटुसम्बन्धी शल्यक्रिया र शरीरका महत्वपूर्ण हातखुट्टा गुमेमा आवश्यक अनुदान उपलब्ध गराउने,
- रोगीको सङ्ख्यामा कमी ल्याई, स्वास्थ्य स्तर प्रवर्धन गर्ने।

#### ४.७.१.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- मधुमल्ला अस्पतालबाट ओ.पि.डि. सेवा, प्रयोगशाला सेवा, स्वास्थ्य विमा कार्यक्रम, एक्सरे सेवा र भिडियो एक्सरे सेवा नियमित गरिएको।
- राष्ट्रिय अभियान सञ्चालनअन्तर्गत भिटामिन वितरण, जुकाको औषधि खुवाउने अभियान, दादुरा रुबेला खोप सञ्चालन गर्नुका साथै पूर्ण खोप शुनिश्चतता गर्न घर घरमा गई छुटेका बच्चाहरूको खोजी गर्ने कार्य सुरू गरिएको
- टाइफाइड खोप र हात्तीपाइले रोगको निःशूल्क रुपमा औषधि वितरण गरिएको।
- स्वास्थ्य सेवाको न्यूनतम् गुणस्तर शुनिसश्चितता गर्न विभिन्न सीपका आधारमा तालिम सञ्चालन गरिएको।
- ग्रामीण अल्टासाउन्ड सेवाअन्तर्गत हरेक स्वास्थ्य चौकीमा गई अल्टासाउन्ड सेवा प्रदान गरिएको।
- हरेक वडा तथा बस्ती स्तरसम्म पूर्ण खोपको सुनिश्चितता गरिएको।
- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ केन्द्रहरूको स्तरोन्नति तथा पूर्वाधार निमार्ण गरिएको।

- स्वास्थ्य विमा कार्यक्रम बारे हरेक मानिसमा जानकारी रहेको तथा अधिकांश मानिसहरूले स्वास्थ्य विमा गरेको, स्वास्थ्य विमा कार्यक्रमले तोकेका औषधिहरू निःशूल्क रुपमा पाइरहेको।
- स्वास्थ्य सूचकहरूमा निरन्तर प्रगति भएको।
- स्वास्थ्य सेवाको न्यूनतम गुणस्तर सुनिश्चितता भएको।
- स्वास्थ्य क्षेत्रका जनशक्ति तालिम प्राप्त, कुशल र दक्ष देखिएको।
- गर्भवती महिलाहरूले नियमित गर्भवती जाँच गराउने तथा गर्भवती महिलाहरूले पोषण सेवा पाएको।
- मातृ मृत्यृदर १ जना र नवजात शिशु मृत्यृदर शून्य रहेको।
- खोपमा पहुँच पुगेको ५ वर्षभन्दा कम उमेरको अनुमानित जनसङ्ख्या ४०११ जना १२ प्रतिशत र खोपमा पहुँच भएको जनसङ्ख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) २६०३ बालबालिकामा खोपको पहुँच पुगेको।
- ४ पटक गर्ववती जाँच गरिएको महिलाको सङ्ख्या (४५ प्रतिशत ) ले गर्भवती जाँच गराएको।
- दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाहरू ११ जना रहेको।
- गरिव किसान, सुकुम्वासी, जनआन्दोलन तथा जनक्रान्तिमा योगदान गरेका शहिद तथा बेपत्ता योद्धाका परिवार, घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई निःशूल्क स्वास्थ्य उपचारको व्यवस्था नीतिगत रुपमै गरिएको।
- स्वास्थ्य चौकि तथा आधारभूत स्वास्थ्य केन्द्रबाट सेवा लिने घरधुरी परिवार सङ्ख्या ८३०९ जना रहेको।
- बालबालिकाहरूले दादुरा, रुबेला, BCG, DPT, BOPV, IPV, MR, PCV, Rota Virus, TD खोप प्राप्त गरेको।
- गरिव किसान, सुकुम्वासी, जनआन्दोलन तथा जनक्रान्तिमा योगदान गरेका शहिद तथा बेपत्ता योद्धाका परिवार, घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई पालिकाले निःशूल्क स्वास्थ्य उपचारको लागि आवश्यक सहयोग गर्ने गरेको।

## ४.७.१.३ स्वास्थ्य क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरणः

| योजनाको नाम | लक्ष्य | उपलब्धि | कै. |
|---|---|---|---|
| **एकिकृत प्रजनन तथा महिला स्वास्थ्य** | महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गर्ने । | क) सुरक्षित सुत्केरी गराउने आमाहरूको सङ्ख्या बढेको ।<br>**ख)** स्थानीय तहमा जनसङ्ख्याको व्यवस्थापनसम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिमप्रदान गर्न स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैँङ्गिक हिंसा र समावेशीकरणसम्बन्धी तालिमप्रदान गरिएको । | |
| **खोप कार्यक्रम** | स्वास्थ्य चौकी र आधार भूतस्वास्थ्य केन्द्रमार्फत खोप सेवा प्रदान गर्ने । | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमासमेत काम गरेको । | |
| **परिवार नियोजन** | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने । | परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा जानकारी भई परिवार नियोजनका साधनहरूको प्रयोगमा वृद्धि भई अनिच्छुक गर्भ रहने दरमा कमी आएको । | |
| **औपिडि सेवा** | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत नियमित आएका बिरामीहरूलाई स्वास्थ्य परिक्षण र औषधि वितरण गर्ने । | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यका बारेमा जानकारी लिन आउने सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएको । | |
| **नि;शूल्कऔषधि वितरण** | स्वास्थ्य चौकी र आधार भूतस्वास्थ्य केन्द्रमार्फत सरकारले घोषणा गरेका विभिन्न प्रकारका औषधिहरू निःशूल्क प्रदान गर्ने । | स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमार्फतबाट औषधिहरू निःशूल्क प्रदान गर्ने भएकोले विपन्न परिवारको पनि पहुँच बढेको । | |

### ४.७.१.४ स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताः

**सामाजिक जिम्मेवारीको क्षेत्रः**

| सामाजिक विकासको क्षेत्र सूचकसहितको कामको विवरण | सामाजिक जिम्मेवारिको क्षेत्र | २०८० अषाढ मसान्तसम्मका प्रयासहरू | |
|---|---|---|---|
| **एकीकृत प्रजनन् र महिला स्वास्थ्य** | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थकर्मी थपिएको र स्वयम् सेविकाको माध्यमबाट प्रचार। | |
| **खोप कार्यक्रम** | खोप कार्यक्रम सबै वडामा | खोप कार्यक्रमका लागि गाउँघर क्लिनिक, खोप क्लिनिक तथा महिला स्वंयम् सेविकाको माध्यमबाट प्रचार। | |
| **परिवार नियोजन** | परिवार नियोजन सबै | परिवार नियोजनका साधनहरूको प्रयोग उल्लेख्य बढेको। | |
| **ओपीडि सेवा** | ओपीडि सेवा नियमित | ओपीडि सेवा नियमित सेवा प्रवाह भएको | |
| **नि:शूल्क औषधि वितरण** | नि:शूल्क औषधि वितरण नियमित | सरकारले तोकेको नि:शूल्क औषधि वितरण भएको। | |

### ४.७.१.५ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- कार्यक्रम र सेवाको बिस्तारअनुसार बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु।
- नेपाल सरकारले निर्धारण गरेअनुसारको आधारभूत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा चेतनामूलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको।
- भौगोलिक विकटताका कारण फिल्डमा समयमा नपुग्नाले सेवा प्रवाहमा असर परेको।
- कार्यक्रम र सेवा विस्तार भएको कारणले कार्यबोझ बढेको तथा फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरूको अवकाश तथा सरुवाको कारणले निरन्तर सेवा प्रवाहमा असर परेको।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा शल्यक्रियाद्वारा प्रसूति गराउने सेवा नभएको।

- गाउँपालिकाको जनसङ्ख्यालाई हेर्दा गाउँपालिकामा राम्रो अस्पताल नभएको कारण स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा भन्दा सामान्य रोग लाग्दा पनि गाउँपालिका बासीहरू उपचार गराउन नजिकै रहेका दमक र उर्लाबारीका निजी अस्पतालहरूमा जाने गरेको ।

### ४.७.१.६ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- समयमै बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुपर्ने ।
- लक्ष्य प्राप्त गर्न कार्ययोजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने ।
- सरकारी तथा निजी सबै स्वास्थ्य संस्थाहरूको तर्फबाट उपलब्ध गराएका स्वास्थ्य सेवाहरूलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने ।
- समयमै सडक मर्मत तथा कार्यक्रम र सेवाको विस्तार भएबमोजिम जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुका साथै अवकाश भएका कर्मचारीहरूको स्थान समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने ।
- गाउँपालिकाका अस्पतालमा विषेश पहल गरी दक्ष चिकित्सकद्वारा शल्यक्रिया र प्रसूति गराउनुका साथै दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभूत सेवा लिनका लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनुपर्ने ।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा थप जनशक्तिको व्यवस्था गर्नुपर्ने ।
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध गर्न सक्ने कानुनी व्यवस्था गर्नुपर्ने ।
- जनसङ्ख्याअनुसार लक्ष्य निर्धारण गरिनुपर्ने ।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा जनशक्ति न्यून भए (देखिए) आवश्यक जाँचबुझ गरी सेवा करारमा कर्मचारी नियुक्ति गरी सेवा प्रवाह चुस्त दुरूस्त बनाउनुपर्ने ।

### ४.७.१.७ अवलोकनको क्रममा भेटिएका तथ्यहरू

- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम तथा निःशूल्क औषधि वितरण कार्यक्रम वडा वडामा पुर्याएको देखियो।
- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा प्रभावकारी ढङ्गले सेवा दिन कर्मचारीहरूको अभाव देखियो।
- प्रत्येक वडामा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रले सेवा दिएको पाइयो।
- स्वास्थ्य सेवाप्रति गाँउबासीहरूको सकारात्मक प्रतिक्रिया पाइयो।
- औषधि र उपचार गर्ने अन्य उपकरणहरू गाउँपालिकाले समयमैं खरिद गरी उपलब्ध गराएको पाइयो।
- स्वास्थ्यसम्बन्धी चेतनामूलक सामग्रीहरू गाँउघरमा पुर्याएको देखियो।

**गाउँपालिकामा स्वास्थ्यसेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरू यसप्रकार रहेका छन्।**

| सि.नं. | संस्थाहरूको विवरण | सङ्ख्या | सि.नं. | संस्थाहरूको विवरण | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका अस्पताल | १ | ८ | सुरक्षित गर्भपतन साइड | १ |
| २ | स्वास्थ्य चौकी | ३ | ९ | DOTs सेन्टर DR Sub सेन्टर | ४ |
| ३ | आयूर्वेद औषधालय | १ | १० | बेसिक ल्याव | ३ |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | ५ | ११ | PMTCT | ४ |
| ५ | बर्थिङ् सेन्टर | २ | १२ | गाउँघर क्लिनिक | ४ |
| ६ | क्षयरोग माइक्रोसकोपी सेन्टर | ३ | १३ | खोप क्लिनिक | १४ |
| ७ | OTC सेन्टर | १ | १४ | महिला स्वास्थ्य स्वयमं सेविका (LLG) | २८ |

### ४.७.२ शिक्षा क्षेत्रको विवरण

#### ४.७.२.१ शिक्षा क्षेत्रका मुख्य लक्ष्य तथा उद्देश्यहरू

- सबैका लागि शिक्षामा पँहुचको सुनिश्चितता गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिँदै हाल सञ्चालनमा रहेको सिभिल इन्जिनियरिङ विषयका कक्षा १२ सम्म अध्यन गर्ने विद्यार्थीका लागि सहज यातायातको व्यवस्था गर्ने,
- संघीय सरकारको सहयोगमा थप एक विद्यालयमा कृषि विषयको प्रविधिक शिक्षा सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाउने,
- बालविकास कक्षालाई पूर्ण बालमैत्री कक्षाका रुपमा विकास गर्ने तथा बालशिक्षा शिक्षकहरूका लागि आधारभूत तथा पुनर्ताजगी तालिम प्रदान गर्ने,
- कम्तिमा ५ वटा आधारभूत तहका सामूदायिक विद्यालयलाई कुनै एक विधामा नमूना विद्यालयको रुपमा विकास गर्ने,
- बालमैत्री स्थानीय शासनलाई प्रवर्धन गर्नका लागि बालसमूहको गठन तथा परिचालन गर्ने,
- क्षमता अभिवृद्धिका लागि विभिन्न शैक्षिक सामग्री तथा शिक्षकहरूलाई तालिम र निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने,
- संस्कारसहितको गुणस्तरिय शिक्षाका लागि विद्यालयमा स्काउट कार्यक्रम सञ्चालनमा विशेष जोड दिने तथा योग शिक्षाका कार्यक्रम सञ्चालन गर्ने,
- सामूदायिक माध्यमिक विद्यालयहरूमा सूचना प्रविधिको प्रयोगबाट डिजिटल कक्षा सञ्चालनको लागि प्रोत्साहन गर्ने,
- आधारभूत तहको विद्यार्थीका लागि स्थानीय कला, धर्म, संस्कृतिको जानकारी र मिक्लाजुङको पहिचानसम्बन्धी शिक्षण सिकाइ गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने,
- विद्यालयको भौतिक सम्पति सुरक्षाका लागि सि.सि क्यामरा जडान तथा दिवा तथा रात्रिकालीन सुरक्षा गार्डको व्यवस्था गर्ने।

#### ४.७.२.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- ११/१२ मा विज्ञान विषयको पठनपाठान सुरु गरिएको तथा बहुप्राविधिक शिक्षालयको सञ्चालनको लागि पूर्व तयारी गरिएको।
- १५९ जना विद्यार्थीहरू छात्रवृत्ति प्रदान गरी मिक्लाजुङ क्याम्पसमा उच्चशिक्षा अध्ययन गरिरहेका।
- सिकाइ सुधारका लागि अतिरिक्त समय विद्यालय सञ्चालन गर्न १० विद्यालयलाई प्रोत्साहन गरिएको।
- यस पालिकामा ५ वर्षभन्दा माथिको उमेर समूहको साक्षरता दर ८२.९ प्रतिशत रहेको छ जसमा पुरुष ८८.० प्रतिशत र महिला ७८.३ प्रतिशत रहेको।

- यस पालिकामा ३८ सामूदायिक विद्यालय र १४ वटा संस्थागत विद्यालय गरी ५२ वटा विद्यालय सञ्चालनमा रहेको ।
- कक्षा १ मा खुद भर्नादर ९६.७ प्रतिशत, उतीर्ण दर ९५.९ प्रतिशत, विद्यालय छाड्ने दर ३.३ प्रतिशत र कक्षा दोर्याउने दर १.३ प्रतिशत रहेको ।
- प्राथमिक विद्यालयमा पहुँच नभएका उमेर समूहका बालबालिकाको सङ्ख्या शून्य प्रतिशत रहेको ।
- ३८ जना शिक्षकलाई विद्यालय कम्प्युटरसम्बन्धी तालिम प्रदान गरिएको ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी आधारभूत तह (१-८) सम्म लागु गरिएको ।
- नमूना विद्यालयका लागि २ वटा भवनको क्रमागत निर्माण भइरहेको ।
- वडा नं. १ मा रहेको बाल कल्याण आ.वि. लाई नमूना विद्यालयको रूपमा विकास गरिएको ।
- ४० जना बालविकास सहजकर्ताका लागि आधारभूत तालिम प्रदान गरिएको ।
- भाषा र संस्कृति संरक्षणका लागि किराँत भाषा लिपि कक्षा सञ्चालन गरिएको ।
- केही विद्यालयहरूमा बालसमूहको गठन तथा परिचालन गरिएको ।
- ४५ जना विद्यालय कर्मचारीलाई लेखा तथा जिन्सी व्यवस्थापन तालिम प्रदान गरिएको ।
- ३८ जना शिक्षकलाई विद्यार्थी मूल्याङ्कन तथा अभिलेख व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको।
- ४ वटा विद्यालयमा रात्रिकालीन सुरक्षा गार्ड प्रदान गरिएको ।
- २४ वटा विद्यालयमा शिक्षक शिक्षण सिकाइ अनुदानबाट शिक्षक व्यवस्था गरिएको ।
- १३ विद्यालयमा CC Camara, ई हाजिरी सिस्टम र ११ विद्यालयलाई कम्प्युटर, प्रिन्टर प्रदान गरिएको
- १४ जना विषय विज्ञ तथा रोष्टरबाट ३८ वटै विद्यालयमा ३ पटक अनुगमन तथा पेशागत सहयोग उपलब्ध गराएको ।
- २८ जना शिक्षकलाई आधारभूत तालिम दिई ४६८ जना स्काउट विद्यार्थी तयार गरिएको ।
- एउटा विद्यालयमा बस खरिद गरी सञ्चालनमा ल्याएको ।
- शैक्षिक शत्र २०७९ मा प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या १-५ मा १३ जना ६-८ मा २६ जना र ९-१० मा ६३ जना रहेको छ ।
- सामूदायिक विद्यालयका २५०३ जना विद्यार्थीलाई विभिन्न किसिमको छात्रवृत्ति उपलब्ध गराएको ।
- ३१५० जना विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको तथा गाउँपालिकाबाट थप रकम प्रदान गरी दिवा खाजाको गुणस्तर सुधार गरिएको ।
- दलित बालबालिकाको शिक्षामा पँहुच बढाउन दलित छात्रवृति, विद्यालय स्वागत कार्यक्रम र विद्यार्थी भर्ना अभियानको प्रयासले गर्दा ५.४४ प्रतिशत रहेको छ । अपाङ्गता भएका (सुस्त श्रवण तथा बहिरा,

दृष्टिविहीन, सुस्त मनस्थिति) बालबालिकालाई स्रोत कक्षामा राखी शिक्षा र छात्रवृति उपलब्ध गराइएको ।

- नेपाल सरकार र प्रदेश सरकारको अनुदानमा निर्मित १३ कोठे विद्यालय भवन १, ४ कोठे भवन १ र २ कोठे एउटा भवन एउटा निर्माण गरिएको ।

### ४.७.२.३ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | लैङ्गिक अनुपात अनुकूल हुनेछ । विद्यालय छोड्ने दर शून्य हुनेछ वा न्यून हुनेछ । सिकाइ पद्धतिलाई समायानुकूल सुधार गरिने छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ । अनुसाशित र लगनशील जनशक्ति तयार गरिने छ । | शिक्षण प्रक्रियामा सुधार भएको छ । व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको । पूर्वाधार निमार्णमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा विद्यालय पूर्वाधार निर्माण भइरहेको । विद्यालय छोड्ने दर न्यून रहेको, तालिम प्राप्त शिक्षकको सङ्ख्या बढेको, लैङ्गिकता मैत्री शौचालय निमार्ण भएको । छात्रावृत्ति प्रदान गरेको । शिक्षण सिकाइ प्रक्रिया व्यवहारिक बनाऊने कार्य भइरहेको । | विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने भएर भर्नादर बढेको । |
| वार्षिक छात्रबृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने तथा शिक्षाप्रतिको बुझाइले बालबालिकाको शिक्षाप्रति आकर्षण बढेको । | |
| निःशूल्क पाठ्यपुस्तक वितरण गर्ने, | सबै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने । | निःशूल्क पाठ्यपुस्तक पाउने भएकाले सबै बालबालिकाले पढ्न पाउने भएका । | |
| ५ वर्ष मुनिका बालबालिकालाई शिशुमा भर्ना गर्ने, | २.५ वर्षदेखि ५ वर्षमुनिकालाई बालविकास केन्द्रमा ल्याउने । | प्रा.वि. तहमा शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको । | |
| विद्यालय भर्ना अभियान | विद्यालयबाहिर रहेकालाई शिक्षामा पहुँच बढाउने । | शिक्षाको प्रचार प्रसार भएको र विद्यालयमा पहुँच बढाउने भएको । | |
| मूल्याङ्कन परिक्षा | विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने । | कक्षा टेष्ट, त्रैमार्सिक, अर्धवार्षिक परीक्षा दिँदै आएको र शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण दिँदै आएको । | |
| शिक्षामा समावेशिकरण | सबैलाई समान अवसर प्रदान गर्ने । | कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको । | |

### ४.७.२.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पूर्ण साक्षर, अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गर्न व्यवहारिक रुपमा नसकिएको तथा आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसङ्ख्यक विद्यालययरू वञ्चित हुनु।
- राजनीतिक पार्टीहरूले शिक्षकहरूको सङ्गठन मार्फत शिक्षकलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्न साधनको रूपमा पर्योग गर्नुका साथै विद्यालयका कार्यक्रम सञ्चालन गर्न विभिन्न निकाय तथा राजनीतिक र सामाजिक सहयोगको वातावरण सिर्जना नभएको।
- शिक्षक, विद्यार्थीहरू विद्यालयप्रति चनाखो नहुनु तथा आर्थिक रुपले विद्यालयहरू कमजोर हुनु।
- स्थानीय निकायमा विनियोजित बालबालिकाको क्षेत्रमा छुट्टाइएको बजेट तोकिएको क्षेत्रमा तथा समयमा खर्च नहुनु।
- मानवीय श्रोत साधन परिचालनमा कठिनाइ भएकाले बालविकास केन्द्रमा धेरै व्यक्तिले रोजगार पाउन सक्ने सम्भावना भएको तर बजारमा यो विषयमा दक्ष व्यक्तिको अभाव रहेको।
- लामो समयसम्म स्थानीय निकाय राजनीतिक नेतृत्वविहिन हुँदा शिक्षा कार्यान्वयनमा कठिनाई भएको
- नतिजामा आधारित दण्ड र पुरस्कार प्रणाली लागु नहुँदा शिक्षा क्षेत्रमा स्वाच्छन्दता मौलाएको।
- शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अवस्था बीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुनु। कतिपय विद्यानयमा अत्यन्त धेरै हुनु।
- मध्यम तथा उच्च वर्गका छोरा, छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु।

### ४.७.२.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त तथा विद्यालयमाथि स्थानीय सहयोग, सहकार्य, अनुगमन र मूल्याङ्कन गर्नुपर्ने।
- विद्यालयलाई एकआपसमा आवश्यकता, औचित्यता तथा विद्यार्थी शिक्षक अनुपातका आधारमा मर्ज गर्दै लैजानुपर्ने।
- पहुँच वृद्धिका लागि छात्रवृत्ति लगायतका कार्यक्रमहरू अझ सशक्त बनाउँदै सञ्चान गर्नुपर्ने।
- गैर सरकारी संस्था र स्थानीय निकाय, विषयगत कार्यालयहरू समेतको पहलमा भर्ना हुन नसकेका र शिक्षाको पहुँच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गर्न विशेष कार्यक्रम तय गर्नुपर्ने।
- गुणस्तरीय पठन पाठनका लागि सरोकारवालाहरूसँग सहयोग र सहकार्य गर्नुपर्ने।
- गाउँपालिका, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा समन्वय अधिकारीबाट समय समयमा विद्यालयको अनुगमन गर्नुपर्ने।
- विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघको प्रभावकारी व्यवस्थापन तथा परिचालनका लागि प्रभावकारी प्रयास हुनुपर्ने।

- विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रमहरूको सञ्चालनमा जोड दिनुपर्ने। समुदायमा विद्यालय व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार तथा छलफलको निरन्तरता दिनुपर्ने।
- विद्यालयको भौतिक वातावरण विकासका लागि विद्यालय भवन निर्माण,बाहिरी वातावरण विकास तथा विद्यालय मर्मत सम्भारको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनुपर्ने।
- शिक्षामा गुणस्तर, सान्दर्भिकता, कार्यदक्षता र संस्थागत सक्षमता विकासका लागि सरकारको मार्गदर्शनअनुसार कार्यक्रम कार्यान्वय गर्नुपर्ने।
- पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरू समयमै विद्यालयहरूमा उपलब्ध गराउनुपर्ने।
- दरबन्दीअनुसारका विषगत शिक्षकहरू विद्यालयहरूमा हुनुपर्ने।
- विद्यालयहरूमा पूर्वाधार निर्माण गर्दा र निर्माण गरिएका विद्यालयहरू बाल मैत्री हुनुपर्ने।
- विद्यालयको कामको आधारमा विद्यालयलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रमरु सञ्चालन हुनुपर्ने।
- कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्तिका कारण पत्ता लगाइ कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्ति घटाउनुपर्ने।
- शिक्षाका कार्यक्रम सञ्चालनको पारदर्शिता ल्याउने सम्पूर्ण पक्षलाई अभिप्रेरित गर्नुपर्ने।
- स्थानीय निकाय,गै.स.स.सँगको सहकार्यमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने।
- वैकल्पिक शिक्षा तथा अनौपचारिक शिक्षा, समाहित शिक्षाको व्यवस्था एंव सुदृढीकरण गरी सबैमा शिक्षाको पहूँच पुर्याउने।
- बाल विकास केन्द्रहरूको विस्तार र सुदृढीकरणमा जोड दिने।
- माध्यमिक शिक्षाका लागि वैकल्पिक कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- बालबालिकाहरू, दलित, पिछडिएका वर्ग, जनजाति तथा विशेष आवश्यकता भएका बालबालिका हरूलाई (प्राथमिक शिक्षाको) शिक्षाको मूल प्रवाहमा समाहित गर्ने।
- विद्यालयको व्यवस्थापकीय एंव भौतिक पक्षको सुधार गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने।

### ४.७.३ महिला, बालबालिका तथा समावेशी क्षेत्रको विवरण

#### ४.७.३.१ मूख्य उद्देश्य

- आर्थिक, सामाजिक, राजनैतिक रुपमा पिछडिएका र अवसरबाट वञ्चित रहेका विपन्न महिलाहरूको विकासका लागि चरणवद्ध रुपमा चेतना जागरण, क्षमता विकास एवं सामाजिक परिचालन गर्दै स्थानीय स्तरमा महिलाहरूको सक्षम र आत्मनिर्भर सामूदायिक संस्थाहरूको विकास तथा प्रवर्दन गर्ने र त्यसका लागि सहकार्यको अवधारणालाई समेत प्राथमिकता दिने,
- महिला सशक्तिकरण गरी लैंङ्गिक मूलप्रवाहीकरण गर्ने,
- सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गकोसमेत सहभागितामा सामाजिक जागरण बढाउने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैह्रसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सुत्र र सहजकर्ताको भूमिका निर्वाह गर्न सम्पर्क निकाय भइ कार्य गर्ने,
- सञ्चालित कार्यक्रमहरूको अपेक्षित उपलब्धि हासिल गर्न निरन्तर अनुगमन गर्ने,
- वालक्लवहरूको निर्माण गर्ने र यथोचित तालिमको व्यवस्था गर्ने।

#### ४.७.३.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- सेवाग्राहीको सुविधालाई ध्यानमा राखि प्रकृयामा सहजता ल्याइएको।
- सबै जातजातिका महिलाहरूको लागि बिभिन्न सीपमूलक तालिम तथा क्षमता विकास तालिम स्वरोजगार क्षमतामा वृद्धि गरिएको।
- महिलाहरूलाई विभिन्न रोगहरूबाट बच्न स्वास्थ्य शिविरहरूको आयोजना गरिएको।
- गर्भवती महिला जाँच गर्भवती महिला पोषण कार्यक्रम सञ्चालन गरिएको।
- बालक्लबहरूको गठन र त्यसको आवश्यकताबारे विद्यालयतहसम्म अभिमुखीकरण गरिएको।
- बालबालिकाको भरणपोषण, विद्यालय भर्ना र छात्रवृति, पोषणयुक्त खाना वितरण र बाल अधिकारसम्बन्धी तालिम गोष्ठीको आयोजना गरिएको छ।
- सूचना व्यवस्थापनका लागि बालबालिकाको अवस्थाबारे र कार्यालयको वार्षिक प्रतिवेदनहरू प्रकाशन गरिएको।
- प्रहरी कार्यालय मिक्लाजुङ तथा उर्लाबारी प्रहरी कार्यालयको समन्वयमा यस कार्यालयको रेकर्डअनुसार गत वर्ष बालबिवाहमा उजुरी नै नभएको, बालविवाहलाई कम गर्नको लागि बालबिवाह विरुद्धको अभियान सञ्चालन र सहकार्य भइरहेको।

- सामाजिक विकृति र विसङ्गति रोक्नका लागि महिला हिंसा, दाइजो प्रथा विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन र सामाजिक विकृतिमा सम्लग्न ब्यक्तिहरूलाई कडा सजायको ब्यवस्था गरिएको ।
- विपन्न महिलाहरूको लागि लोक सेवा आयोग तयारी कक्षा सञ्चालन, महिलाहरूका लागि डाईभिङ् तालिम, व्युटी पार्लर तालिम, ढाका तालिम, ढाकाको तानसेट वितरण गरी महिलाहरूलाई उद्यमी बनाउने प्रयास गरेको ।
- ९ वटै वडामा १ दिने सिजनल तरकारी खेतीसम्बन्धी तालिम तथा मकैको बिऊ उत्पादन तथा प्राङगारिक खेतीसम्बन्धी तालिम सञ्चालन गरिएको ।
- प्रहरी कार्यालयको रेकर्डअनुसार बालवालिका तथा महिलाहरूको अपहरण, जवरजस्ती करणी, आत्महत्या, भवितब्य घटना तथा मानव बेचबिखन र कर्तव्य ज्यान मुद्दामा कमी आएको तथा तुलनात्मक रुपमा महिला हिंसाका बारेमा महिलाहरू सचेत भएको देखियो । यसका लागि गाउँपालिका स्तरमा दुर्व्यसन  नियन्त्रणका लागि समय समयमा कार्यक्रम तथा संवादहरू भइरहेको देखियो ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका ३८ वटा सरकारी विद्यालय र सामूदायिक बाल विकास केन्द्रका विद्यार्थीहरूलाई पोषणयुक्त खाजा प्रदान गरिएको ।
- बाल श्रम विरुद्धको अभियान सञ्चालन गर्दा बाल श्रममा कमी आएको ।
- गाउँपालिकाको कार्यालयले सुरक्षा भत्ता पाउने व्यक्तिहरूको नामावलीसहित डाटा सङ्कलन गरिरहेको तथा दोहोरो प्रणालीलाई शून्यमा झारेको ।
- जेष्ठ नागरिकहरूले सम्मानपूर्वक बाच्न पाउने अधिकारको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको ।
- उचित पालक र बृद्ध बृद्धाहरूको लागि प्रोत्साहन कार्यक्रमको आयोजना गरी उचित पालक र बृद्ध बृद्धाहरूलाई पुरस्कार वितरण गर्ने गरिएको ।

### ४.७.३.३ सामाजिक विकासतर्फ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमहरूको विवरणः

| सञ्चालित कार्यक्रम /आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| कृषकलक्षित कार्यक्रमका लागि १ दिने सिजनल तरकारी खेतीसम्बन्धी तालिम | २०० जना | २०० जना कृषक तरकारी खेतीबाट लाभान्वित भएका छन । | |
| बङ्गुर पालन प्रवर्धन खोर सुधार आदिवासी जनजाति | २० जना | २० जना बङ्गुर पालन व्यवसायीलाई खोर सुधार तथा | |
| दुधालु गाई वितरण | १४ जना | १४ जना पशु वयवसायीलाई दुधालु गाई वितरण गरिएको। | |
| युवा सिपमूलक कार्यक्रमअर्न्तगत ड्राईभिङ्ग तालिम तथा दलितलक्षित ड्राईभिङ्ग तालिम कार्यक्रम | ६० जना | ६० जनाले ड्राईभिङ्ग तालिम लिई आत्मनिर्भर बनेका । (वडा नं. २,४,५ र ७ का सहभागिहरूले तालिम लिएका) | |
| महिलालक्षित सिपमूलक कार्यक्रमअर्न्तगत सुईटर बुनाई सिप विकास तालिम | १०० जना | १०० जना सहभागिहरूले धागोबाट सुईटर बुन्नेकाम गरेका । (वडा नं. २ र ३ का सहभागिहरू) | |
| खेलकुद कार्यक्रमअर्न्तगत खेलकुद सामग्री खरिद तथा वितरण | ४०० जना | ४०० जना सहभागिले विभिन्न प्रकारका खेलकुदका सामग्री प्राप्त गरेका । (वडा नं. ३,४,५,६,७,८ र ९ का) | |
| सामुदायिक विद्यालयका कक्षा ५ सम्मका विद्यार्थीलाई व्याग वितरण कार्यक्रम | १५० जना | १५० जना सामदायिक विद्यालयका गरिब विद्यार्थीहरूलाई व्याग वितरण कार्यक्रम (वडा नं. ४ का) | |
| खेलकुद कार्यक्रमअर्न्तगत खेलमैदान मर्मत तथा खेलकुद सामग्री खरिद तथा वितरण | सबै वडाहरू | सबै वडाहरूमा खेल मैदान निमार्ण तथा खेलकुद समुह लाई खेलकुदका सामग्री वितरण | |
| महिला लक्षित व्युटिपार्लरसम्बन्धी सिप विकास तालिम | ८० जना | व्युटिपार्लरसम्बन्धी तालिम लिएर व्यवसाय गर्न तथा रोजगारी बन्न सफल । | |
| नौमती बाजा खरिद तथा वितरण | ४० जना | आफनो संस्कृति जगेर्ना गर्न तथा रोजगारी बन्न नौमती बाजा खरिद गरी वितरण गरिएको (वडा नं. ५ मा) | |

| | | | |
|---|---|---|---|
| महिला लक्षित सिपमूलक कार्यक्रमअर्न्तगत महिलाहरूका लागि ढाका तान वितरण | ४० वटा तानसेट | ४० जना ढाका तालिम लिएका र व्यवसाय गर्न इच्छुक महिलाहरूलाई ढाकातान वितरण गरिएको । (वडा नं. ७) | |
| १ दिने लागूऔषध तथा दुर्व्यसन रोकथाम तथा अभिमुखीकरण कार्यक्रम | ४० जना | लागूऔषध तथा दुर्व्यशन रोकथाम बारे जानकारी प्राप्त गरेका । (वडा नं. ७) | |
| स्वास्थ्य शिविर सञ्चालन | २०० जना | स्वास्थ्य शिविरमा स्वास्थ्यसम्बन्धी विभिन्न रोगको उपचार तथा सवास्थ्यसम्बन्धी जानकारी । (वडा नं. ८) | |
| महिला शसक्तिकरण कार्यक्रमअर्न्तगत महिलाहरूका लागि उद्घोषण तालिम र माइन्युट लेखन तालिम | ४० जना | ४० जना सहभागिले उद्घोषण र माइन्युट लेखनमा दक्ष भएका । (वडा नं. ८) | |
| दलित लक्षित कार्यक्रअर्न्तगत सिलाई तालिम र सिलाई मेसिन वितरण | १० जना | १० जनालाई सिलाई तालिम र १० जनाको एउटा समूहमा ३ थान सिलाई मेसिन वितरण (वडा नं. ८) | |
| दलित लक्षित कार्यक्रअर्न्तगत आरन वितरण | १४ जना | दलित समूदायका १४ जना व्यक्तिहरूलाई सामूहिक रुपमा आरन वितरण सम्पन्न । | |
| दलित वर्ग उत्थान कार्यक्रअर्न्तगत पञ्चेबाजा खरिद र वितरण | १२० जना | दलित समूदायका समूहमा पञ्चेबाजा वितरण त्यस स्थानमा बसोबास गर्ने १२० जना लाभान्वित भएका (वडा नं. ९) | |
| महिला विकास कार्यक्रमअर्न्तगत महिलाहरूका लागि उद्घोषण तालिम तालिम | ६० जना | ६० जना सहभागिले उद्घोषण तालिम लिई उद्घोषण गर्न सक्षम भएका । (वडा नं. ९) | |
| बालबालिकाको हक अधिकार बारे गोष्ठी तथा अभिमुखीकरण | ८० जना | ८० जना बालबालिकालाई बाल अधिकारको बारेमा जानकारी गराउने कार्य (वडा नं.७) | |
| विपन्न आवास कार्यक्रमअन्तर्गत घर निर्माण | १५ घर | १५ जना विपन्न परिवारका मानिसहरूलाई आवास निर्माण | |
| बाख्रा पालन तालिम सञ्चालन | ५३ जना | व्यवसायिक रूपमा बाख्रा पालन गर्न तालिम सञ्चालन भएको | |

### ४.७.३.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- बजेट कम हुनु सहभागि धैरै हुनु।
- तालिममा लक्षित वर्गको मानिसहरूभन्दा बेलवाला र पहुँच वालाको उपस्थिति बढी हुनु।
- बजार स्तरमा कार्यक्रम बढी सञ्चालग हुनु गाउँस्तरमा कम कार्यक्रम सञ्चालन हुनु।
- वालक्लव तथा वाल संरक्षण समितिहरूमा उल्लेख्य वृद्धि नहुनु।
- हिंसामा परेका महिलाले आफू हिंसामा परेको कुरा नभन्नु तथा महिलाहरूमा हिंसाविरुद्ध चेतना अभिवृद्धि आवश्यक समन्वय र सहयोगको वातावरण सिर्जना गर्नु।
- विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिमहरू समयमै सञ्चालन नहुनु।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था यथोचित नहुनु तथा गरिबी घटाउन नीतिगत व्यवस्था नगरिनु।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न, गरिब, दलित तथा लक्षित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजना कार्यक्रमहरू पालिका र गैर सरकारी संस्थाबीच समन्वय नहुनु।
- नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्म, हरूको समावेशी, अवसर, रोजगारी सर्जना भएजस्तो देखिए पनि यथार्थमा त्यस्तो ब्यवस्था नहुनु।
- वातावरण सुधार, ध्वनि नियन्त्रण, घर तथा उद्योगहरूबाट निस्कने धूवाँ नियन्त्रणमा नहुनु।

### ४.७.३.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- समयमै बजेटको व्यवस्था गर्नु तथा बजेट कम हुन नदिनु।
- तालिमामा लक्षित वर्गको मानिसहरूलाई प्रथमिकताका साथ उपस्थिति गराउनु।
- बजार स्तरमा भन्दा गाउँस्तरमा कार्यक्रम बढी सञ्चालन गर्नु।
- बालक्लव तथा वाल संरक्षण समितिहरूमा वृद्धि गर्दै लैजानु तथा बाल क्लबहरूको सुदृढीकरणमा जोड दिँदै बालबालिकाहरूमा नेतृत्व गर्ने सक्ने क्षमताको विकास गराउनु।
- हिंसामा परेका महिलालाई हिंसा न्यूनीकरण गर्न दुबै पक्षलाई झिकाई छलफल तथा मिलापत्र गराउने वातावरण सृजना गर्नु।
- विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिमहरू समयमै पाठ्यक्रमअनुसार सञ्चालन गर्नु।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था गरी गरिबी घटाउन विभिन्न संघसंस्थाहरूसँग गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गरेर कार्यक्रमहरू सञ्चालन गर्नु, गराउनु।

- सामाजिक परिचालनअन्तर्गत अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजनाअन्तर्गत नागरिक सचेतना कार्यक्रम सञ्चालन गराउनु ।
- नीतिगतरुपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था गर्नु ।
- वातावरण सुधारका लागि घर तथा उद्योगहरूबाट निस्कने धूवाँ तथा ध्वनि नियन्त्रणका लागि सम्बन्धित निकायहरू पत्राचारमार्फत जानकारी गरानु र तत्काल त्यस्तो कार्य कम गराउनु ।
- एच आइ भी एड्सको निरन्तर अनुगमन, न्यूनीकरणको लागि योजना बनाई, बसाइ सराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूलाई विशेष ध्यान दिने तथा गाउँ वडा समन्वय समितिलाई परिचालन गराउनु ।
- विभिन्न नीति तथा कार्यक्रमबाट विकासमा समान सहभागितामा सुनिश्चितता गराउनु तथा बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समिति, अन्य लक्षित वर्गका समितिहरू मार्फत सहभागिता सुनिश्चित गराउनु ।
- स्थानीय बजार सम्मको पहुँच बढाउन यस यस गाउँपालिकाको पहाडी क्षेत्रमा सडक विस्तार तथा बजार क्षेत्रमा सिटी सफारी र अन्य साधनहरूको परिचालनमा जोड दिनु ।
- गाउँपालिकामा छुटै कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रको स्थापनामा जोड दिनु ।
- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको स्वरोजगार र शिक्षामा पहुँच बढाउन विभिन्न सीप विकाश तालिम, रोजगारमूलक  तालिम, छात्रवृत्ति आदिको बजेटमै व्यवस्था गरी सदा रुपमा लागु गर्नु गराउनु ।

### ४.७.४ भौतिक पूर्वाधार क्षेत्रको विवरण

#### ४.७.४.१ उद्देश्यहरू:

- सडक नपुगेको स्थानमा कच्ची सडक निमार्ण,
- कच्ची सडकहरूको प्राथमिकताको आधारमा ग्राबेल तथा स्तरोन्नति
- ग्राबेल सडकको प्राथमिकताको आधारमा कालोपत्रे निमार्ण।
- पुराना भवनहरूको स्तरोन्नति, नयाँ भवन निमार्णमा अपाङ्ग मैत्री, बालमैत्री, लैङ्गिकमैत्री, जेष्ठ नागारिकमैत्री निर्माण गर्ने,
- उपभोक्ता समितिमार्फत सञ्चालन हुने निर्माण कार्यमा ठूला मेसिन तथा औजारको प्रयोगलाई निरुत्साहित गर्ने,
- आवश्यक स्थानमा पुल पुल/कल्भर्टहरूको निमार्ण।

#### ४.७.४.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

**क) आ.ब. ०७९।०८० मा सडक, भवन निमार्ण तथा पुल/कल्भर्टहरूमा भएका क्रियाकलापहरू।**

आ.ब. ०७९।०८० मा सडकतर्फ पालिकाको लगानीमा निर्माण गरिएका उल्लेख्य क्रियाकलापहरू।

| **आ.ब. ०७८।०७९ सम्ममा सडक निमार्ण सम्पन्न भएको** | | | **आ.ब. ०७९।०८० सम्ममा सडक निमार्ण सम्पन्न भएको** | | |
|---|---|---|---|---|---|
| कच्ची सडक | ग्राबेल सडक | कालोपत्रे सडक | कच्ची सडक | ग्राबेल सडक | कालोपत्रे सडक |
| २२ कि.मि. | ६० कि.मि. | ६.२ कि.मि. | ७२ कि.मि. | ४४० कि.मि. | १८.५७ कि.मि. |

**ख) आ.ब. ०७९।०८० मा गाउँपालिकाको लगानीमा सम्पन्न गरिएका भवन संरचनाहरू।**

| आ.ब. ०७८।०७९ सम्ममा भवन निमार्ण सम्पन्न भएको | | | आ.ब. ०७९।०८० सम्ममा भवन निमार्ण सम्पन्न भएको | | |
|---|---|---|---|---|---|
| निमार्ण सम्पन्न | बहुवर्षीय भवनहरू | स्तर उन्नती भएका | निमार्ण सम्पन्न | बहुवर्षीय भवनहरू | स्तर उन्नती भएका |
| २ | ४ | ४ | २२ | ८ | १३ |

**ग) आ.ब. ०७९।०८० मा पालिकाको लगानीमा सम्पन्न भएका पुल/कल्भर्टहरू।**

| आ.ब. ०७८।०७९ सम्ममा पुल/कल्भर्ट निमार्ण सम्पन्न भएको | | | आ.ब. ०७९।०८० सम्ममा पुल/कल्भर्ट निमार्ण सम्पन्न भएको | | |
|---|---|---|---|---|---|
| निमार्ण सम्पन्न | निर्माणाधीन | सम्पन्न भएका | निमार्ण सम्पन्न | निर्माणाधीन | सम्पन्न भएका |
| ३ | ३ | ३ | ७ | २ | २९ |

**घ) यीबाहेक गाउँपालिका तथा वडा कार्यालयद्वारा सडक निर्माण, भवन, मठ मन्दिर, पाटी पौवा तथा सार्वजनिक स्थानहरूको संरक्षण तथा घेराबारा गर्ने काम पनि भएको पाइयो। सडक बाहेकका अन्य कार्यहरू यसप्रकार रहेका छन्**

| क्र.सं. | योजनाको नाम | वडा नं. | ला. ज. |
|---|---|---|---|
| १ | गंगादेवी आ.वि. मा कक्षाकोठाको फर्निचर मर्मत | १ | ४० जना |
| २ | सिर्जना आ.वि. मा घेराबारा तथा फर्निचर व्यवस्थापन | १ | २२ जना |
| ३ | हिमालाय आ.वि. कक्षाकोठा मर्मत | १ | ३० जना |
| ४ | मनोहरा आ.वि. मा कम्युटर व्यवस्थापन | १ | १२५ जना |
| ५ | चन्द्रोदय आ.वि. मा कम्युटर व्यवस्थापन | १ | १२० जना |
| ६ | टाँडी मा.वि. मा भवन मर्मत | १ | ३९० जना |
| ७ | जामुने खानेपानी मर्मत | १ | ३०० जना |
| ८ | लावा बस्ती कृषि सिँचाइ योजना प्लास्टिक ट्याङ्की | १ | ४० जना |
| ९ | सिर्जना मन्दिर घेराबारा | १ | २०० जना |
| १० | स्वास्थ्य चौकी झ्याल मर्मत | १ | ३००० जना |
| ११ | जौबारी गुम्बा सौचालय मर्मत | २ | १०० जना |
| १२ | देउराजको घर छेउको खानेपानी ट्याङ्की निर्माण | २ | ५०० जना |
| १३ | रामेश्वर शिवालय खानेपानी मर्मत पाइप खरिद | ३ | ३०० जना |
| १४ | छत्तरे पारघरी खानेपानी ट्याङ्की निर्माण | ४ | १५०० जना |
| १५ | शिवालय मन्दिर निर्माण पक्की | ४ | १५० जना |
| १६ | उत्थान छयोलिङ् गुम्बा निर्माण | ४ | ५५० जना |
| १७ | नेपाल कृस्चियन प्रसंशा दण्डली भवन मर्मत | ४ | १०० जना |
| १८ | खानेपानीको डिपियार तथा खानेपानि ट्याङ्की निर्माण | ५ | ७०० जना |
| १९ | खोलिटा गाउँघर क्लिनिक पक्कि | ५ | ७५० जना |
| २० | लाल वस्ति तटवन्धन १६५ मि. ड्याम | ५ | १०० जना |
| २१ | आलमसारी गुम्वाको भवन मर्मत | ६ | १५० जना |
| २२ | किराँतेश्वर मन्दिर स्तरोन्नति | ६ | २०० जना |
| २३ | वडा कार्यालयको पार्किङ निर्माण | ६ | सेवाग्राही सबै |
| २४ | विपद व्यवस्थापनको लागि तारजालि१०० थान | ६ | ३०० जना |
| २५ | बिहानिटोल सडक बत्ती | ७ | सेवाग्राही सबै |
| २६ | चन्द्रोदय आ.वि. मा बालमैत्री कोठा सुधार तथा विद्युत वाइरिङ मर्मत कार्य | ७ | १००० जना |
| २७ | मकै रोप्ने मेसिन, टनेल र ठेलागाडा समूहमा वितरण | ७ | २००० जना |
| २८ | वडा नं. ७ मा रहेका ७ वटा मन्दिर तथा चर्चहरूमा मर्मत, रङरोकन तथा | ७ | ३००० जना |

| | | | |
|---|---|---|---|
| | घेराबारा | | |
| २९ | मधुमल्ला बधशाला निर्माण | ७ | ३००० जना |
| ३० | कबिर मन्दिर टायल विच्छयाउने | ७ | ५०० जना |
| ३१ | किराँत राई यायोख्खा भवनमा छाना निर्माण | ७ | ७०० जना |
| ३२ | मावा टाँडी कुलो सिचाई तथा मर्मत | ७ | १००० जना |
| ३३ | मावा कुलो निर्माण कक्की | ८ | २००० जना |
| ३४ | साझा सुविधा केन्द्र | ८ | ६० जना |
| ३५ | वडाका सडकहरूमा सडक बत्ति विस्तार | ८ | ३००० जना |
| ३६ | किराँत मन्दिर भवन निर्माण | ८ | ४०० जना |
| ३७ | मलामी घर टहरा निर्माण पक्की | ८ | ३००० जना |
| ३८ | वृद्धा क्लव भवन निर्माण | ८ | १००० जना |
| ३९ | वडा कार्यालयमा टायलसहितको पार्किङ निर्माण | ८ | २३५० जना |
| ४० | वडा कार्यालय घेराबारा | ९ | सेवाग्राही सबै |
| ४१ | ब्रम्मकुमारी राजयोग भवनको तला विस्तार | ९ | २०० जना |
| ४२ | मधुमल्ला अस्पताल ट्रस्ट तथा तला थप | ९ | ५००० जना |
| ४३ | सार्वजनिक शौचालय निर्माण | ९ | सेवाग्राही सबै |
| ४४ | मनकामना टोल सडक बत्ती | ९ | सेवाग्राही सबै |

### ४.७.४.३ गत आर्थिक वर्षमा भौतिक पूर्वाधारतर्फ भएका क्रियाकलाप तथा उपलब्धिहरू

- भौमिक पूर्वाधारतर्फ यामचोक खोमलङ्टार सडक, मावा खोला नाइटेवानी, मलामी टहरा सडक, मिनेचोक भण्डारीचोक सडक जस्ता दीर्घकालीन महत्वका सडकहरू कालोपत्रे कार्य भएको ।
- मिक्लु खोला, सोल्टी खोला, मगर खोला मोटरेवल पुल निर्माण कार्य सञ्चालगमा, पर्यटकीय स्थल कोलङ् झरना मोटरेवल साथै विभिन्न सामूदायिक विद्यालय, स्वास्थ्य संस्थाहरूको भौतिक सवलीकरण र कोल्डस्टोर निर्माणसम्बन्धी कार्य भएको ।
- ठूला परियोजना निर्माण कार्यका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा डि.पि.आर.निर्माण गरी कार्य सुरुवात गरिएका छन् । वडा स्तरीय योजनाहरूको हालसम्मको प्रगति अवस्था हेर्दा साना ठूला गरी १३१ अयोजनाहरूमध्ये ५४ वटा योजनाहरू सम्पन्न भएको, ९३ वटा योजनाहरू सम्झौता भई कार्य भरहेको छ ।
- वडा नं. ७ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको ।
- सिमले सफेवा खोला मल्टि सेल्ल बक्स कल्बर्ट निर्माण सम्पन्न भएको ।
- पर्यटकीय स्थल कुलुङ झरना वडा नं. ४ सम्मको मोटरेवल बाटो निर्माण कार्य सम्पन्न भएको छ ।

### ४.७.४.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- गा.पा. बाट सञ्चालित योजनाहरूको सङ्ख्या धेरै हुने भएकोले प्राविधिक कार्यालयमा सीमित जनशक्तिको कारणले नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाइ भएको।
- प्राविधिकहरू तथा उपभोक्ता समितिलाई समसामयिक तालिमको व्यवस्था नभएको।
- प्राविधिक स्रोत साधनको कमी तथा भवन इजाजत कार्यविधिको कमि।
- लागत सहभागिताको योजनामा उपभोक्ता समितिले रकम जम्मा गर्न नसकेकोले योजना सञ्चालनमा ढिला हुने गरेको।
- योजना सञ्चालनको अवस्थामा खोला बन्द भएको कारण ढुङ्गा, गीट्टी र बालुवा समयमा उपलब्ध नहुनु।
- पूर्वाधार तर्फको बजेटको ६६.३४ प्रतिशत मात्र बजेट खर्च भएकोले अन्य बजेट खर्च नहुनाको कारण पत्ता लगाइ त्यसअनुरुप कार्य गर्ने।
- बजार भाउ घट बढ भएको कारणले तोकएको बजेटबाट काम सम्पन्न हुनमा समस्या भएको।

### ४.७.४.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- गाउँपालिकाबाट सञ्चालित योजनाहरूको सङ्ख्या छनोट गर्दा आजश्यकता र प्राथमिकताको आधारमा छनोट गर्ने।
- प्राविधिक कार्यालयमा रहेका कर्मचारी जनशक्तिलाई कार्यालयको प्राविधिक काममा मात्र लगाउने तथा अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणमा विशेष ध्यान दिनलगाउने।
- प्राविधिकहरू तथा उपभोक्ता समितिका व्यक्तिहरूलाई समसामयिक तालिमको व्यवस्था गर्ने।
- प्राविधिक स्रोत साधनको उचित प्रयोग गर्न कार्यविधि बगाउने तथा साना साना आयोजनाहरू उपभोक्ता समितिमार्फत र ठूला E-Bidding आयोजनाहरू सञ्चालन तथा आयोजना गर्ने।
- लागत सहभागितालाई बैग्यानिक बनाउने तथा लागत सहभागिता उठाउन नसक्ने परिवारका लागि गाउँपालिकाले यथोचित प्रवन्ध गर्ने, मिलाउने।
- ढुङ्गा, गीट्टी र वालुवा वर्षातको समयमा उत्खनन्न गर्न नमिल्ने भएकाले योजना समयमै सम्झैता गरी सञ्चालन सम्पन्न गर्नुपर्ने।
- उपभोक्ता समिति वा निर्माण कर्ताले बजार भाउ घट बढबारे यकीन गरी मालसामानको यथोचित प्रबन्ध मिलाउनुपर्ने।

### ४.७.५ कृषि विकास शाखा क्षेत्रको विवरण:

#### ४.७.५.१ उद्देश्य;

- कृषिलाई व्यवसायिक बनाउँदै कृषि विमा कार्यक्रम लागु गर्ने,
- कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गको माघमा आधारित सीप विकास तालिम सञ्चालन गरिने,
- खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, चिस्यान केन्द्रको सञ्चालन गरी कृषि उत्पादनको भण्डारणका लागि आवश्यक व्यवस्था मिलाउने,
- कृषिसम्बन्धी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन र छात्रवृत्तिको व्यवस्था गर्ने,
- कृषिलाई व्यवसायीकरणको माध्यमबाट आधुनिकीकरण गरी आत्मनर्भर तर्फ उन्मुख हुदै गरिवी निवारण गर्ने,
- रैथाने बालीहरूको सम्भाव्यता अध्ययन गरी परिक्षण को रूपमा खेती प्रारम्भ गर्ने।

#### ४.७.५.२ गत आ.ब. मा सञ्चालन विकास आयोजना तथा कार्यक्रमहरूको विवरण:

| आयोजना/ कार्यक्रम | लक्ष्य | उपलब्धि | कै. |
|---|---|---|---|
| प्राविधिक सेवा उपलब्ध गराउने | धान, मकै, गहुँ , तोरी र बेमौसमी तरकारी आदि | प्राविधिक सेवा उपलब्ध गराएको। कृषिमा व्यवसायिक रुपमा प्रवर्द्धन हुँदै गएको। | |
| आइपिएम पाठशाला | सञ्चालन भएको | सञ्चालन भएको | |
| घुम्ती तालिम सञ्चालन | घुम्ती तालिम सञ्चालन गर्ने, | घुम्ती तालिम सञ्चालन भएको। | |
| कृषि विमा | कृषि विमाका लागि अनुगमन गरी सिफारिस गर्ने | कृषि विमा गर्नेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको। | |
| अनुदान लक्षित कार्यक्रम | युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने,फलफूलका बिरुवा वितरण गर्ने, बेमौषमी तरकारीका लागि मिनिकिट, च्यापकटर र बीउ रोप्ने मेशिन वितरण गर्ने, | युवा लक्षित कृषि कार्यक्रममा सिप विकासका लागि अनुदान रकम दिइएको। कृषकलाई फलफूलका बिरुवा वितरण गर्ने। बेमौसमी तरकारीका लागि मिनिकिट वितरण तथा अनुगमन। च्यापकटर र बीउ रोप्ने मेसिन वितरण। | |
| कृषक समूह गठन | कृषकहरूलाई सङ्गठित गर्ने, कृषिमा एकद्वार प्रणाली लागु गर्ने, | कृषिकहरूको सक्रियतामा कृषक समूह गठन भएको । कृषि फर्म कृषि सहकारी संस्थाहरूसँग आबद्ध रहेको। कृषिमा आएका कार्यक्रम एकद्वार प्रणालीमार्फत गर्ने गरेको। | कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकरण, र हणय निकाय सँग समन्वय र सहकार्य |

### ४.७.५.३ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु

माहुरी, धान, च्याउ र केरा पकेट क्षेत्रको विकास कार्यक्रम सम्पन्न भइ पकेट क्षेत्र सञ्चालन गरिएको, कृषकलाई अनुदानमा तोरी, आलु, सूर्यमुखी, आँप, मेकेडेमिया, कागती, अकबरे आदीका बिऊ बिरुवा वितरण गर्नुका साथै कृषि चुन वितरण, निःशूल्क माटो परिक्षण, मकै छोडाउने मेशिन वितरण र आकस्मिक बाली संरक्षण कार्यक्रम सम्पन्न भएका छन् ।

#### अ) क्षमता विकास कार्यक्रमअन्तर्गत

- गाउँपालिकाको ९ वटै वडामा १ दिने सिजनल तरकारी खेतीसम्बन्धी तालिम ।
- गाउँपालिका स्तरीय मकैको बीउ  उप्पादन तथा प्राङ्गारिक खेती कार्यक्रम ।

#### आ) अनुदान वितरणसम्बन्धी कार्यक्रमअन्तर्गत

- कृषि औजार उपकरण तथा सामग्री - च्यापकटर र बीउ रोप्ने मेसिन वितरण
- मागमा आधारित फलफूल विरुवा वितरण -  आँप, लिची र कागती वितरण
- उत्पादन वृद्धिका लागि मूल तथा उन्नत बीउ वितरण - धानको बीउ  र तोरीको बीउ  वितरण
- बेमौसमी तरकारी खेतीका लागि प्लास्टिक घर निमार्ण साझेदारी कार्यक्रम
- मेकाडेमिया नटको खेती - उच्च मूल्यमा जाने मेकाडेमिया नट बिरुवा वितरण
- कृषि चुन वितरण - माटोको उर्वराशक्ति र उत्पादनशीलता बढाउने प्रति कृषकहरूमा सचेतना जगाउने कार्यक्रम
- विपन्न तथा निर्वाहमूखी कृषकलाई नयाँ प्रविधि प्रचार प्रसारको लागि मौसमी तथा तरकारी मिनिकिट वितरण

#### इ) उत्पादन वृद्धिका लागि पकेट विकास कार्यक्रमअन्तर्गत

- मौरी पकेट विकास क्षेत्र निमार्ण, प्रोत्साहन तथा संरक्षण कार्यक्रम वडा नं. १ र ४ मा सञ्चालन
- नयाँ च्याउ पकेट विकास कार्यक्रम वडा नं. १ मा सञ्चालन
- नयाँ धानवाली पकेट विकास कार्यक्रम वडा नं. ९ मा सञ्चालन
- तरकारी विकास कार्यक्रमको निरन्तरता वडा नं. ४ मा सञ्चालन भएको
- हिउँदे मकै प्रवद्धन कार्यक्रम नगद प्रोत्साहन गरेको
- भकारो सुधार र पशु बस्तुको मुत्र सङ्कलन ड्म वितरण ४० प्रतिशत

- आत्मनिर्भर तथा मिसिन कार्यक्रम रैथाने बाली इस्कुस खेती गरिरहेका कृषकहरूलाई नगद प्रोत्साहन।

**इ) अन्य कार्यक्रमहरू**

- किसान सूचीकरण कार्यक्रम
- माटो तथा मल परिक्षण प्रयोगशाला झुम्का कृषि प्रयोगशालाको सहयोगबाट माटो सङ्कलन गरी माटो परिक्षण गरिएको।

### ४.७.५.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- प्राविधिक जनशक्तिको कमी, श्रोत साधनको कमी,
- कृषि पेशामा गाउँपालिकाबासीको प्राथमिकतामा नपरेको,
- पालिकाभित्र भइरहेको अव्यवस्थित शहरीकरणले गर्दा कृषि योग्य जमिन घट्दै गइरहेको
- स्थलगत अध्ययन अवलोकनको क्रममा यस गाउँपालिकाको अधिकांश मानिसहरू परम्परागत कृषिमा आश्रित देखियो।
- कृषि शाखाले कृषकहरूको मागलाई केहीमात्रामा सम्बोधन गर्न नसकेको।
- कृषकहरूले प्राविधिक तथा व्यवसायिक तालिमहरू सोचेअनुसार नपाएको।
- कृषि योग्य जमिनमा पर्याप्त सिँचाइको सुविधा नभएको।
- उत्पादित कृषि वस्तु, अन्न तथा पशुपंक्षी र तरकारीको बेचविखन गर्न कृषि बजारको आवश्यकता देखियो।
- भौगोलिक रूपमा विकटता भएको हुनाले कृषि शाखामाका कर्मचारीहरूले सेवा दिन केही ढिलाई हुने गरेको देखियो।

### ४.७.५.५ कृषि क्षेत्रकाअल्पकालीन उद्देश्यहरू

- कृषि प्रणाली तथा विचारमा परिवर्तन ल्याउने।
- कृषक समक्ष नयाँ नयाँ उत्पादनका प्रविधि, ज्ञान, सीप तथा साधनसम्बन्धी जानकारी पुर्याउने।
- कृषि उत्पादन र उत्पादकत्वमा वृद्दि गर्ने।
- कृषक समूहमाफर्त कृषिका सम्पूर्ण कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्ने।
- कृषक समूहहरूलाई सहकारी संस्थामा परिणत गर्दै लैजान प्रचार प्रसार तथा अभिप्रेरित गर्ने।
- कृषि अनुसन्धानबाट पत्ता लगाईएका उन्नत प्रविधिहरू कृषक समक्ष पुर्याउन र कृषकको प्रतिक्रिया अनुसन्धान समक्ष पुर्याउने।

- सम्भाव्यताको आधारमा पकेट क्षेत्र छनौट गरी खाद्यान्न, तरकारी, फलफूल र नगदेबालीका व्यावसायिक कार्यक्रमहरूलाई प्रोत्साहन दिने ।
- ग्रामीण कृषि कार्यकर्ताहरूलाई स्थानीय स्थरमा कृषिको नेतत्वृ गर्नसक्ने गतिशील अगुवा कृषक तयार गर्ने ।
- साना सिँचाइको माध्यमबाट प्रति इकाई क्षेत्रफलको उत्पादकत्व बढाउनुका साथै बाली सघनतामा वृद्धि गर्नु ।

### ४.७.५.६ कृषि क्षेत्रका दीर्घकालीन उद्देश्यहरू:

- खाद्य वस्तुको बढ्दो आन्तिरक माग पूरा गर्न कृषि प्रसारको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाइ आत्मिनभरर बनाउने ।
- निम्न आय भएका वहसुंख्यक साना किसानहरूका लागि कृषि क्षेत्रका आयमूलक उत्पादनशील र स्वरोजगारका अवसरहरू वृद्धि गर्ने ।
- कृषिजन्य उत्पादनको संरक्षण, संशोधन तथा उपयक्तु बजार व्यवस्था, वितरण प्रणालीको सुधार गर्ने ।
- वातावरणीय सन्तलनु कायम राख्दै कृषक वर्गको तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा दिगो कृषि विकासको कार्यमा सहयोग पुर्याउने ।
- निवार्हमूखी कृषि पद्धतिलाई व्यवसायीकरणतर्फ उन्मुख गराउने ।
- पौष्टिक खाद्य वस्तुको उत्पादन र सन्तुलित उपयोगमा वृद्धि ल्याई जनताको स्वास्थ्यमा सुधार ल्याउने ।

### ४.७.५.७ कृषि क्षेत्रका भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू

- खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, र शीत भण्डारको स्थापना गरी गाउँपालिकाको विभिन्न ठाउँहरूमा विस्तार गरी उत्पादित फलफूल तथा तरकारीहरू विक्री वितरणमा कृषकलाई सघाउ पुर्याउने ।
- कृषि विमालाई सरल र सहज रुपमा अनिवार्य गर्नु ।
- रसायनिक मलको आपुर्ति समयमा सहज हुनु पर्ने तथा रसायनिक मलको विकल्पमा कम्पोष्ट मलको प्रयोग र उत्पादनमा आवश्यक तालिमका दिनुपर्ने ।
- कृषकहरूलाई उन्नत प्रविधि तथा बीउ विजन र तालीमको व्यवस्था हुनु पर्ने ।
- गाउँपालिका भित्रको सार्वजनिक जग्गाको लगत सङ्कलन गरी त्यसलाई कृषिका लागि निःशूल्क वा न्यूनतम मूल्यमा समुदाय वा सहकारीलाई दिई कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने ।

### ४.७.६ पशु विकास क्षेत्रको विवरणः

#### ४.७.६.१ उद्देश्य

- पशुपंक्षीलाई व्यवसायीकरणको माध्यमबाट आत्मनर्भरतर्फ उन्मुख हुँदै गरिवी निवारण गर्ने,
- परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नष्ल सुधारमा जोड दिँदै कृत्रिम गर्भधानलाई निःशूल्क गर्ने,
- दुध उत्पादनमा प्रोत्साहन गर्न दुध सङ्कन केन्द्रमा दुध बिक्री गर्ने व्यवस्था मिलाउने,
- पशुपंक्षीमा लाग्ने विभिन्न प्रकारका रोग विरुद्ध निःशूल्क खोपसेवा उपलब्ध गराउने ।

#### ४.७.६.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

गाई गोरुहरूमा विभिन्न किसिमका भ्याक्सिनहरू (खोरेत, भ्यागुत्ते र स्वाइन फिबर) सञ्चालन ।

- खोरेत रोगको भ्याक्सिन २५०० गाई गोरुहरूलाई लगाइएको ।
- भ्यागुते रोगको भ्याक्सिन २५०० गाई गोरुहरूलाई लगाइएको ।
- स्वाइन फिबर रोगको भ्याक्सिन २००० सुँगुर, बँगुरहरूलाई लगाइएको ।
- सामूदायिक वनसँगको साझेदारिमा सामूहिक बाख्रापालन कार्यक्रम सञ्चालन भएको ।
- घुम्ती पशु शिविर औषधि वितरण कार्यक्रम सञ्चालन भएको ।
- रेबिज भ्याक्सिन कुकुर २९२, बिरालो १३ वटालाई भ्याक्सिन लगाइएको ।
- बहुवर्षे घाँसको बीउ वितरण गरिएको ।
- गत आ.ब. मा नौ वटै वडाहरूमा रहेका गाई भैँसीहरूमा निःशूल्क रुपमा कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिएको जसअन्तर्गत ११३ जना कृषकहरूका, गाई स्थानीय ९०, गाई उन्नत ८३, भैँसी स्थानीय १५ र भैँसी उन्नत २५ वटामा निःशूल्क रुपमा कृत्रिम गर्भाधान गरिएको ।

#### अ) पशुपंक्षी औषधि खरिद तथा वितरण कार्यक्रमअन्तर्गत गरिएका प्रयास तथा उपब्धिहरू

पशुपंक्षी शाखाबाट निः शूल्क रुपमा औषधि वितरण गरिएको ।

| | | |
|---|---|---|
| **पशुपंक्षी सङ्ख्या १,१७,५५०।** | | |
| **लावान्वित कृषक सङ्ख्या ; २५००** | | |
| **गाई गोरु ४०५०** | सुँगुर बँगुर ७२०० | राँगा भैँसी ३२५० |
| **कुकुर बिराला १०५०** | भेडा बाख्रा २५००० | हाँस कुखुरा ७७००० |

### आ) स्वास्थ्य शिविर ४ वटा वडामा सञ्चालन गरी औषधि वितरण गरिएको कृषकको सङ्ख्या ४५१

| | | |
|---|---|---|
| **गाई गोरु ६७०** | **सुँगुर बँगुर १४२४** | **राँगा भैँसी १८६** |
| **कुकुर बिराला ७७** | हाँस कुखुरा ६२६ | हाँस कुखुरा ६२६२ |
| **जम्मा पशुपंक्षीहरूको सख्या १४४०६** | | |

### इ) गत आ.ब. मा पशु सेवासम्बन्धी सम्पन्न भएका कार्यक्रमहरू तथा उपलब्धिहरू

| क्र.सं. | कार्यक्रमको नाम | इकाइ | ला. कृषक सङ्ख्या |
|---|---|---|---|
| १ | विभिन्न किसिमका भ्याक्सिनहरू खरिद (खोरेत, भ्यागुत्ते र स्वाइन फिबर) | १ पटक | खोरेत ९०० ,भ्यागुत्ते ९०० स्वाइन फिबर १२० |
| २ | कृतिम गर्भाधान मिसन कार्यक्रम | सङ्ख्या | २१३ |
| ३ | पशुपंक्षी औषधि खरिद | पटक | १ पटक |
| ४ | रेबिज भ्याक्सिन खरिद | पटक | १ पटक |
| ५ | सर्जिकल तथा मेसिनरी सामग्रीहरू खरिद | पटक | १ पटक |
| ६ | पशुपंक्षी तथा पशुपालन व्यवसायसम्बन्धी तालिम | सङ्ख्या | १८० |
| ७ | लम्की स्किन डिजिज रोगको औषधि खरिद | पटक | १ पटक |
| | **घुम्ती शिविर तथा औषधि वितरण कार्यक्रम** | | |
| १ | लम्पी स्किन ,डिजिज रोगको भ्याक्सिन खरिद | सङ्ख्या | ४५५ |
| २ | इपिडिमियोलोजी रिपोट | पटक | १२ |
| ३ | उन्नत जातको कोरली बाछी वितरण वडा नं .१ मा | सङ्ख्या | १४ |

### ४.७.६.३ आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा भोगेका समस्याहरू

- सीमित साधन र असिमित मागको बीचमा तालमेल नभए पनि काम गर्नुपर्ने बाध्यता रहेको छ।
- पशु विमालाई तल्लो तहसम्म पुर्याउने सदस्य, औजार, उपकरण तथा स्रोत साधनको समस्या रहेको।
- पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसक्नु।
- गउँपालिका भित्र पशुपालनलाई कम महत्व दिनु।
- भौगोलिक बिकटता तथा जनशक्तिको अभाव रहनु।
- पशुहाटबजार तथा बिक्रिकेन्द्र नहुनु।

### ४.७.६.४ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- पशुक्षेत्र विकासका लागि स्थानीय तहले पूर्ण नेतृत्त्व लिनुपर्ने।
- अनुदानको दायरा सरल, सजह, मितव्ययी र फराकिलो बनाउनुपर्ने।
- पशुपालनको व्यवसायीकरण गर्न पशु पालक किसानलाई ऋण अनुदान र सहुलियतको व्यवस्था गर्नुपर्ने।
- पशु विमालाई अभियानको रुपमा सञ्चालन गर्नुपर्ने।
- निःशूल्क औषधि, बन्ध्याकरण र कृत्रिम गर्भाधानलाई प्रभावकारी बनाउनुपर्ने।
- पशुजन्य उत्पादनको बजारीकरणका लागि सरकारी संयन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनुपर्ने।
- मासु, अण्डा र छिटो प्रतिफलदिने पशु पंक्षीहरूको अध्ययन तथा अनुसन्धान गरी त्यस्तो व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने।
- माछा तथा माछापालन गर्ने स्थानको अध्ययन तथा अनुसन्धान गरी माछा व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने।

### ४.७.७ प्रधानमन्त्री रोजगार क्षेत्रको विवरण

#### ४.७.७.१ उद्देश्य

- बेरोजगार व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्ने,
- सरल र सहज तरिकाले श्रम स्वीकृति प्रदान गर्ने,

#### ४.७.७.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- ७५ जना बेरोजगार व्यक्तिहरूले ९० दिनको रोजगारी प्राप्त गरेका।
- जम्मा १९ वटा योजनाहरूमा रोजगारदाता व्यक्तिहरूलाई रोजगारी प्रदान गरिएको।
- ५५ जना व्यक्तिहरूलाई गाउँपालिकाबाट सहज तरिकाले श्रम स्वीकृति प्रदान गरिएको।
- सीप विकास तालिम अन्तर्गत इलेक्टिसियन तालिम जम्मा २० जना र प्लम्बिङ तालिम जम्मा १५ जनालाई यस शाखाबाट सञ्चालन गरिएको।
- रोजगार सेवा केन्द्र, गैर सरकारी संघ संस्थाहरू तथा विभिन्न मन्त्रालयहरूसँग समन्वय गरी वैदेशिक रोजगारिबाट फर्किएका वा जाने व्यक्तिहरूलाई रोजगार तथा वैदेशिक रोजगार परामर्श, आर्थिक सहायता तथा खोज तथा उद्धारका लागि सहयोग तथा सहजीकरण गरिएको।
- वैदेशिक रोजगारिमा जाने व्यक्तिहरूलाई श्रम स्वीकृति प्रदान।

#### ४.७.७.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- सूचीकृत बेरोजगार सङ्ख्या जम्मा २४१ जना रहेकोमा ७५ जनाले मात्र रोजगारी प्राप्त गरेकोले अन्य व्यक्तिहरू के कारणले पाउन सकेन्न पत्ता लगाई आउँदा दिनमा रोजगारी सङ्ख्या बढाउनु पर्ने देखियो।
- उचित तरिकाबाट अन्य शाखाहरूको सहयोग लिइ प्राप्त बजेट खर्च गरी धेरै भन्दा धेरैलाई रोजगारी दिनुपर्ने। (विनियोजित बजेट ४२,८६,००० खर्च भएको कुल बजेट ३६,००,४८० खर्च नभएको बजेट ६,८५,५२०)
- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय गरिदिनुपर्ने।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्नुपर्ने देखियो।

#### ४.७.७.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- बेरोजगार सूचीकृत गर्ने कार्य समयमै गर्ने।
- बरोजगार व्यक्तिहरूलाई पालिकाको अन्य स्रोत र साधनबाट लामो समय रोजगारी दिन सक्ने व्यवस्था मिलाउने।
- शाखामा प्राप्त बजेट खर्च गर्नका लागि समयमै योजनाको तयारी गर्ने।
- यस शाखाबाट सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्ने।

### ४.७.८ सामाजिक सुरक्षा तथा पन्जिकरण क्षेत्रको विवरण

#### ४.७.८.१ उद्देश्य

- सबै मानिसमा व्यक्तिगत घटना दर्ताको पहुँच पुर्याउने,
- सामाजिक सुरक्षा भत्ता सरल र सहज तरिकाले उपलव्ध गराउने, (कोही नछुटुन् कोही नदोरिउन्)
- बेवारिसे तथा अन्य कारणबाट जन्मेका बच्चाहरूलाई कानूनी प्रक्रिया पूरा गरी घटना दर्ता गर्ने गराउने,
- बसाँइसराई दर कम गर्ने।

#### ४.७.८.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

गत आर्थिक वर्षमा यस गाउँपालिकाबाट कुल १५६८ घटना दर्ता गरिएको, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहि ९८.४१ प्रतिशत विवरण रूजु गरिएयो भगे १०० प्रतिशत लाभग्राहीलाई गाउँपालिकाबाट वितरण हुने पहिलो त्रैमासिकदेखि चौथो त्रैमासिक सम्मको भत्ता विवरण गरिएको जसलाई तल देखाइएको छ।

| **पहिलो त्रैमासिक** | | | **दोस्रो त्रैमासिक** | | **तेस्रो त्रैमासिक** | | **चौथो त्रैमासिक** | |
|---|---|---|---|---|---|---|---|---|
| भत्ता प्राप्त लाभ ग्राही | कायम सङ्ख्या | वितरण गरिएको सं. | कायम सङ्ख्या | वितरण गरिएको सं. | कायम सङ्ख्या | वितरण गरिएको सं. | कायम सङ्ख्या | वितरण गरिएको सं. |
| अन्य जेष्ठ नागरिक | २०४३ | २०३७ | २०७७ | २०७४ | २१२५ | २१२० | २१७६ | २१६९ |
| जेष्ठ नागरिक दलित | १९३ | १९२ | १९२ | १९२ | १९१ | १९१ | १९२ | १९२ |
| जेष्ठ ना.एकल म. | २७७ | २७५ | २७७ | १७६ | २७१ | २७० | २६७ | २६६ |
| विधवा महिला | ४१४ | ४११ | ४२७ | ४२७ | ४३४ | ४३३ | ४४० | ४३८ |
| प्रर्ण अपाङ भत्ता | १०४ | १०४ | ११५ | ११५ | ११५ | ११५ | ११९ | ११९ |
| अति अशक्त भत्ता | २०६ | २०६ | २१९ | २१९ | २२१ | २२१ | २२२ | २२२ |
| दलित वालबालिका | २३३ | २३१ | २४२ | २३९ | २५५ | २५१ | २६२ | २६१ |

### घटना दर्ताको विवरण अध्ययन तथा विश्लेषण:

यस गाउँपालिकामा आ.ब. ०७९।०८० मा १ देखि ९ वटै वडाहरूमा स्थलगत अवलोकन गरेर हेर्दा व्यक्तिगत घटना दर्ताको विवरणअनुसार जन्म दर्ता ८१६ जना भएको देखिन्छ जसमा पुरुष ४४५ र महिला ३७१ जना रहेको देखिन्छ। मृत्यु दर्ता २३१ रहेकोमा १२६ पुरुष र ८७ जना महिलाहरूको मृत्यु एक आर्थिक वर्षमा भएको देखिन्छ। सम्बन्ध विच्छेदका घटना दर्ता ७६ रहेको छ भने ३२६ जनाको विवाह दर्ता भएको देखिन्छ। बसाँइ सरी जाने २१५ परिवारका (कुल परिवार सङ्ख्या ५८६)  रहेको छ भने बसाँइ सरी आउने २३८ परिवारका (कुल परिवार सङ्ख्या ६८७) जना रहेको देखिन्छ, घटना दर्ता जम्मा १८८४ जना रहेको देखिन्छ।

### ४.७.८.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरिहरू:

- व्यक्तिगत घटना दर्तालाई हेर्दा यस गाउँपालिकामा सबै वडाहरूमा अनलाइन प्रक्रियाद्धारा घटना दर्ता सञ्चालन भइरहे पनि  इन्टरनेटको समस्याले काममा ढिलो हुँदा सेवाग्राहीको असन्तुष्टि रहने गरेकोले इन्टरनेटमा सुधार गर्नुपर्ने देखियो।
- व्यक्तिगत घटना दर्ता गर्न अझै पनि मानिसहरू ३५ दिनभित्र नआउने देखिएकोले घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।
- फिल्डमा गएर अध्ययन गर्दा केही मानिसहरू विवाह गरेको लामो समयसम्म पनि विवाह दर्ता गर्न नआएको र बच्चा भएपश्चात बच्चाको जन्म दर्ता गराउन आउँदा विवाह दर्ता नभएकोले समस्या भएको देखियो।
- यस गाउँपालिकामा बसाँइ सरी जानेभन्दा आउनेक्रम बढी देखिए पनि गाउँपालिका भित्रकै पहाडी वडाहरूबाट तराईका वडाहरूमा बसाँइसराई आउने क्रम बढी देखिएकोले पहाडी क्षेत्रको बसाँइसराई रोक्न गाउँपालिकाले उपयुक्त कदम चाल्नुपर्ने देखियो।
- गाउँपालिकाको घटना दर्तालाई अध्ययन गर्दा गत आ.ब. मा मात्र ७६ जनाले सम्बन्द विच्छेद गरेको देखिएकोले सम्वन्ध विच्छेद गर्नुको कारण पत्ता लगाई सम्बन्ध विच्छेदसम्बन्धी सचेतना तथा आवश्यक अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।

### ४.७.८.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- हरेक काम अनलाइनबाट हुने भएकाले इन्टरनेटलाई सरल, सहज र जुणस्तरयुक्त बगाउने।
- व्यक्तिगत घटना दर्ता सप्ताहा शसक्त प्रभावकारी तथा घर घरसम्म पुर्याउनका साथै समय समयमा घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- स्वास्थ्य, शिक्षा, रोजगारी, यातायातलाई सर्वशुलभ र सबैको पहुँच योग्य बनाउने तथा बसाई सरी जानुका कारण पत्ता लगाई त्यससम्बन्धी गर्नुपर्ने कार्य नीतिगत रुपमै व्यवस्था गरी सञ्चालन गर्ने।
- सम्बन्द विच्छेद हुनुका कारण पत्ता लगाई त्यससम्बन्धी कार्य गर्ने।

### ४.७.९ खानेपानी तथा सरसफाई क्षेत्रको विवरण

#### ४.७.९.१ मूख्य उद्देश्य

- सबै पालिका बासीहरूमा स्वच्छ खानेपानी पुयाउनु,
- खानेपानी तथा सरसफाई प्रवद्धनका लागि गै.स.स.हरूसँग साझेदारी बढाउनु,
- धातु र माटोले बनेको सुधारिएको चुलो निर्माण गर्न अभिप्रेरित गर्नु,
- सबै पालिका बासीहरूमा शौचालय निमार्ण गर्न अभिप्रेरित गर्नु।

#### ४.७.९.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- आर्थिक वर्ष २०७९/८० सम्ममा स्वच्छ खानेपानी पुगेको घरधुरी सङ्ख्या अन्दाजी ४५०० घरपरिवारका १५५१५ (करिब ४८प्रतिशत) मानिसमा स्वच्छ खानेपानी पुगेको देखिन्छ।
- शौचालय भएको सङ्ख्या वा प्रतिशत जम्मा घर धुरी सङ्ख्या ७९६९( १०० प्रतिशत ) परिवारले आधुनिक शौचालय बनाएका छन्। शौचालय भएका परिवार मध्ये १०० प्रतिशतले शौचालयको प्रयोग गरेका छन्।
- खानेपानी तथा सरसफाई प्रवर्धनका लागि गाउँपालिकाको कार्यालय गै.स.स.हरूसँग साझेदारी बढेको छ।
- धातु र माटोले बनेको सुधारिएको चुलो निर्माण र प्रयोग गर्न थालेका छन्। गाउँ घरका मानिसहरूमा सुधारिएको चुलोप्रतिको सचेतना विकास भएको देखिएकोछ।

#### ४.७.९.३ कार्यक्रम सञ्चालगका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- हालसम्म गाउँपालिका बासिका हरेक घरमा स्वच्छ खानेपानी पुर्याउन नसक्नु।
- गाउँपालिकाको बजेटको प्राथमिकतामा खानेपानी तथा सरसफाईका योजना नपर्नु।
- फोहोरमैला उचित व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनका लागि ल्यान्डफिल्ड साइडको व्यवस्था नहुनु।

#### ४.७.९.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- गाउँपालिका बासीका स्वच्छ खानेपानी पुर्याउनका लागि नीति र योजनासहित कार्य गर्नुपर्ने देखिन्छ।
- गाउँपालिकाले खानेपानी तथा सरसफाईसम्बन्धी कामलाई प्राथमिकता दिनु।
- फोहोरमैला वर्गीकरण गरी छुट्याउने उचित व्यवस्थापन गर्न गाउँपालिका बासीमा सचेतना जगाउनु।
- फोहोरमैला उचित व्यवस्थापनको लागि चाँडै ल्यान्डफिल्ड साइडको व्यवस्था गर्नुपर्ने।

### ४.७.९ वन तथा वातावरण क्षेत्रको विवरण

#### ४.७.९.१ वन तथा वातावरण क्षेत्रका अल्पकालीन उद्देश्यहरू

- दैनिक आवश्यक पर्ने वन पैदावारहरूको आपूर्ति गर्ने,
- वनको विकास गर्ने कार्यमा जनसहभागिता बढाउने,
- रोजगारीको अवसर सृजना गर्ने,
- वन पैदावारमा आधारित उद्योगहरूलाई कच्चा पदार्थको आपूर्ति गर्ने,
- निजी तथा सामूदायिक वनको विकासबाट स्थानीय उपभोक्ताहरूको परनिर्भरता कम गर्ने ,

#### ४.७.९.२ वन तथा वातावरण क्षेत्रका दीर्घकालीन उद्देश्यहरू

- दिगो वन ब्यवस्थापन, रोजगारीका लागी र जनसहभागितामूलक ब्यवस्थापनका माध्यमबाट वन कार्ययोजना अनुसार ब्यवस्थापनका क्रियाकलाप सञ्चालन गर्दै समावेशी र सुशासनयुक्त वन क्षेत्रमा रुपान्तरण गर्ने,
- बिग्रेका, सडिएका तथा बाङ्गाटिङगा रुखलाई आवश्यकताअनुसार नष्ट गरी नयाँ बिरूवाको विकास गर्ने,
- गाउँपालिका भित्रका सबै वनहरूको व्यवस्थापन गरी वन पैदावारहरू योजनाबद्ध तवरले तत् रुपमा परिपूर्ति गर्न स्थानीय उपभोक्ताहरूलाई दिगो वन व्यवस्थापनमा अग्रसर गराउने,
- गाउँपापलिकाको वन पैदावारको माग र आपूर्ति स्थितिमा सन्तुलन ल्याउने,
- सामूदायिक वन विकास कार्यक्रममार्फत विपन्न, महिला र पिछडिएका वर्गको आर्थिक, भौतिक र सामाजिक स्तर वृद्धि गरी उनीहरूको जीविकोपार्जनमा टेवा पुर्याउने,
- गाउँपालिकाको जैविक विविधता, माटो, पानी, आदि प्राकृतिक श्रोतहरूको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्ने,

#### ४.७.९.३ सामूदायिक वनमा देखिएका सवल पक्ष

- सामूदायिक बन उपभिक्ता संघहरूको पारदर्शिता तथा अद्यावधिक लेखा प्रणाली भएको।
- वन पैदावारको समुचित सदुपयोगको केही समूहमा प्रयास भएको।
- घुम्तिकोषको नियमित लगानी तथा असुलीको प्रयास भइरहेको।
- कार्ययोजनाको सही कार्यान्वयनको लागी केहि समूहहरू सक्रिय रहेको।
- घुम्ती कोष कार्यक्रमले विपन्न उपभोक्ताहरूमा हौसला बढेको।

- सामूदायिक वनको व्यवस्थापनमा सबै मानिसहरू सक्रिय भएको।
- वन कार्यालय/ रेन्जपोष्ट र सामूदायिक वनको समन्वय राम्रो रहेको।
- उपभोक्ता समितिमा महिला प्रतिनिधिहरूको सख्यामा वृद्धि हुँदै गएको र बैङ्क खाता सञ्चालन गर्दा महिला प्रतिनिधि राख्न शुरुवात भएको।

### ४.७.९.४ सामूदायिक वनमा सुधार गर्नु पर्ने पक्ष

- खाली तथा खोला क्षेत्रमा पर्याप्त वृक्षारोपण नगरिएको।
- जडीबुटीको संरक्षण तथा विस्तार कार्यमा जोड नदिएको।
- वन सम्वर्धन तथा वन विकास कार्यमा सवै रकम खर्च नभएको आयमूलक कार्यमा खासै ध्यान नदिएको।
- महिलाहरूको अर्थपूर्ण तथा सक्रिय सहभागिता नरहेको।
- नियमित वन संरक्षणमा जोड नदिएको।
- चरण क्षेत्रको उचित व्यवस्था मिलाउन नसकेको।
- उपभोक्ता समितिका पदाधिकारीहरूलाई क्षमता विकास तथा लेखासम्बन्धी तालिम गोष्ठी सञ्चालन नगरिएको।
- वन सम्वर्धन तथा वन विकास कार्य सुचारु रुपले नभएको।
- वन सम्वर्धनका कार्यहरू प्राविधिक रुपमा सवल नरहेको।

### ४.७.९.५ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- योजनावद्ध कार्यक्रम सञ्चालन गर्ने समूहहरूलाई जागरुक गराएको।
- सामूदायिक वनको सबै क्रियाकलापको लेखा जोख गर्ने प्रक्रियाको थालनी गरिएको।
- सम्पूर्ण उपभोक्ताहरू समितिलाई समिक्षा गर्नको लागि आय व्यय विवरण र क्रियाकलाप पेश गर्न लगाएको।

#### अ) वन डढेलो सम्वन्धमा:

- वन उपभोक्ता महासंघ, स्थानीय वासिन्दा र प्रहरी, सैनिक प्रशासनको संयुक्त प्रयासका लागि जिल्ला वन कार्यालयले समन्वय गरी डढेलो नियन्त्रण गरेको।

### आ) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण | कैफियत |
|---|---|---|
| दर्ता जग्गा बदर | वन क्षेत्र निजीमा दर्ता गरिए तापनि पुनः वन क्षेत्रमा कायम गर्न स्थानीय उपभोक्तालाई सक्षम बनाएको । | हालसम्म बदर नगरिएको । |
| वन ढडेलो नियन्त्रणमा भएका कार्यहरू | अवैध तरिकाले आगो लगाउने व्यक्तिमाथि कानूनी कारवाही नगरिएको । | वन डढेलो लागेको कारणले कुनैपनि व्यक्तिलाई कारवाही नगरिएको । |
| वन अतिक्रमण, वन पैदावारको चोरी निकासी | अतिक्रमण भएको वन क्षेत्रलाई अतिक्रमण हटाई पुनः वन क्षेत्रमा जनसहभागिताका माध्यमवाट कायम गरिएको । | • गत आ.ब.मा अतिक्रमण हटाइएको क्षेत्रमा बनको संरक्षण र व्यवस्थापन गरिएको ।<br>• निजी तथा सामूदायिक वन क्षेत्रलाई आवश्यक्ता तथा मागअनुसार प्राविधिक सहयोग गरिएको छ । |

### ४.७.९.६ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- समूहमा नियमीत रुपमा आमसभा/बैठकहरू हुन नसक्नु ।
- समूह सङ्ख्या बढ्दो रुपमा भएपनि निष्क्रिय समूहको सङ्ख्या पनि बढ्दो रुपमा हुनु ।
- समूहहरूको कोष परिचालन, वन विकास र गरिवमूखी क्रियाकलापहरू सञ्चालन हुन नसक्नु ।
- म्याद सकिएका कार्ययोजनाहरूको सङ्ख्या प्रशस्त हुनु ।
- सवै समूहमा महिलाहरूको सहभागिता र समावेशी समिति बन्न नसक्नु ।
- सा.व.उ.स.मा विधान कार्ययोजना विपरीत कार्य गर्ने उपभोक्तालाई दण्ड जरिवाना गर्न नसक्नु ।
- विभिन्न तालीम, गोष्ठीबाट हस्तान्तरित सीप प्रविधिको कार्यान्वय समूह स्तरमा हुन नसक्नु ।
- समूहहरू वन विकासको कार्यमा भन्दा सामाजिक विकासमा केन्द्रित हुनु ।
- समूहको लेखा प्रणाली दुरुस्त रुपमा राख्न नसक्नु ।
- घुम्तीकोषको अनुदान रकमको समुचित उपयोग हुन नसक्नु ।
- उपभोक्ता समूहको मागअनुसारको प्राविधिक सहयोग पुर्याउन र सा.व.उ.स.हरूबाट सञ्चालित क्रियाकलापहरूको अनुगमन तथा मूल्याङ्कन गर्न जनशक्तिको अभाव रहनु ।

- वन क्षेत्रको जग्गा व्यक्तिका नाममा दर्ता गर्ने प्रवृतिलाई निरुत्साहित गर्ने प्रयास जारी रहे तापनि दर्ता भइसकेका जग्गाहरूको अभिलेख लाई वन क्षेत्र नै कायम गर्न प्राविधिक कठिनाइ हुनु।

### ४.७.९.७ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने।
- चरिचरणको उचित व्यवस्था मिलाउनु पर्ने।
- उपभोक्ताहरूलाई क्षमता विकाससम्बन्धी तालिम गोष्ठी सञ्चालन गर्नु पर्ने।
- वन सम्वर्धन तथा विकासका कार्यहरू सञ्चालन गर्नु पर्ने।
- प्राविधिक तवरले वन ब्यवस्थापन र सम्वर्धनका कार्यहरूका लागि प्राविधिकको परामर्श लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने।
- महिलाहरूका लागि सचेतना तालिम सञ्चालन गर्नु पर्ने।
- वन सम्वर्धन तथा वन विकास कार्य हरेक वर्ष गर्नु पर्ने।
- कार्ययोजना अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नु पर्ने।
- जङ्लभित्र बाटोको दायाँ बाँया वृक्षारोपण गर्नु पर्ने।
- उपभोक्ता भित्रको आन्तरिक विवादलाई अन्त्य गरी समूह एकजुट भइ वन संरक्षणमा जोडदिनु पर्ने।
- रेन्जर पोष्टबाट कम्तिमा ३ महिनामा एकपटक अनुगमन गरिनु पर्ने।
- खाली क्षेत्रमा वृक्षारोपण गरिनु पर्ने।
- नियमित वन संरक्षणमा जोड दिनु पर्ने।
- चरिचरण र वन डढेलो उचित व्यवस्था मिलाउनु पर्ने।
- उपभोक्ताहरूलाई क्षमता विकाससम्बन्धी तालिम गोष्ठी सञ्चालन गर्नु पर्ने।
- वन सम्वर्धन तथा विकासका कार्यहरू कम्तिमा पनि २५ प्रतिशत खर्च गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने

### ४.७.९.८ सामूदायिक वन उपभोक्ता समूहको सुधारका लागि चालिएका पहलकदमीहरू

- उपभोक्ता महासंघ, मोरङको सहकार्यमा गाउं महासंघ र रेन्जर पोष्टका कर्मचारीको संयुक्त प्रयासमा वन व्यवस्थापन र क्रियाकलापमा समन्वय गरी सहकार्यको थालनी भएको।
- सार्वजनिक वन कार्य योजनाको म्याद समाप्त भएका ब्यवसायिक सार्वजनिक बन उपभोक्ता समितिको आर्थिक हिनामिना नहोस् र कार्य योजना निर्माण गर्न समूहको सक्रियता बढोस भन्ने उद्देश्यले त्यस्ता समूहहरूको बैङ्क खाता रोक्का गरिएको।
- गत आ.ब मा खर्च भएको आय ब्ययको लेखा परिक्षण र चालु आ.ब.को वाषिक कार्यक्रम तथा अनुमानित बजेटको तर्जुमा गरी जिल्ला वन कार्यालयमा अनिवार्य पेश गर्नु पर्ने ब्यवस्था मिलाइएको।

### ४.७.१० गाउँपालिकाको गत आर्थिक वर्षको न्यायिक क्षेत्रको विवरण;

नेपालको संविधान धारा २१७ बमोजिम प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको। दर्ता भएका धेरै उजुरीको निरुपण गरिएको, ३ वटा सम्बन्धित निकायमा पठाएको, न्यायिक समिति र मेलमिलाप कर्ताको क्षमता विकासका लागि तालिम प्रदान गरिएको, कठघाराको निर्माणका लागि आवश्यक फर्निचरको निर्माण गरिएको।

**न्यायिक प्रक्रियाद्वारा न्याय सम्पादन गरिएका कार्यहरू।**

| सि.नं. | कार्य विवरण | जम्मा | कैफियत |
|---|---|---|---|
| १. | नयाँ मुद्दा दर्ता | ५४ | |
| २. | पुराना मुद्दा दर्ता | ० | |
| ३. | जम्मा मुद्दा | ५४ | |
| ४. | फैसला मार्फत मुद्दा निरूपण | ६ | |
| ५. | मेलमिलाप मार्फत मुद्दा निरूपण | २८ | |
| ६. | निरूपण हुन बाँकी मुद्दा | २० | |
| ७. | न्यायिक समिति बैठक बसेको सङ्ख्या | ३३ | |

## ४.८ स्थलगत अवलोकनका क्रममा गाउँपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारको विषयमा गरिएका प्रश्नहरू तथा देखिएका केही तथ्यहरू

१) स्थानीय तहले दिने सेवा र सुविधा बारे तपाई जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब १०० जना सेवाग्राहीलाई सोध्दा ६५ जनाले जानकार रहेको, १६ जनाले जानकारी नरहेको तथा १७ जनाले के सेवा र सुविधा दिन्छ र भनेर प्रतिप्रश्न गरेका थिए भने २ जनाले प्रश्नको उत्तरनै दिएनन्।

२) तपाईले गा.पा. कार्यालय तथा यसअन्तर्गतका कार्यालयबाट आफ्नो काम गर्न कतिको सहज महसुस गर्नुहुन्छ भन्ने प्रश्न करिब ८० जना सेवाग्राहीलाई सोध्दा ७८ जनाले सहज रहेको बताए भने २ जनाले प्रश्नको उत्तरनै दिएनन्।

३) स्थानीय तहको बजेट निर्माण र छनोटमा तपाईँ कतिको जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ७० जना सेवाग्राहीलाई सोध्दा ३५ जनाले वडा देखिनै बजेट बनाउने कार्यमा सहयोग गर्ने गरेको बताए भने बजेट निर्माण र छनोटबारे केहि पनि जानकारी नरहेको १५ जनाले बताए त्यस्तै जानकारी भएर पनि बजेट निर्माण र छनोटमा चासो नराख्ने तथा कहिल्यै नजाने गरेको २० जनाले बताए।

४) स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम बारे तपाईँको धारणा के कस्तो रहेकोछ भन्ने प्रश्न करिब ६३ जना सेवाग्राहीलाई सोध्दा ३० जनाले कमसल काम भएको, समयमा काम नभएको बताए भने ३३ जनाले भने सडक निर्माण कार्यमा बजेट अभाव हुने, समयमा बजेट निकासा नहुने तथा भौगोलिक बिकटताले गर्दा निर्माण गरेपनि बिग्रिहाल्ने गरेको बताए त्यस्तै जनचेतना तथा सिपमूलक  कार्यक्रम भने थोरै आउने र आएको पनि जानकारी नहुने कुरा अधिकांश सहभागिमा रहेको पाइयो।

५) तपाईँको विचारमा स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम कसरी सञ्चालन गरे राम्रो हुन्थ्यो भन्ने प्रश्न करिब ३२ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले समयमै काम सञ्चालन गर्नुपर्ने, निर्माण भएका काम स्तरयुक्त र टिकाउ बनाउनु पर्ने तथा सिपमूलक कार्यक्रममा सबैलाई सूचना पुर्याइ इच्छा, चाहना र व्यवसाय सञ्चालन गर्न खोज्नेलाई तालिममा समेट्दा राम्रो हुने कुरा सहभागिहरूद्वारा पाइयो।

६) गाउँपालिकाको शिक्षा, स्वास्थ्य र रोजगारको अवस्था कस्तो रहेको छ भन्ने प्रश्न करिब ३५ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले शिक्षा र स्वास्थ्य पहिलेभन्दा केही सुधार आए पनि गाउँपालिकाले अझै धैरै काम गर्न रहेको बताए भने रोजगारको अवस्थामा भने अझै पनि केही सुधार हुन नसकेको बताएका छन्।

७) तपाईँको बिचारमा शिक्षा, स्वास्थ्य र रोजगारको अवस्थामा के गर्दा राम्रो होला भन्ने प्रश्न करिब २२ जना सेवाग्राहीलाई सोध्दा १० जनाले प्रश्नको उत्तर नै दिएनन् भने १२ जना सेवाग्राहीले शिक्षा, स्वास्थ्य र रोजगारमा कानूनी तथा नीतिगत रुपमै सुधार गरी संघ, प्रदेस र स्थानीय तहले कृषि, पशुपालन, पर्यटन तथा शिक्षा, स्वास्थ्यमा बजेटको आकार बढाइ नीजिक्षेत्र र सरकारको सम्युक्त लगानीमा काम गर्नुपर्ने बताएका छन्।

८) तपाईँसामाजिक परीक्षणको विषयमा जानकार हुनुहुन्छ भन्ने प्रश्नमा १० जना सेवाग्राहीलाई सोधपुछ गर्दा २ जनाले थाहा नभएको २ जनाले अलिअलि थाहा भएको तर ६ जनाले पूर्ण रुपमा ज्ञान रहेको बताए।

९) ९० प्रतिशत गाउँपालिकाबासीको कर्मचारी र जनप्रतिनिधिका सकारात्मक टिप्पणी पाइयो प्रतिशतले नकारात्मक टिप्पणी गरे भने प्रतिशत बोल्न चाहेन्न।

१०) नकारात्मक टिप्पणी गर्ने गाउँबासीहरूले भौतिक निर्माण, कृषि र करमा आफ्नो असन्तुष्टि जारी गरेको पाइयो भगे रोजगार, बजार व्यवस्थापन र तालिमको व्यवस्था गर्न माग गरे।

११) मधुमल्ला बजारका व्यापारीहरूलाई करका बारेमा सोधिएको प्रश्नमा व्यपारीहरूको जवाफमा गाउँपालिकाले कर लगाएपछि कर तिरेअनुसारको सुविधा नदिएको बताए।

१२) कृषि र कृषिको बजेटको बारेमा २२ जना कृषकलाई प्रश्न सोध्दा ५ जनाले कृषिको बजेट टाठाबाठा मात्र पाएको आरोप लगाए।

१३) विद्यालय शिक्षकहरूलालाई गाउँपालिका कर्मचारी र जनप्रतिनिधिप्रति कस्तो सोच रहेको छ भन्ने प्रश्नमा विद्यालय शिक्षकहरूले गाउँपालिका कर्मचारी र जनप्रतिनिधिहरूप्रति सकारात्मक सोच रहेको बताए।

१४) जेष्ठ नागरिकहरूलाई गाउँपालिकाप्रति के आशा छ भन्ने प्रश्नमा जेष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सहज भएको तर भत्ताबाहेक अन्य सुविधा नदिएको बताए।

१५) व्यपारीहरू तथा करदाताहरूले करदाता शिक्षा र करदातामैत्री राजश्व प्रशासन नभएको गुनासो गरे।

१६) भौतिक पूर्वाधारको विकासलाई जोगाउन गाउँबासीले चासो नदेखाएको भेटियो।

१७) केही स्थानमा स्थलगत अवलोकन गर्दा मुख्य बाटाहरूमा चौपाया बाँधेर आवागमन अवरोध गरेको पाइयो।

१८) सूचनाको हक प्रदान गर्ने र त्यससम्बन्धी गरिने कार्यक्रममा सार्वजनिक सुनुवाई समय समयमा गरेको पाइयो।

१९) जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धि तालिमको यथोचित व्यवस्था भएको पाइयो।

२०) सबै वडामा वडा कार्यालय स्थापना हुनुका साथै सरसामान र कर्मचारी भएको देखियो।

२१) सुशासनको पूर्ण रुपमा पालना भएको पाइयो ।

२२) पालिकाका सबै संरचनाहरू अपाङ्ग मैत्री तथा बालमैत्री नभएको पाइयो ।

२३) समग्र अध्ययनमा गाउँपालिका र वडाहरूले प्रदान गर्ने सेवाप्रति नागरिकको सकारात्मक धारणा रहेको पाइयो ।

२४) स्थानीय पाठ्यक्रम तथा किराँत भाषा र लिपिको कक्षा सञ्चालन भएको पाइयो ।

२५) सबै वडाहरूमा इन्टरनेटको व्यवस्था भए पनि इन्टरनेट स्लो भएकोले तत्काल सुधार गर्नु पर्ने आवश्यकता देखियो ।

२६) गाउँपालिकाको कार्यालयमा नागरिक वडापत्र पुरानो भएकोले तत्काल नयाँ नागरिक वडापत्र राख्नुपर्ने देखियो ।

२७) हरेक वडामा मेलमिलाप कर्ताको गठन भएको पाइयो ।

२८) हरेक वडामा उपभोक्ता समितिको गठन भएको पाइयो ।

२९) उपभोक्ता समितिको अध्यक्षमा महिलाको उपस्थिति न्यून रहेको पाइयो ।

३०) बालविकास केन्द्रमा विद्यार्थीको उपस्थिति उल्लेख्य रहेको पाइयो ।

३१) केही विद्यालयमा कक्षा कोठाको अनुपातमा विद्यार्थी सङ्ख्या अधिक रहेको पाइयो भने केहीमा न्यून रहेको पाइयो ।

३२) विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सुरु भएको पाइयो ।

३३) सामूदायिक पुस्तकालयको निर्माण भएको तथा केहि विद्यालयमा छात्र छात्राहरूको लागि छुट्टै शौचालयको निर्माण भएको पाइयो ।

३४) गाउँपालिकाको न्यायिक समितिबाट धेरै मुद्दाहरू छिनोफानो भएको पाइयो ।

३५) गाउँपालिका बासीमा साझा सुविधा केन्द्रको बुजाई र साझा सुविधा केन्द्रको स्थापना भएको पाइयो ।

## ४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा :

### ४.९.१ प्रशासन शाखा

- सहज तरिकाले काम गर्न कर्मचारीहरूको अभाव नभएको पाइयो ।
- प्रशासनिक कामहरू प्रक्रिया पुर्याइ नियम सङ्गत ढङ्गले सम्पादन गरेको पाइयो ।
- प्रशासन शाखाले वडा तथा अन्य शाखाहरू र जनप्रतिनिधिहरूका साथै समितिहरूसँग समन्वय गरी कार्य सम्पादन गरेको पाइयो ।
- प्रशासनिक काममा अनावश्यक झमेला नदिएको कुरा पालिकाबासीहरूबाट भयो ।
- प्रशासनिक कामको जानकारी दिन नागरिक वडा पत्र राखिएकोले सेवाग्राहीहरू सेवा लिन आउँदा सजिलो देखियो ।

### ४.९.२ आर्थिक प्रशासन शाखा

- गाउँपालिकाको आयव्ययको दोहोरो लेखाप्रणालीको आधारमा वैज्ञानिक तरिकाले हिसाब किताब राखेको पाइयो ।
- योजनासम्बन्धी भुक्तानी प्रक्रिया पुर्याएर आउँदा सोही दिन भुक्तानी हुने देखियो ।
- अन्तिम लेखापरीक्षणमा ढिलाइ भएको पाइयो ।
- यस शाखाले अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो ।
- अव्यवस्थित तरिकाले प्रक्रिया नपुर्याई कुनै पनि भुक्तानी गरेको देखिएन ।
- पेश्की भुक्तानीलाई कम गर्दै लगेको देखियो ।

### ४.९.३ प्राविधिक शाखा

- गाउँपालिकाबाट सञ्चालित पूर्वाधार विकाससम्बन्धी योजनाहरूका लगत इष्टमेट मूल्याङ्कन र नियमित अनुगमन गरेको देखियो ।
- गाउँपालिका र अन्य क्षेत्रबाट प्राप्त बजेटको योजना र इष्टमेटअनुसार कार्य भएको देखियो ।
- यस शाखाले वडा तथा अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो ।
- ग्रामीण पूनःनिर्माण तथा पूनःस्थापना आयोजनाको सम्पूर्ण कार्यक्रमहरूको प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने तथा समन्वय गर्ने काम भएको देखियो ।

### ४.९.४ सामाजिक विकास शाखा

- सबै प्रकारका अन्य विकासको प्रतिफल लिन र त्यसको जर्गेना गर्न सामाजिक विकास अपरिहार्य भएकाले यस्तो कार्यक्रम थोरै मात्र भएको देखियो।
- योजना बाडँफाँडअनुसार सामाजिक विकासमा सिद्धान्तअनुसार रकम बाडँफाँड गरेको भेटिएन्।
- कर्मचारीको अभावको कारण सेवाग्राहीलाई छिट्टै सेवा दिन नसकेको भए तापनि काममा रोकावट नआएको देखियो।
- गाउँपालिकाका सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको देखियो।

### ४.९.५ योजना शाखा

- गाउँपालिकाको विकासका लागि योजना शाखाले कार्यपालिकाद्धारा र वडा समितिद्धारा छनोट गरिएका योजनाहरू समयमै कार्यान्वयनमा लगेको देखियो।
- यस शाखामा कर्मचारी अभावका कारण समस्या भए पनि काम छिटो, छरितो र सन्तोषजनक देखियो।
- योजना छनौट गर्न कार्यपालिका, समितिहरू र अन्य शाखाहरूसँग समन्वय गरेको देखियो।

### ४.९.६ सूचना प्रविधि शाखा

- यस शाखाले अन्य शाखालाई आवश्यक पर्ने सबै प्राविधिक सहयोग गर्दै आएको देखियो।
- यस शाखाले गाउँपालिका तथा सबै वडाहरूमा इन्टरनेटको राम्रो व्यवस्था गर्नुपर्ने देखियो।
- समग्रमा यस शाखाले कार्यपालिका, समितिहरू र सम्पूर्ण कर्मचारी तथा सेवाग्राहीलाई सुविधा दिएको पाइयो।

### ४.९.७ सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू

- गाउँपालिकावासीहरूलाई स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रबाहेक गाउँ घर स्वास्थ्य क्लिनिक, खोप क्लिनिकमार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेको र केही स्वास्थ्य केन्द्रमा विज्ञ चिकित्सकहरू समेत रहेको। १५ बेडको गाउँपालिका अस्पताल निर्माण सम्पन्न भइ सञ्चालनमा रहेको।
- निजी क्षेत्रसँग सहकार्य गरी गाउँपालिकालाई हरियाली बनाउने कार्यको शुरुवात भएको।
- फोहरमैला व्यवस्थापनमा समुदाय तथा घरपरिवारलाई परिचालन गरिएको र यसबाट पालिकाको वातावरण स्वच्छ सफा बनाउन सहयोग पुगेको।
- समुदायको पहलमा खुला तथा खाली स्थानको संरक्षण गर्ने कार्यको थालनी भएको।

- महिला समूहहरू क्रियाशील रहेका तथा गाउँपालिकाले टोल समूहहरूलाई टोल सुधार, पूर्वाधार विकास, सीप विकास तथा रोजगार सिर्जना गर्ने कार्यमा परिचालन गर्ने गरेको।
- घर नक्शा फाइललाई विद्युतीय प्रणालीमा राख्न शुरुवात गरेको।
- सामाजिक जिम्मेवारी वहनका गर्नका लागि समुदाय स्तरमा विभिन्न समिति तथा संस्थाहरू क्रियाशील रहेको।
- सडक बत्ती तथा ढल सुधार गर्नेतर्फ गाउँपालिकाले स्थानीय समुदायहरूसँग सहकार्य गरी कार्य अगाडि बढाएको।

## ४.१० सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू

- परिषदबाट पारित भएका केही नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा नआएको अर्थात पारित नीति र कार्यक्रम कार्यान्वयन गर्नेबीच समन्वय नरहेको।
- वडा स्तरवाट योजना छनौट गर्ने प्रक्रियामा लक्षित समूहको न्यून सहभागिता रहेको र सहभागिता पनि अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको।
- गाउँपालिकाको समग्र योजना तर्जुमा, प्रकृया र कार्यविधिमा व्यवस्था भएअनुसार सबै लक्षित समूहलाई सहभागिता गराउन नसकिएको जस्तै बालबालिकाहरू,अपाङ्गता भएका व्यक्तिहरू समावेश हुन नसकेको।
- वडा भेलावाट माग भई आएका योजनाहरूलाई प्राथमिकरण तथा छनौट गर्ने विधि र आधार पारदर्शी एवं वैज्ञानिक बनाउन नसकिएको।
- वार्षिक योजना र आवधिक योजना विच तादाम्यता नरहेको अर्थात वार्षिक योजना तर्जुमा गर्दा आवधिक नगर योजनालाई मुख्य आधार नबनाएको।
- धेरै जसो वार्षिक योजनाहरू समयमै सम्पन्न भइ फरफारक तथा जाँचपास नभएका।
- योजनाको सार्वजिक परिक्षण गर्दा योजनागत रुपमा कार्यविधिले तोकेको विधि र प्रक्रिया अपनाई गर्नु पर्नेमा त्यसो नगरिएको।

### ४.११ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- नयाँ संरचनाअनुसार कर्मचारीहरूको जिम्मेवारी नतोकिएको ।
- प्राविधिक ज्ञान भएका कर्मचारीहरूको अभाव रहेको ।
- पुरुष वर्गहरूलाई कार्यक्रममा समाहित गर्न कठिनाइ रहेको ।
- अनुगमन प्रक्रियालाई निरन्तरता दिन कठिनाइ रहेको ।
- भौगोलिक विकटता तथा अन्य कारणले केही कार्यक्रमहरू हुन नसकेको ।

### ४.१२ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- महिला, बालबालिका तथा अन्य लक्षित वर्गको मुद्धाका बारेमा सबै पक्षहरूको सरोकार हुन जरुरी रहेको ।
- महिला तथा बालबालिका कार्यालयबाट सञ्चालित कार्यक्रमहरू महिला लक्षितभन्दा पनि सबैको लागि हो भन्ने सामूहिक भावना बढाउने कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यक रहेको ।
- सरोकारवाला संस्थाहरूबीच समन्वयको जरुरी रहेको ।
- महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास रहेको ।

### ४.१३ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा

- लक्षित समूहको लागि नीति तथा कार्यक्रमहरू तय गर्दा StrategicNeeds भन्दा Practical Needs मा केन्द्रित गर्ने गरिएको अर्थात उनीहरूको दीर्घकालीन सामाजिक हैसियत बढाउने, समाजमा नेतृत्व विकास गर्नेतर्फ भन्दा स-साना आय आर्जनका कार्यक्रम ,तालिम,तथा पूर्वाधार निर्माणमा मात्र सीमित गरिएको ।
- लक्षित समूहका कार्यक्रमहरू परम्परागत तथा एउटै प्रकारका रहेका र ती कार्यक्रम प्रत्येक वर्ष दोहरिने गरेको ।
- लक्षित समूहका लागि सञ्चालित कार्यक्रमहरू के कति उपलव्धिमूलक र प्रभावकारी भए लेखाजोखा नभएको ।
- लक्षित समूहलाई सामान्य र स्वाभाविक रुपमा फाईदा हुने कार्यक्रमहरूलाई लक्षित समूहको कार्यक्रम अन्तर्गत राखी सोहीअनुसार लक्षित समूहको वजेटलाई विनियोजन गर्ने गरिएको ।

### ४.१४ सेवा प्रवाह , कार्यसम्पादन र सुशासन सम्बन्धमा

गाउँपालिकाबाट दिइने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्ने वार्षिक नीतिमा उल्लेख गरे पनि त्यसतर्फ ठोस पहल नगरिएको।

- गा.पा.वाट दिईने सेवाहरू परम्परागत शैली र प्रविधिमा आधारित रहेको र जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधितर्फ उन्मुख भएको देखिदैन जस्तै e-governance, online service etc.
- समयको माग र आवश्यकताअनुसार कर्मचारीहरूको क्षमता विकासका क्षेत्रहरू पहिचान हुन नसकेको।
- गा.पा.को सङ्गठन स्वरुप तथा जनशक्ती व्यवस्थापन समयअनुसार परिमार्जन तथा अद्यावधिक हुन नसकेको।
- गाउँपालिकावाट सेवा प्रवाह गर्दा समयको माग र जनअपेक्षाअनुसार सेवाग्राही मैत्री बनाउन नसकिएको अर्थात त्यसतर्फ जनगुनासो बढिरहेको।
- वडा कार्यालयहरू गाउँपालिकामा निर्भर रहेको र कार्यालय सञ्चालनको लागि वडामा पर्याप्त बजेट नहुँदा जनअपेक्षाअनुसार सेवा प्रवाहमा कठिनाइ भएको।
- विषयगत कार्यालय र गाउँपालिकाबीच गाउँक्षेत्रमा वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यन्वयनमा समन्वयको कमी रहेको।
- गाउँपालिकाको हालको कार्यकक्षको संरचना सेवाग्राहीमैत्री र सहज नभएको।

### ४.१५ सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

#### ४.१५.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा

- गाउँ परिषदवाट पारित भएका नीति तथा प्राथमिकताहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने।
- आवधिक योजनालाई मूल आधार मानी गाउँपालिकाको वार्षिक योजना तयार गर्नु पर्ने।
- योजना तर्जुमा प्रक्रियामा वडा नागरिक मञ्चको भूमिका बढाउनु पर्ने र वडास्तरबाट माग भई आएका योजनाहरूको छनौट तथा प्राथमिकरण गर्दा पारदर्शी एवं वैज्ञानिक प्रक्रिया अपनाउनु पर्ने र परिषदबाट वार्षिक योजनामा पारित गर्दा वडास्तरबाट माग भई आएका योजनाहरूलाई बढी भन्दा बढी प्राथमिकता दिनु पर्ने।
- गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा बालबालिकाहरूलाई पनि समावेश गर्नुपर्ने।
- योजना कार्यान्वयनको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी अनुगमन प्रणाली तयार गर्नुपर्ने।
- पचास लाख रुपैयाभन्दा बढी लागतका सवै आयोजनाहरू परिषदद्वारा स्वीकृत गर्नु पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र स्वीकृत गर्ने व्यवस्था मिलाउनु पर्ने।

- योजनाको दिगोपनका लागि मर्मत सम्भार कोष खडा गरी आवश्यक रकम सङ्कलन गर्दै जानु पर्ने ।
- गाउँपालिकाको वार्षिक योजनाहरूको समयमा सम्पन्न गरी जाँचपास तथा फरफारक गर्ने कार्यलाई कडाइका साथ लागु गर्नुपर्ने ।
- योजनाहरूको कार्यविधिले तोके बमोजिमको विधि र प्रक्रिया अपनाइ प्रत्येक योजनाको अलग अलग सार्वजनिक परिक्षण गर्नुपर्ने ।

### ४.१५.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यन्वयन सम्वन्धमा

- लक्षित समूह कार्यक्रम छनौट गर्दा आय आर्जन, गरीवी निवारणमा तथा चेतनाको स्तर अभिवृद्धि गर्न प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने र दीर्घकालीन योजनाका लागि Practical Needs भन्दा Strategic Needs मा केन्द्रित गर्नुपर्ने जस्तै लक्षित वर्गको सामाजिक हैसियतमा परिवर्तन ल्याउने,उनीहरूको नेतृत्व विकास हुने कार्यक्रमहरूमा जोड दिनु पर्ने ।
- सबै जातजाति आर्थिक एवम् सामाजिक रुपमा पिछडिएका वर्ग एवम् क्षेत्र र विपन्न वर्गका बालबालिकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि कार्यविधिले तोकेको प्रतिशतअनुसार बजेट विनियोजन गर्नु पर्ने ।
- लक्षित समूहअन्तर्गत सञ्चालित कार्यक्रमहरू के कती उपलव्धिमूलक र प्रभावकारी रहे त्यसको Follow up र लेखाजोखा गर्नुपर्ने ।
- लक्षित समूह कार्यक्रमहरू छनौट गर्दा Supply Driven भन्दा उनीहरूको Needs मा आधारित हुनुपर्ने।
- लक्षित समूहलाई आय आर्जनका तालिमहरू सँग सँगै बजार प्रवर्धनमा समेत सहयोग पुग्ने कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने ।

### ४.१५.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा

- गाउँपालिकाकावाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्नेतर्फ ठोस कार्ययोजना वनाउनुपर्ने ।
- सबै कर्मचारीहरूलाई लिखित रुपमा कार्य विवरण उपलव्ध गराइ सो कार्य विवरणमा कर्मचारीको समेत सहमति रहेको सुनिश्चितता गराउनुपर्ने र सोको आधारमा कार्यसम्पादन मापन सूचक बनाइ कर्मचारीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्ने र उत्कृष्ठ कर्मचारीलाई वार्षिक रुपमा पुरस्कृत गर्ने परिपाटीको शुरुवात गर्नुपर्ने ।
- नागरिक बडापत्रलाई समय सापेक्ष परिमार्जन गर्नुपर्ने ।

- गाउँपालिकाकाबाट दिइने सेवाहरूलाई जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधिमार्फत प्रदान गर्नका लागि आवश्यक पर्ने संस्थागत क्षमताको विकास गर्नुपर्ने जस्तै (Online Services, e-Governance आदि)।
- वडा कार्यालयहरूलाई चुस्त दुरुस्त कम्प्युटराइज गरी छिटो छरितो सेवा प्रदान गर्नुपर्ने।
- गापाको योजना तथा कार्यक्रम तय गर्दा र कार्यान्वयन गर्दा गाउँपालिकाको शाखा, उपशाखाबिच समन्वय बढाउनुपर्ने।
- गाउँपालिकाको सेवा प्रवाहलाई सेवाग्राही मैत्री र सहज बनाउन हालको मौजुदा कार्यकक्षको संरचनामा सुधार गर्नुपर्ने।

### ४.१५.४ अन्य विविध सम्बन्धमा

- राजस्व सम्भाव्यता अध्ययनका आधारमा राजस्व प्रक्षेपण गर्नुपर्ने र करको दायरामा नआएका कर दाताहरूलाई करको दायरामा ल्याउनु पर्ने।
- एकीकृत सम्पत्ति कर र प्रभावकारी लेखा प्रणाली लागु गर्नेतर्फ ठोस कदम चाल्नु पर्ने।
- गत आ.व.हरूमा सामाजिक परीक्षणले दिएका सुझावहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरूको विवरण सार्वजनिक गर्नुपर्ने।
- बालश्रम मुक्त क्षेत्र घोषणाको कार्यलाई अन्य वडाहरूमा पनि विस्तार गर्दै लैजाउनु पर्ने।
- फोहरलाई जैविक र अजैविक रुपमा स्रोतमै वर्गीकरण र सङ्कलन गर्ने कार्यक्रमलाई विस्तार गर्नुपर्ने।
- असहाय अनाथ तथा अपाङ्ग बालबालिकाको अभिलेख राख्नु पर्ने।
- सामाजिक सुरक्षा भत्ता पाउने प्रत्येक व्यक्तिहरूलाई बैँङ्कमा खाता खोल्न लगाई उक्त रकम सिधै खातामा भुक्तानी दिन व्यवस्था गर्नुपर्ने।
- स्वास्थ्य सेवाको बजेट वृद्धि गरी आधारभूत स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनुपर्ने।
- कौसी खेतीलाई प्रवर्धन गरी फोहोरमैला उत्पादनलाई न्यूनीकरणमा जोड दिनुपर्ने।
- पर्यटन प्रवर्धनको लागि स्थानीय महिला समूहलाई टुरिष्ट गाइड, पर्यटक व्यवस्थापन, विभिन्न भाषा, होमस्टे, अतिथि सत्कार आदि विषयमा तालिम उपलब्ध गराउनु पर्ने।
- गाउँस्तरीय स्वास्थ्य केन्द्रका प्राविधिक कर्मचारीहरूलाई पनि गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा सहभागी गराउनुपर्ने।
- गाउँस्तरीय स्वास्थ्य सेवा केन्द्र र गाउँपालिकाबीच समन्वय बढाउनुपर्ने।
- गाउँपालिकास्तरीय स्वास्थ्य सेवा क्लिनिकहरूलाई अझ व्यवस्थित र विस्तार गर्दै लैजाउनुपर्ने।

- विषयगत कार्यालय र गाउँपालिकाबीच गाउँपालिका क्षेत्रमा वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यन्वयनमा समन्वय गर्नुपर्ने ।

### ४.१६ गाउँपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू

मोरङ जिल्लाको अति महत्वपूर्ण ठाऊँमा अवस्थित मिक्लाजुङ गाउँपालिकाको आफ्नै मौलिक र सामाजिक महत्व रहेको छ । बहु भाषिक बहु सांस्कृतिक समाज रहेको यो गाउँपालिका कृषि जमीनहरूको लागि अब्बल रहनुका साथै यथेष्ट वन जङ्गलहरू, पर्यटकीय स्थलहरू भएको यस गाउँपालिकाको र गाउँवासीहरूको उत्थान गर्नका लागि राम्रा रणनीतिहरू बनाएर अगाडि बढे खासै समय लाग्ने देखिदैन । पालिकाले आफ्नो नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागु गर्न त्यसको रणनीति बनाएर अगाडि बडनु पर्ने देखिन्छ ।

१) गाउँपालिकावासिलाई निशूल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने त्यसको वैज्ञानिक विश्लेषण गरी सोहीअनुसारको स्वास्थ्य तथा शैक्षिक पूर्वाधार खडा गर्ने रणनीति बनाउने ।

२) यस क्षेत्रलाई खेलकुदमा अगाडि बढाउन पालिकाभित्र रहेका विधालयलाई समेटी हरेक वर्ष विभिन्न प्रकारका खेल प्रतियोगिता गराइ त्यसवाट प्रथम, दोस्रो र तेस्रो हुनेहरूलाई माथिल्लो स्तरमा सिफारिश गरी खेलाडी उत्पादन गर्ने र व्यवस्थापान गर्ने रणनीति बनाउने ।

३) दलित तथा पिछडिएको वर्गलाई सधै राहत वितरण गर्नुभन्दा उनीहरूलाई सुरुवात पूँजीमा चौपायाहरू प्रदान गरी श्रममुखी बनाउन र काम गरेर खानुपर्दछ भन्ने ज्ञान दिलाउन त्यस सम्बन्धमा रणनीति बनाउने ।

४) दिगो विकासको लक्ष्य हासिल गर्न गाउँपालिकाले सामाजिक महत्वका सडकहरूमा दीर्घकालीन रुपमा प्रयोग गर्ने सडकहरू र कृषि कार्य गर्न सहज हुने कृषि सडक खोल्न विशेष रणनीतिहरू बनाउने ।

५) समग्र कृषि, तथा पशुपालनको उत्थान गर्न कृषि तथा पशुपालनको उत्पादनको खरीद बिक्री सहज गर्न व्यवस्थित कृषि तथा पशुपंक्षी हाटबाजार लगाउन मिल्ने रणनीति र व्यापारिक स्थानको छनोट गर्ने नीति बनाउने ।

६) साना साना मठ मन्दिर, मस्जिद, र अन्य धार्मिक स्थल, धार्मिक आश्था राख्ने समुदायले निर्माण गर्ने मठ मन्दिर, र मस्जिद बनाउन तथा वजेट आयआर्जनमुखी क्रियाकलापमा लगाउन नीति बनाउने ।

७) सार्वजनिक जग्गाहरूमा ठूला पोखरीहरू निर्माण गरी त्यस्तो स्थानमा व्यवसायिक हाँस, माछा तथा अन्य जलचर पाल्न ठेक्काद्वारा दिने नीति बनाउने ।

# परिच्छेद - पाँच

# निष्कर्ष तथा सुझाव

## ५. कार्यक्रमको निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्त कार्यक्रमको निष्कर्ष

मोरङ जिल्ला स्थित मिक्लाजुङ गाउँपालिकाको नेतृत्वमा गत आ.व. २०७९/८० मा सामाजिक विकासको क्षेत्रमा केही उपलब्धि भएको पाईयो । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरूलाई आम नागरिकहरूको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन सफल भएको पाइन्छ । स्थानीय विकासमा मिक्लाजुङ गाउँपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको छ । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रक्रियाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँ परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइएको छ । त्यस्ता कार्यक्रमहरू नियमसङ्गत ढङ्गमा योजना निर्माण गरी योजनाअनुरूप नै सञ्चालन गरिएको देखिन्छ । मिक्लाजुङ गाउँपालिकाको नेतृत्वमा गाउँपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय निकायहरू, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूले गर्ने कामहरूलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरूको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ । गाउँपालिका र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले आम नागरिकहरूको संलग्नताबाट मात्र दीगो विकास सम्भव छ भन्ने बोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरू उपभोक्ता समितिहरूमार्फत सञ्चालन भएको पाइएको छ । यसले आम नागरिकहरूमा विकास र यसका संरचनाहरूको अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ । नागरिकहरूलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरू बस्ती बस्तीमा पुर्याएको र स्थानीय निकाय तथा आम नागरिकहरूले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रशंसनीय भएको छ । सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरू आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो बन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रक्रियामा चेतना बढेको कारण सेवा लिनेहरूको सङ्ख्या वढेको पाइएको छ । आम नागरिकहरू खास गरी महिला, बालवालिका, दलित, जनजाति, आदिले कृषि, पशु, खानेपानी, सिँचाइ, वनसमूह आदि सवैको संलग्नतामा गठन भएका वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरूमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभूति भएकोले आगामी दिनहरूमा आवश्यकतामा आधारित विकास योजनाहरू सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरू देखिन्छन् । यस पालिकामा खास गरी शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी सृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न

सहजीकरण भएको देखिन्छ । नागरिकहरू आज कृषि, पशुपालन, उद्योग सञ्चालन गरी स्वरोजगार बनेका छन भने कतिपयले अरुहरूलाई पनि रोजगारी प्रदान गरेका छन् । पूर्वाधार विकास र सामाजिक विकासलाई समन्वयात्मक ढङ्गले अगाडि बढाएकै कारण रोजगारीको साथमा स्थानीयहरूको आम्दानीको स्रोत पनि बढेकोछ । मिक्लाजुङ गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा अवलम्बन गरेका रणनीतिहरू र कार्यक्रम अन्तर्गत पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन वातावरण, संस्थागत श्रोत र क्षमता विकासलाई प्राथमिकतामा राखिएको छ । गाउँपालिकाको कामकारवाहीमा अनिवार्य कम्प्युटरको प्रयोग गराई विद्युतीय सुशासन प्रवर्धनमा जोड दिएको छ । पालिकालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मूलन तथा बालमैत्रीका लागि संरक्षण र विकासमा सघाउ पुर्याउने कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिएको छ । पर्यटन प्रवर्धन योजनाले अख्तियार गरेको कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न ग्रामीण पर्यटन प्रवर्धनमा सघाउ पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनोट गरी अघि बढाएको छ ।  मिक्लाजुङ गाउँपालिकाले आ.व. २०७९/८० का कार्यक्रम सञ्चालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्र र जिल्लाबाट समयमा बजेट निकाशा नहुने, योजनाअनुसारका कार्यक्रमहरूको बजेट नआउने, यहाँको गाउँपालिकाका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानूनी अड्चन रहनु, कार्यक्रमहरूका टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनु, राजनैतिक हस्तक्षेप, अस्थिर राजनैतिक अवस्था र बसाइसराई आदि चुनौति रहेको देखिन्छ । यति हुँदाहुँदै पनि मिक्लाजुङ गाउँपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुर्याएका छनभने टोल टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यसबाट गाउँपालिकाको विकासका लागि महत्वपूर्ण योगदान पुगेको देखिन्छ । यस गाउँपालिकाको कार्यक्रमहरूवाट गाउँपालिकामा सामाजिक तथा आर्थिक क्षेत्रमा सुधार भएको देखिन्छ । सडक विस्तार, विद्युत, खानेपानी तथा सिँचाइको विकासबाट प्राप्त अवसरहरूकै कारण सेवा र वस्तुमा आम नागरिकको पहुँच बढेको छ र सेवा र वस्तुको उचित प्रयोगले उत्पादकत्व बढ्ने सङ्केत देखिएको छ । यही क्रम अगाडि बढाउँदै देखा परेका समस्याहरूलाई पन्छाउने र अवसरहरूलाई उपयोग गर्दे जाने हो भने आम नागरिकको जीवनशैलीमा सहजता र जीविकोपार्जनलाई स्थापित गर्न मद्दत पुग्ने छ ।

## ५.२ प्राप्त कार्यक्रमबाट दिएका सुझावहरू

सामाजिक परीक्षकको तर्फबाट सुझाव तथा प्रतिवदेन

- कर्मचारी, जनप्रतिनिधि र नागरिक अझ बढी त्रिपक्षीय समझदारी कायम गरी कार्य गर्दा उपलब्धिमूलक हुने ।
- गाउँपालिका भित्रका सबै नागरिकले पालिकाको कामकारवाहीप्रति सकारात्मक सोच राख्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउनु पर्ने ।
- गाउँपालिकालाई आर्थिक रुपमा आत्म निर्भर राख्न गाउँबासीलाई आयआर्जन हुने क्रियाकलापबाट उनीहरूको आयआर्जन र गाउँपालिकाका लागि कर सङ्कलन गर्ने वातावरण सृजना गर्नुपर्ने । जसका लागि कृषिबजार, पशुहाट सञ्चालित व्यवसायलाई प्राथमिकतामा राख्ने ।
- गाउँ कार्यपालिकासँग सम्बन्धित सबै कार्यालय र सरोकार राख्ने स्थानहरू अपाङ्ग र बालमैत्री बनाउने।
- करदातामैत्री राजश्वशाखाको स्थापना गरी राजश्व सङ्कलनमा सुधार ल्याउनुपर्ने ।
- कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासको लागि विभिन्न किसिमका सैद्धान्तिक र प्राविधिक तालिमहरू सञ्चालन गर्नुपर्ने ।
- पर्यटकीय स्थानहरूको खोजी गरी आन्तरिक तथा बाह्य पर्यटनको लागि पूर्वाधार तयार गर्नु पर्ने । जसका लागि मनोरञ्जन स्थल, झोलुङ्गे पुल र धार्मिक स्थलको पूर्वाधार निर्माण गर्नुपर्ने ।
- जेष्ठ नागरिकहरूलाई बिना झन्झट तथा घरपायक स्थानमा नै सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्ने ।
- जनप्रतिनिधिहरूले समयसापेक्ष आफूहरूलाई परिवर्तित गरी आफ्नो काम, कर्तव्य र अधिकार बुझी कार्य गर्नुपर्ने ।
- गाउँपालिकाबासीहरूका लागि अन्य विकासको जगेर्ना गर्न सामाजिक विकासको कार्यक्रम गर्नुपर्ने । किनकि धेरै वडाहरूमा निर्माण भएका बाटाहरूमा नाला नभएको र फोहोर देखिएको छ ।
- कृषकहरूले उत्पादन गरेको कृषि वस्तुको लागि व्यवस्थित र आधुनिक कृषि तथा पशुपंक्षी बजारको स्थापना गर्नुपर्ने ।
- स्वास्थ्य सुधार कार्यक्रम राखी आफ्नो मातहतका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने साथै आवश्यकताअनुसार बर्थिङ सेन्टर, स्थापना गर्नुपर्ने ।
- गाउँपालिकालाई सामाजिक विकासमा अब्बल देखाउनका लागि आवश्यक सुचकाँङकहरूको व्यवस्थित तरिकाले प्रयोग गर्ने ।

- शान्ति सुरक्षा, गाउँपालिकाका वडाहरूमा छाडा चौपाया नियन्त्रण र अव्यवस्थित हाट बजार नियन्त्रण गर्न गाउँ प्रहरीको व्यवस्था गरिनुपर्ने।
- गाउँपालिकाका कर्मचारी जनशक्तिको यथोचित प्रयोग गरी सेवा प्रवाह सहज बनाउनुपर्ने।
- पालिका क्षेत्र भित्रका मठ, मन्दिर, धर्मशाला आदिको समुचित विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पालिकाभित्र भएका प्राचीन कला, संस्कृति झल्कने जातजातिहरूको पुरानो बस्तीको संरक्षण गरी त्यसमा (होमस्टे) घरवास कार्यक्रमको व्यवस्थापन गरी आन्तरिक पर्यटन र बाह्य पर्यटनको लागि तालिम प्राप्त मानव संशाधनको तयारी गर्नुपर्ने।
- भौतिक निर्माणको कार्यहरू गर्दा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने नियम बसाउने।
- गाउँपालिकाबासीलाई सूचनाको हकको प्रत्याभूती गराउनुपर्ने।
- गाउँपालिकामा पालिका स्तरीय प्रहरी सेवा कार्यालय खडा गर्नुपर्ने।
- निर्यातमुखी कृषि कार्यालयहरू निर्माण गरी कृषि उत्पादन बढाइ कृषकहरूको आयआर्जन बढाउने कार्यक्रम गर्नुपर्ने।
- पालिकाको योजना निर्माण गर्दा पालिकाका बुद्धिजिवी, व्यापारी, शिक्षक, लगायत अगुवा व्यक्तिहरूको सहभागी गराउने ।
- निजी वन लगाउन प्रोत्साहन गर्ने नीति अख्तियार गर्नुपर्ने र स्थापना भएका निजी वनलाई संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्नुपर्ने।
- पालिकामा कम्तिमा एउटा व्यवस्थित खेल मैदान, हरेक वडामा खुल्ला स्थान (पार्क) बनाउने।
- गाउँपालिकालाई खुल्ला दिशामुक्त घोषणा गरेपनि हरेक वडामा कम्तीमा एउटा व्यवस्थित सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने।
- हरेक वडाहरूमा आवश्यकताअनुसार व्यवस्थित शिशु स्याहार केन्द्र बनाउने।
- गाउँपालिकामा बेवारिसे भएका गाउँबासीहरूको लागि आश्रमहरू निर्माण गर्ने।
- धुवाँरहित चुलो बाल्नका लागि हरेक टोल वासीहरूमा सचेतना कार्यक्रम चलाउने।
- धनका लागि वन भन्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने।

- विभिन्न प्रकारका मनोरञ्जन दिने कार्यक्रमहरू सञ्चालन गर्न उत्सुक समूह, व्यक्तिहरूलाई प्रोत्साहन गरी मनोरञ्जन पार्क, पिकनिक स्पट सञ्चालन गर्न उत्सुक बनाउने ।
- पालिकाभित्रका स्वास्थ्यचौकीहरूमा औषधि अभाव हुन नदिने ।
- तराई क्षेत्रमा विशालु सर्पको डसाईबाट वर्षेनी धेरैको ज्यान जाने हुँदा यस पालिकामा पनि त्यस्तो समस्या भए कुनै एक स्वास्थ्य युनिटमा सर्पदंशको उपचारका लागि व्यवस्थापन गर्नुपर्ने ।
- पिछडा, आदिवासी, दलित, जनजातिलाई प्राविधिक शिक्षा पढ्नका लागि कोष खडा गरी उनीहरूलाई आर्थिक सहयोग गरी अध्ययन अध्यापनमा सघाउनुपर्ने ।
- विद्यालयमा स्थानीय स्तरको पाठ्क्रम निर्माण गरी व्यवस्थित रुपमा अध्ययन अध्यापन गराउनुपर्ने ।
- कार्यालयमा आवश्यक पर्ने सफ्टवेयर खरिद तथा निर्माण गरी कामकाजमा कागजी प्रयोग उन्मूलन गर्दै जाने ।
- निर्माण भएका वा निर्माणाधीन बाटाहरूमा दुबै छेउमा पर्खाल वा नाला निर्माण गर्नुपर्ने ।
- पहाडी क्षेत्रवाट बगेर आउने नदी नालाबाट हुने क्षतिको न्यूनीकरण गर्न पालिकाले विशेष कदम चाल्नु पर्ने ।
- गाउँपालिका भित्रका वनजङ्गलमा उत्पादन हुनसक्ने जडीबुटीहरूको अध्ययन गरी गाउँपालिका बासीहरूलाई समूहगत रुपमा उत्पादन गर्ने जिम्मा दिने ।
- प्रारम्भिक वातावरणीय परीक्षण गरेर मात्र नदी नालाको उत्पादनको रुपमा रहेको बालुवा, गिट्टी झिक्न अनुमति दिने ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बढाउनको लागि प्राकृतिक स्रोतहरूको समूचित प्रयोग गर्नुपर्ने ।
- दलित, पिछडा, अल्पसङ्ख्यक जातजातिको उत्थानका लागि ठोस कदम चाल्नुपर्ने ।

## सन्दर्भसामग्रीहरू:

**सामाजिक परिक्षण  कार्यविधि २०६७**

**मिक्लाजुङ गाउँपालिकाको पार्शचित्र (प्रोफाईल) २०७३**

**मिक्लाजुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७९/०८० र २०८०/०८१**

**मिक्लाजुङ गाउँपालिकाको सामाजिक परिक्षण  २०७८/०७९**

**मिक्लाजुङ गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन २०७९/०८० र २०८०।०८१**

**मिक्लाजुङ गाउँपालिकाको स्थानीय पाठ्यक्रम (१-८)**

**स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू**

**मिक्लाजुङ गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M)**

**स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य**

**सामाजिक उपलब्धि , कार्य सम्पादन परीणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना**

**वार्षिक कार्यक्रमहरू  तथा नागरिक वडापत्र**

**सामाजिक परिक्क्षण कार्यविधि अनुसूची २ र ३ फारम**

**गत आर्थिक वर्षका शाखागत कार्यक्रम तथा कार्य उपलव्धिहरू**

**स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल**

## अन्तरक्रिया कार्यक्रम तथा स्थलगत अवलोकनका क्रममा लिइएका केही दृश्यहरू

मिक्लाजुङ गाउँपालिका वडा नं. १ देखी ८ सम्मका वडा कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू






मिक्लाजुङ गाउँपालिका वडा नं. २ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;





मिक्लाजुङ गाउँपालिका वडा नं. २ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;











मिक्लाजुङ गाउँपालिका वडा नं. ५ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;










मिक्लाजुङ गाउँपालिका वडा नं. ६ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;











मिक्लाजुङ गाउँपालिका वडा नं. ७ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;









मिक्लाजुङ गाउँपालिका वडा नं. ८ को कार्यालय भवन तथा निर्माणा सम्पन्न सडकहरू;









मिक्लाजुङ गाउँपालिका वडा नं. ८ को कार्यालय भवन तथा निर्माण सम्पन्न सडकहरू;











गाउँपालिकाको हाल सञ्चालनमा रहेको तथा पुरानो संरचना तथा नयाँ संरचना र हाल प्रयोगमा रहेको नागरिक बडापत्र ।



